



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक १२७ काठमाडौं | ११ असार २०८३ बिहीबार ज्येष्ठ शुक्लपक्ष एकादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, June 25, 2026 | पृष्ठ १० | १० रुपैयाँ

## रेबिजविरुद्धको खोप अभावले ज्यानकै जोखिम

### निःशुल्क वा न्यून शुल्कमा दिइने खोप सरकारी अस्पतालमा पाइँदैन, निजी औषधि पसलबाट किन्न कमजोर आर्थिक अवस्थाका बिरामीलाई समस्या

**अर्जुन पौडेल** (काठमाडौं)

कुकुर, स्यालजस्ता जनावरले टोकेपछि दिइने रेबिजविरुद्धको खोप (एआरभी) अभावका कारण मानिसले ज्यानै गुमाउन थालेका छन् । स्थानीय स्वास्थ्य संस्थामा खोप नपाएपछि त्यत्तिकै बसेका काठमाडौंकै चन्द्रागिरि नगरपालिकाका एक पुरुषको गत शनिबार मृत्यु भएको हो ।

रेबिजको लक्षण देखिएपछि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल (टेकु) मा भर्ना भएका ४८ वर्षीय ती पुरुषको उपचारका क्रममा मृत्यु भएको हो । उनलाई केही साताअघि कुकुरले टोकेको थियो । परिवारले हेलचेक्र्याइँ गर्दा पनि ती पुरुषको ज्यान गएको चिकित्सकहरूको भनाइ छ । 'नजिकैको स्वास्थ्य चौकीमा खोप उपलब्ध भइदिएको भए सायद उनको ज्यान जाँदैनथ्यो,' ती पुरुषका आफन्तको भनाइ उद्धृत गर्दै शुक्रराज अस्पतालका एक चिकित्सकले भने ।

सरकारी अस्पतालहरूमा निःशुल्क वा न्यून शुल्कमा दिइँदै आएको रेबिजविरुद्ध खोपको अभाव छ । कतै-कतै निजी औषधि पसलमा खोप पाइन्छ तर महँगो पर्ने भएकाले विपन्न तथा कमजोर आर्थिक अवस्थाका बिरामीलाई समस्या भइरहेको छ । समयमै खोप लगाए रेबिजबाट जोगिन सकिन्छ । तर लक्षण देखिएपछि उपचार छैन । कुकुर, स्यालजस्ता जनावरको र्‍यालबाट रेबिज सर्ने गर्छ ।

देशभरका सरकारी अस्पतालमा रेबिजविरुद्धको खोपको चरम अभाव भए पनि यसबारे सूचना बाहिर ल्याउन स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयले कडा रोक लगाएको अधिकारीहरू बताउँछन् । खोप अभावबारे सञ्चारमाध्यममा बोलेका अधिकारीहरूलाई केही दिनअघि मन्त्रालयले सोधपुछ गरी सचेत गराएको एक अस्पतालको इमर्जेन्सी विभागका कर्मचारीले बताए । ती कर्मचारीले भने, 'अवस्था एकदमै गम्भीर छ । हामीसँग कुकुरले टोकेका बिरामीलाई दिने खोपको एउटै डोज छैन । तर यसबारे मिडियामा बोल्न हामीलाई कडा प्रतिबन्ध लगाइएको छ ।' बाँकी पृष्ठ ८



काठमाडौंको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा केही दिनअघि रेबिजको खोप लगाइँदै ।
तस्बिर : दीपक केसी/कान्तिपुर

## ११ जिल्लाका ८७ स्थानमा बर्डफ्लु

### करिब ६ लाख पन्छी, १० लाख अन्डा र २ लाख किलो दाना नष्ट, किसानलाई सरकारले ७५ प्रतिशत राहत उपलब्ध गराउने व्यवस्था भए पनि अझै पाएनन्

**उपेन्द्रराज पाण्डेय** (काठमाडौं)

ललितपुरको गोदावरी नगरपालिका दमाईटारका दीपेन्द्र अश्रुमालीको फार्ममा बर्डफ्लुका कारण ५७ सय कुखुरा गत साता नष्ट गरियो । दीपेन्द्रले आफ्नो फार्ममा रहेको ३५ क्विन्टल दाना र १ हजारजति अन्डासमेत नष्ट गरे । तर पनि सरकारले राहत दिने भनेकाले उनले हरेस खाएका छैनन् । 'झन्डै ६० लाख जतिको क्षति भयो होला, तर सरकारले ७५ प्रतिशत क्षतिपूर्ति दिने भनेकाले राहत मिल्ने ठानेको छु,' उनले भने ।

यतिखेर नेपालका ११ जिल्लामा पन्छीमा लाग्ने बर्डफ्लु (एच फाइभ एन वान) फैलिएको छ । चैत ४ मा मोरङको सुन्दरहरैंचा-४ र उर्लाबारी-८ बाट फैलिएको बर्डफ्लुको 'हटस्पट' बनिरहेको छ, अहिले काठमाडौं उपत्यका । पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार बुधबार मात्र काठमाडौं उपत्यकाका ५ ठाउँमा बर्डफ्लु देखिएको छ । अहिलेसम्म झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रे गरी ११ जिल्लाका ८७ स्थानमा बर्डफ्लु पुष्टि भएको छ ।

काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेमा मात्र 'सक्रिय केस' रहेको विभागले जनाएको छ । बर्डफ्लुबाट प्रभावित करिब ६ लाख पन्छी नष्ट गरिएको विभागको तथ्यांक छ । त्यस्तै ९ लाख ८९ हजार ३ सय १३ वटा अन्डा र १ लाख ९५ हजार ४ सय ८५ किलो दानासमेत नष्ट गरिएको छ ।

केही दिनअघि जावलाखेलस्थित सदर चिडियाखानामा रहेका पन्छीमा समेत बर्डफ्लु पुष्टि भएपछि अनिश्चितकालका लागि चिडियाखाना बन्द गरिएको छ । हालसम्म चिडियाखानामा साना-ठूला गरी ३७ पशुपन्छी मरिसकेका छन् भने २४ वटामा बर्डफ्लु संक्रमण पुष्टि भइसकेको छ । पछिल्लो पटक चाँगुनारायणमा ३, सूर्यविनायक र टोखामा १/१ ठाउँमा संक्रमण पुष्टि भएको छ । बाँकी पृष्ठ ८

**समयमै बर्डफ्लु चिनौं, समस्या निदान गरौं**
डा. मनोजकुमार शाही
पृष्ठ ८

## संघीयताबारे लामिछाने र वाग्लेको प्रस्तावमै अन्तरविरोध

### संघीयता कार्यान्वयन गर्नेभन्दा पश्चगामी बाटोमै फर्कने सन्देश रास्वपाको चितवन महाधिवेशनले दिएको राजनीतिक विश्लेषकको टिप्पणी

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

रास्वपाको चितवनमा जारी महाधिवेशनले पार्टीको वैचारिक दिशाका धेरै विषय प्रस्ट्याए पनि संघीयताको सवालमा भने अझै अन्योलकै अवस्था रहेको चित्रण गरेको छ । सभापति रवि लामिछाने र उपसभापति स्वर्णिम वाग्लेले चितवन महाधिवेशनमा प्रस्तुत गरेका दुई प्रमुख दस्तावेजले संघीयताबारे पार्टीले लिने धारणामा नेताहरूकै बीचमा मतैक्यता बन्न नसकेको देखाएको हो ।

लामिछानेको राजनीतिक प्रस्तावमा 'प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउने र उपराष्ट्रपतिलाई सभाध्यक्ष बनाउने' उल्लेख गर्दै संघीयताका बारेमा भनिएको छ, 'प्रदेशसभा र प्रदेश सरकारको पनि पुनःसंरचनाको पक्षमा छौं ।' आइसकेको संघीयतालाई कसरी प्रभावकारी बनाउने भन्ने मार्गचित्र नदिई 'अमूर्त' रूपमा लामिछानेले एक वाक्यमा पुनःसंरचनाको कुरा उल्लेख गरेका छन् ।

उपसभापति वाग्लेले प्रस्तुत गरेको अर्थ राजनीतिक दस्तावेजमा संघीयता खारेजीसम्मको विषय प्रवेश भएको छ । 'हाम्रो संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्नेछौं । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७ सय ५३ को संख्याको एकतिहाइ कटौती, प्रदेशसभाको खारेजीसहित संघीयताको पुनःसंरचना, न्याय परिषद्लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार र मान्यता प्राप्त राजनीतिक दलको पारदर्शी कोष भरणजस्ता शासकीय सुधारका एजेन्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ,' उनको प्रतिवेदनमा उल्लेख छ ।

- भद्रगोल व्यवस्थापनले महाधिवेशन प्रतिनिधिलाई सास्ती
- रास्वपाको प्रस्तावले फेरि ब्युँतियो प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुख र पूर्ण समानुपातिकको बहस

पृष्ठ २

प्रदेशसभा खारेज गर्ने विषयलाई पार्टीका नेताहरूले विभिन्न समयमा फरकफरक ढंगले व्याख्या गर्दै आएका छन् । एक वर्षअघि उपसभापति वाग्लेले सार्वजनिक कार्यक्रममा प्रदेशसभालाई ठूला दलहरू (तत्कालीन अवस्थामा कांग्रेस र एमाले) ले कार्यकर्ता व्यवस्थापन (पार्किङ) गर्ने थलोका रूपमा चित्रण गर्दै रास्वपाको संख्या र सामर्थ्य पुगेका बेला प्रदेशसभा खारेज गर्ने बताएका थिए ।

पछिल्ला अभिव्यक्तिमा उनले संघीय ढाँचा कायम राख्ने तर अहिलेको संरचना खारेज गरेर प्रदेशसभाको आमूल पुनर्गठन गर्नुपर्ने विकल्प आफूले भन्दै आएको बताउने गरेका छन् । दस्तावेजमा समेत उनले एकातिर संघीयता खारेजीको कुरा उठाएका छन् भने अर्कोतर्फ पुनःसंरचनाको कुरा राखेका छन् ।

'रास्वपाको संख्या र सामर्थ्य पुगेका दिन संघीयता खारेज गरिन्छ' भनेर एक वर्ष अगाडि सार्वजनिक रूपमा बोलिएकै अभिव्यक्तिलाई लिएर २१ फागुनको निर्वाचन अगाडि कान्तिपुरले उनै वाग्लेसँग प्रश्न सोधेको थियो ।

'मेरो प्रस्ट भनाइ संघीयताको सात प्रदेशीय ढाँचा रहन्छ, तर यहाँभित्रका बेथिति, विकृतिहरू हामीले सुधार्नैपर्छ, प्रदेशलाई झन् प्रभावकारी बनाउन पनि यी सुधारहरू आवश्यक छन्, प्रदेशसभाको आमूल सुधारका लागि खारेजी पनि हुन सक्छ, त्यसैले यो छरितो बनाउनुपर्छ भन्ने मेरो भनाइ हो,' अन्तर्वार्तामा उनले भनेका थिए । रास्वपाको निर्वाचनअघि सार्वजनिक गरिएको वाचापत्रमा समेत वर्तमान संघीय अभ्यासलाई 'अधकल्चो' भन्दै सुधार आवश्य भएको उल्लेख छ । बाँकी पृष्ठ २

FOOTBALL WORLD CUP 2026
UNITED STATES - CANADA - MEXICO

**खेल तालिका**

- कुराकाओविरुद्ध आइभोरी कोस्ट — १२ असार, ०१:४५ बजे
- इक्वेडरविरुद्ध जर्मनी — १२ असार, ०१:४५ बजे
- ट्युनिसियाविरुद्ध नेदरल्यान्ड्स — १२ असार, ०४:४५ बजे
- जापानविरुद्ध स्विडेन — १२ असार, ०४:४५ बजे
- टर्कीविरुद्ध अमेरिका — १२ असार, ०७:४५ बजे
- पाराग्वेविरुद्ध अस्ट्रेलिया — १२ असार, ०७:४५ बजे

XTREME ENERGY DRINK

**भित्र**

- ब्रेक्जिटका १० वर्ष : आर्थिक रूपमा थप कमजोर बन्दै बेलायत



- बीपी राजमार्गको नयाँ ट्र्याकमा मध्य असारदेखि सवारी चलाइँदै



- इलामका बन्द चिया उद्योग खोल्न जुट्यो सहमति






G. MOTORS PVT. LTD.
(Authorized Importer & Distributor for Nepal)
Naxal, Narayanchour, Kathmandu | Tel. No. 01-4502500/2700
www.gmotors.com.np | sales@gmotors.com.np

SHOWROOM
Naxal-9851350505 | Bhaktapur(RadheRadhe)-9701010127 Birtamode-9701010115 | Pokhara-9856026787
Itahari-9852085086 | Biratnagar-9701010115

# रास्वपाको भद्रगोल व्यवस्थापनले महाधिवेशन प्रतिनिधिलाई सास्ती

**नेतृत्व चयन प्रक्रिया लम्बिँदा प्रतिनिधि घर फर्कन थाले, पार्टीको भावी दिशा तय गर्ने दस्तावेजहरू छलफलबिनै पारित गरिएकामा असन्तुष्टि**

**महाधिवेशन व्यवस्थापनदेखि आन्तरिक लोकतन्त्रसम्मका प्रश्नले रास्वपाको पहिलो महाधिवेशनमै 'फरक राजनीतिक संस्कार' बसाउने दाबी विफल**






चितवनमा जारी रास्वपाको महाधिवेशनस्थलमा जथाभावी छरपस्ट प्रचार सामग्री र महाधिवेशन प्रतिनिधिहरू । तस्बिर : अंगद ढकाल/कान्तिपुर

**गौरव पोखरेल** (भरतपुर)

फरक राजनीतिक संस्कार बसाल्ने बताउँदै आएको रास्वपाको पहिलो महाधिवेशनमा देखिएको भद्रगोल व्यवस्थापनप्रति प्रतिनिधिहरूले असन्तुष्टि व्यक्त गरेका छन् । बन्दसत्र र निर्वाचन प्रक्रिया पटक-पटक प्रभावित भएर महाधिवेशन लम्बिएपछि कतिपय जनप्रतिनिधि घर फर्कन थालेका छन् । पार्टीको भावी दिशा तय गर्ने राजनीतिक दस्तावेजमाथि समेत पर्याप्त छलफल हुन नपाएको गुनासो पनि प्रतिनिधिहरूले गर्न थालेका छन् ।

रास्वपाको महाधिवेशनमा पुरानै राजनीतिक संस्कारको झल्को देखिएको प्रतिनिधिहरूले बताएका छन् । महाधिवेशन व्यवस्थापनप्रति असन्तुष्ट प्रतिनिधिमध्ये एक हुन् डोटीका विष्णुबहादुर खड्का । 'चितवनमा पार्टीको नयाँ नीति र नेतृत्व चयनको साक्षी बन्ने अपेक्षा गरेको थिएँ, तर बन्दसत्र र निर्वाचन प्रक्रिया पटक-पटक प्रभावित हुँदा बस्नै नसक्ने स्थिति हुन थालिसक्यो,' उनले भने, 'होटलमा बस्न मात्र दिनको दुई हजार तिर्नुपरिरहेको छ, कति दिन धान्ने ?'

जेन-जी आन्दोलनपछि राजनीतिमा सक्रिय भएर रास्वपाको डोटी जिल्ला सचिव बनेका खड्काले महाधिवेशनमा राम्रो व्यवस्थापन नहुँदा आफूजस्ता सयौं प्रतिनिधिले दुःख पाएको बताए । 'देशलाई नै डिजिटाइज गर्ने सिस्टम बनाउँछु भनेर आएको पार्टी हो, यसको चुनावमै फारम भर्नका लागि एक घण्टा, दुई घण्टा लाइन लाग्नुपरेको छ,' उनले कान्तिपुरसँग भने, 'पहिल्यै राम्रो गृहकार्य गर्नुपर्ने थियो, केही तयारी भएको जस्तो देखिँदैन, व्यवस्थापन असाध्यै खराब रहेछ ।'

केन्द्रीय सदस्यमा चार सय हाराहारीको उम्मेवारी परेको र भोटिङ मेसिनमा नाम दर्ता गर्न ७/८ घण्टा लाग्छ भन्ने सुनेपछि आफूलाई दिक्क लागेको उनले बताए । 'देशका लागि केही राम्रो गर्नुपर्छ भन्ने ठानेर म जेन-जी आन्दोलनपछि आफैं राजनीतिमा हाम फालें तर पार्टीको व्यवस्थापन पटक्कै ठीक भएन,' उनले भने । मतदान प्रक्रिया अन्योलमा पर्दा कतिपय प्रतिनिधि घर फर्किनसमेत थालिसकेका छन् । प्रधानमन्त्री वालेन्द्र शाह नै मतदान नगरी परिवारसहित बुधबार काठमाडौं फर्किइसकेका छन् ।

रास्वपाले फरक सन्देश दिने गरी महाधिवेशन गर्ने भनेको थियो । तर आइतबार उद्घाटन सत्रदेखि नै रास्वपाले आफूलाई फरकशैलीमा प्रस्तुत गर्न सकेन । पहिलो दिन नै समय व्यवस्थापनमा पुरानै दलको जस्तो ढिलासुस्ती भयो । उद्घाटन समारोह दिउँसो १ बजे सुरु हुने भनिएको थियो तर पछि २ बजेलाई सारिएको थियो । त्यसमाथि सभापति रवि लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाह आइपुग्दा साढे ३ बजे भएको थियो । त्यसपछि बल्ल कार्यक्रम सुरु भयो ।

३६ डिग्रीको गर्मीमा भएको कार्यक्रमस्थलमा प्रतिनिधिका लागि पर्याप्त पंखा र कुलरको व्यवस्थापन नभएकोप्रति समेत कतिपयले असन्तुष्टि जनाए । कार्यक्रमको आन्तरिक व्यवस्थापन मात्र होइन, केन्द्रीय सदस्यका उम्मेदवारको प्रचार शैलीसमेत पुरानै दलको जस्तो देखियो । प्रतिनिधिको सूची टुंगो नलाग्दै केन्द्रीय सदस्यका आकांक्षीले पर्चा बोकेर मत माग्न सुरु गरे, जबकि निर्वाचनअघि त्यसरी मत माग्नै निषेध गरिएको थियो । पुरानो दलका महाधिवेशनहरूमा झैं महाधिवेशनस्थल वरिपरि प्रचार सामग्री यत्रतत्र छरिए, पानीको बोतलमा समेत प्रचार सामग्री टाँसिए ।

मधेशमा पर्साबाहेकका जिल्लामा अधिवेशन नै नगरी महाधिवेशनमा होमिएको रास्वपाले बन्दसत्रको मुखमा प्रतिनिधिको विवाद खेप्नुपर्‍यो । अन्तिम समयमा पार्टीले कारबाही गरेका नेताहरू प्रतिनिधिको सूचीमा देखिए भने कतिपय सांसदकै नामसमेत महाधिवेशन प्रतिनिधिको सूचीमा देखिएन । सूची मिलाउने क्रममै बन्दसत्र एक दिन लम्बिएको थियो । बन्दसत्रमा सभापति लामिछानेले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा समेत प्रतिनिधिहरूले छलफल गर्न पाएनन् । प्रतिवेदन पेस हुनेबित्तिकै प्रतिनिधिहरूले ताली बजाउनुपर्‍यो ।

कतिपय प्रतिनिधिले रास्वपामा आन्तरिक लोकतन्त्रसमेत नभएको भन्दै प्रश्न उठाएका छन् । रास्वपाका निवर्तमान केन्द्रीय सदस्य रमेश पौडेल छलफलबिनै प्रतिवेदन स्वीकृत हुनु दुःखद् भएको बताउँछन् । 'तपाईंले प्रतिवेदन वाचन सम्पन्न गर्नुभएको र हललाई प्रतिवेदन पारित गर्न आह्वान गर्नुभएको बीचमा करिब सात सेकेन्डको मात्र अन्तर रह्यो,' सभापतिमा लामिछाने पुनः निर्वाचित भएपछि उनलाई सम्बोधन गर्दै पौडेलले सामाजिक सञ्जालमै लेखे, 'यो हिसाबले हेर्दा ४२ सय प्रतिनिधिले सात सेकेन्डमै गरेको 'गहन छलफल' स्वतः गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता हुन योग्य देखिन्छ ।'

अरू प्रतिनिधिलाई पनि बन्दसत्रमा पेस गरिएको प्रतिवेदनमाथि छलफल गर्न मन थियो । मौका नपाएकामा उनीहरू दुःखेसो गरिरहेका छन् । दार्चुलाका महाधिवेशन प्रतिनिधि जनकराज जोशीले ठूलो आशा र अपेक्षासाथ पार्टीको विचार, विमर्शमा भाग लिन पाइन्छ भनेर आएको भए पनि त्यसो हुन नसकेको बताए । 'हामी यहाँ लामो यात्रा गरेर आइपुग्यौं, पार्टीको कार्यदिशा तय गर्ने हलमा हाम्रो सहभागिता हुन्छ भनेर ठूलो अपेक्षा राखेका थियौं,' उनले कान्तिपुरसँग भने, 'तर, बन्दसत्रमा कुनै राजनीतिक दस्तावेजमा छलफल गर्न पाइएन ।'

अर्थमन्त्रीसमेत रहेका तत्कालीन उपसभापति स्वर्णिम वाग्लेले अर्थराजनीतिक प्रस्तावना पेस गर्ने क्रममा प्रदेशसभा खारेजीसहित संघीयताको पुनःसंरचनाको विषय बहसमा प्रवेश गराइसकिएको बताएका थिए । त्यो विचारप्रति आफूहरूको फरक मत रहे पनि भन्न नपाएको जोशीले बताए । 'बन्दसत्रमा अर्थराजनीतिक दस्तावेजमाथि कुनै समूहमा छलफल र बहस भएन,' उनले भने, 'झट्ट त समयको पाबन्दीले ठिकै छ भनेर सहमत हुन सक्छौं । तर अर्थराजनीतिक दस्तावेज संघीयतामाथि नै आक्रमण गर्ने गरी आएको छ । जुन सुदूरपश्चिम, मधेश र कर्णालीका जनताले स्विकार्न सक्दैनन् ।' संविधानमा स्पष्ट लेखिएको अधिकार चलाउँदा त्यसले असन्तुष्टि ल्याउने भएकाले जिम्मेवार पदाधिकारीले त्यसमा पुनरावलोकन गर्नुपर्ने उनको माग छ ।

राजनीतिक विश्लेषक उद्धव प्याकुरेलसमेत वाग्लेको प्रतिवेदनमा समावेश भएको प्रदेशसभा खारेजी, स्थानीय तहको संख्या कटौती जस्ता विषय संविधानमा चलाउनु जटिल हुने बताउँछन् । 'ती विषयमा स्वाभाविक रूपमा प्रदेशहरूमा प्रश्न उठ्छ,' उनले कान्तिपुरसँग भने, 'यस्ता विषयमा पर्याप्त छलफल हुन दिनुपर्छ, नभए त्यसले झन् जटिल परिस्थिति निम्त्याउन सक्छ ।'

वाग्लेको प्रतिवेदनबाट असन्तुष्ट अर्का एक प्रतिनिधिले विचार, विमर्श र छलफललाई पार्टीमा निषेध गर्ने हो भने पुरानो दल र रास्वपामा केही फरक नहुने बताए । 'पुरानो दलमा समेत यसैगरी विचारमा बहसलाई निषेध गरिन्थ्यो,' उनले भने, 'यहाँ पनि त्यही हुने हो भने के फरक राजनीतिक भयो र ?' आफूहरूले के भइरहेको छ भनेर थाहा पाउनलाई सचिवालयसमेत नतोकिएको प्रतिनिधिहरू बताउँछन् ।

रास्वपा कोशी प्रदेश सदस्यसमेत रहेका प्रतिनिधि प्रमोद मण्डल निश्चित मान्छेलाई अगाडि ल्याउने उद्देश्यसहित मतदान पछाडि धकेलेर देशभरिका प्रतिनिधिलाई घर पठाउन खोजिएको आरोप लगाउँछन् । 'टाढाबाट आएका प्रतिनिधि छन्, उनीहरू लामो समय बसिरहन सक्ने स्थिति छैन, धेरै जना घर जाने परिस्थिति बनिरहेको छ,' उनले कान्तिपुरसँग भने, 'आफ्नो नजिकका मान्छेलाई जिताउनलाई प्रपञ्च रचेको हो भन्ने शंका गर्ने ठाउँ दिएको छ ।'

आफूले सभापति लामिछाने र पार्टीको नभई व्यवस्थापनको विरोध गरेको जनाउँदै उनी प्रश्न गर्छन्, 'निर्वाचन आयोग र उसले के कारण यस्तो भइरहेको हो भन्ने जानकारी दिनुपर्छ कि पर्दैन ?'

मण्डलले निवर्तमान सभापति वाग्ले स्वयंलाई बुधबार अपराह्न महाधिवेशनस्थलमा भेटेर गुनासो राखेका छन् । 'मैले उहाँलाई नै सुनाएँ- हामीसँग पैसा छैन, आर्थिक स्थिति नाजुक छ,' उनले थपे, 'धेरै जना घर जान थालिसकेको स्थितिमा मैले उहाँलाई नेतृत्व र अभिभावक मानेर त्यो कुरा भनेको हुँ ।' वाग्ले स्वयं भने आफूसमेत उम्मेदवार भएकाले ढिलाइबारे बुझ्ने क्रममै रहेको बताउँछन् । 'मैले पनि बुझ्नुपर्छ, तर त्यस विषयमा कोही जिम्मेवार हुनुपर्छ,' उनले कान्तिपुरसँग भने ।

रास्वपा नेता गणेश पराजुली महाधिवेशन प्रतिनिधिको विषय मिलाउन समय लागेको र मतदान भने विशुद्ध प्राविधिक विषयका कारण ढिलाइ भएको बताउँछन् । 'विद्युतीय भोटिङ मेसिनबाट मतदान गर्ने व्यवस्था गरिएको छ, तर फारम म्यानुअल रूपमा संकलन गरिएकाले मतदान गर्ने व्यवस्थापन गर्न समय लाग्यो,' उनले कान्तिपुरसँग भने, 'पहिले त रुजु गर्नुपर्‍यो, उम्मेदवारको फोटोदेखि सबै विवरण हेर्नुपर्‍यो । त्यसपछि डिजिटल फर्ममा कन्भर्ट गर्ने प्रक्रियामा बढ्नुपर्ने भयो । यसले निर्वाचन आयोगलाई जटिलता भएको हो ।' नयाँ पुस्ताका राजनीतिक विश्लेषक नवीन तिवारी महाधिवेशनमार्फत अरू दललाई समेत नयाँ संस्कार, शैली र थितिको सन्देश दिने अवसर भए पनि रास्वपा चुकेको बताउँछन् । 'न राजनीतिक दस्तावेजहरूमा छलफल भयो, न समयमा नै कार्यसूची अघि बढ्यो,' उनले भने, 'त्यसैले नयाँ दलको पनि फरकशैली देखिएन ।'

रास्वपामा अरू दलमा झैं सामूहिक उम्मेदवारी घोषणा भएको देखिएको छैन, तर समायोजनापछि गएका र स्थापनाकालदेखि रास्वपामा सक्रिय समूहबीच सुषुप्त असन्तुष्टि देखिन्छ । नेताहरूले सामूहिक उम्मेदवारी निषेध गरिएको बताइरहेका छन् । तर तिवारी भन्छन्, 'खासमा लोकतान्त्रिक दलमा गुट-उपगुट हुन्छ, त्यो भनेको स्वार्थ समूह होइन, वैचारिक समूह हो । अहिलेको अवस्थामा रास्वपामा फरक विचार समूहलाई निषेध गरेको जस्तो अर्थ लाग्छ ।'

कानुनमन्त्रीसमेत रहेकी रास्वपा नेता सोविता गौतम पार्टीका जिम्मेवार अधिकारीहरूले दिनरात नभनी काम गरे पनि व्यवस्थापनका हिसाबले तयारीमा केही सुधार गर्नुपर्ने महसुस भएको बताउँछिन् । उनी भन्छिन्, 'पहिलो अनुभव भएकाले समय ढिला हुने भयो, तर आगामी महाधिवेशनमा अझै धेरै तयारी गरेर आउँछौं ।'

## रास्वपाको प्रस्तावले फेरि ब्युँतियो प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुख र पूर्ण समानुपातिकको बहस

**गंगा बीसी** (काठमाडौं)

रास्वपाको पहिलो महाधिवेशनमा सभापति रवि लामिछानेले मुलुकको शासकीय स्वरूप प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रस्ताव अघि सारेपछि यस विषयमा राजनीतिक वृत्तमा फेरि बहस सुरु भएको छ । सरकारले संविधान संशोधनसम्बन्धी राजनीतिक दललगायत सरोकारवालासँग छलफल गरिरहेको समयमा लामिछानेले महाधिवेशनमार्फत औपचारिक रूपमै यो प्रस्ताव अघि सारेका हुन् ।

यसअघि संविधानसभामा तत्कालीन नेकपा (माओवादी) र मधेशी जनअधिकार फोरमले प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुख कि संसद्बाट प्रधानमन्त्री चयन गर्ने भन्ने विषयमा चर्को बहस गरेका थिए । २०७२ मा संविधान जारी हुँदा संसद्बाटै प्रधानमन्त्री चयन गर्ने विषयमा सहमति भएपछि माओवादीले फरक मत राखेको थियो भने फोरमले संसद् बहिष्कार गरेको थियो । महाधिवेशनमा लामिछानेले शासकीय स्वरूपसँगै पूर्ण समानुपातिक निर्वाचन प्रणालीको प्रस्ताव पनि अघि सारेका छन् । यसअघि यस्तै प्रस्ताव माओवादी र जनता समाजवादी पार्टी (जसपा) नेपालले पनि अघि सार्दै आएका थिए । तर, प्रमुख दलहरू कांग्रेस र एमाले भने संविधानका आधारभूत प्रावधान कायम राख्दै परिमार्जित वा सुधारिएको संसदीय व्यवस्थाकै पक्षमा उभिएका छन् । रास्वपाको महाधिवेशनमा यी दुई विषयले औपचारिक रूपमा प्रवेश पाएसँगै संविधान संशोधनको एजेन्डामाथि थप बहस केन्द्रित हुने देखिएको छ ।

रास्वपाले अहिलेकै निर्वाचन प्रणालीबाट करिब दुईतिहाइ बहुमत ल्याए पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखकै पक्षमा उभिने नीति लिएको छ । 'संविधानमाथि हाम्रा केही फरक धारणा छन्, जुन हामीले पार्टी स्थापनादेखि नै राख्दै आएका छौं, हामी स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारीसहितको प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा छौं,' लामिछानेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'हामी अहिलेको अत्यन्त महँगो निर्वाचन प्रणालीको सट्टा पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा छौं, जसले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गरोस् ।'

यसका साथै रास्वपाले राष्ट्रिय सभालाई गैरदलीय बनाउने प्रस्तावसमेत अघि सारेको छ । 'हामी अहिलेको राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउन र उपराष्ट्रपतिलाई सभाध्यक्ष बनाउने पक्षमा छौं,' लामिछानेको प्रतिवेदनमा उल्लेख छ ।

रास्वपाका पूर्वसहमहामन्त्री विपिन आचार्यले नवनिर्वाचित सभापति लामिछानेले महाधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रस्तावमाथि व्यापक छलफल गरी अघि बढाइने बताए । 'सभापतिको यो प्रस्तावमा व्यापक छलफल गरेर अगाडि बढाउछौं,' उनले कान्तिपुरसँग भने, 'संविधान संशोधन गर्दा प्रत्यक्ष निर्वाचित राष्ट्रपति कि प्रधानमन्त्री हुने भन्ने विषयमा व्यापक छलफल आवश्यक छ ।'

प्रमुख प्रतिपक्षी दल कांग्रेस संविधानमा रहेका लोकतन्त्र, नेपाल राज्यका विशेषताहरू, गणतन्त्र, संघीयता, नागरिक सर्वोच्चता, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुलवादमा आधारित बहुदलीय संसदीय व्यवस्था, शक्ति पृथकीकरण तथा स्वतन्त्र न्यायपालिकामा सम्झौता हुन नसक्ने गरी संविधान संशोधन गर्ने पक्षमा छ । उसले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, विधिको शासन, समानुपातिक समावेशी सिद्धान्त, खुला समाज र मानवअधिकारलगायतका आधारभूत मूल्य-मान्यतामा टेकेर मात्र संविधान बलियो बनाउन सकिने जनाएको छ ।

कांग्रेस उपसभापति एवं संविधान संशोधन कार्यदलकी संयोजक पुष्पा भुसालले प्रधानमन्त्री चयन गर्ने हालकै संसदीय प्रणाली उचित हुने बताइन् । जनताबाट निर्वाचित सांसदहरूले नै प्रधानमन्त्री चयन गर्दा प्रणाली संस्थागत हुन मद्दत पुग्ने उनको तर्क छ । 'हाम्रो सामाजिक स्वरूपअनुसार संसदीय प्रणाली स्थापित भएको छ र त्यहीअनुसार शासन प्रणाली हुनुपर्छ । त्यसैले यही संसदीय प्रणाली सबैभन्दा उचित हुन्छ,' उनले भनिन्, 'यो संविधान मानेर सरकार बनाएपछि संसदीय प्रणालीलाई अझ बलियो हुने गरी संस्थागत गर्न जरुरी छ ।'

प्रत्यक्ष कार्यकारी प्रमुखको विषय संविधानसभाबाट संविधान निर्माणका क्रममा व्यापक बहस भई टुंगिसकेकाले अहिले यो सान्दर्भिक नभएको उनले उल्लेख गरिन् । कांग्रेस र एमाले दुवै सुधारिएको संसदीय व्यवस्थाकै पक्षमा छन् । राजनीतिक स्थिरताका लागि निर्वाचन प्रणालीमा राष्ट्रिय दल हुन आवश्यक 'थ्रेसहोल्ड' पाँच प्रतिशत पुर्‍याउन गठबन्धन सरकारका बेला छलफलसमेत भएको थियो ।

एमाले सचिव पद्मा अर्यालले संविधानका आधारभूत विषयमा टेकेर मात्र संविधान संशोधनको विषयमा छलफल गरिने बताइन् । उनले हालकै शासकीय स्वरूप र निर्वाचन प्रणालीबाट राजनीतिक स्थायित्व सम्भव रहेको दाबी गरिन् । 'हामी सबल संसदीय प्रणालीकै पक्षमा छौं, यही प्रणालीबाट राजनीतिक स्थायित्व सम्भव हुने पछिल्लो निर्वाचनले देखाइसकेको छ,' उनले भनिन्, 'संविधानमा अरू विषयवस्तु संशोधन गर्नेबारे छलफल गर्छौं, जसका लागि हाम्रो विज्ञ समूहले एउटा निष्कर्ष निकाल्नेछ ।' उनले पनि संसदीय प्रणालीलाई नै सुधार गरेर राजनीतिक स्थायित्व ल्याउन सकिने दोहोर्‍याइन् । 'निर्वाचन प्रणालीलाई अझै समृद्ध बनाउन सकिन्छ तर अहिलेको प्रणाली कमजोर होइन, यसलाई बलियो बनाउन छलफलमा छौं,' उनले भनिन् ।

कांग्रेस एमालेले राजनीतिक स्थायित्वका लागि राष्ट्रिय दलका लागि समानुपातिकमा तीनबाट पाँच प्रतिशत पुर्‍याउने गरी संविधान संशोधनमा छलफल गरेका थिए ।

यता नेकपाका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले आफ्नो पार्टी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिककै मुद्दामा कायम रहेको बताए । 'नेकपाले यी मुद्दा छोडेको छैन,' उनले भने, 'यद्यपि, माओवादी र एकीकृत समाजवादीबीचको एकतापछि यसबारे थप औपचारिक छलफल भएको छैन ।'

नेकपाका संयोजक पुष्पकमल दाहाल प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिकको पक्षमा दृढ छन् भने सहसंयोजक माधवकुमार नेपाल संसदीय प्रणाली नै उचित हुने ठान्छन् । नेकपाका अर्का नेता प्रकाश ज्वालाले संयोजक दाहाल र सहसंयोजक नेपालले नै संविधान संशोधनको विषय टुंगो लगाउने बताए । 'शासकीय स्वरूप र निर्वाचन प्रणालीको विषयमा छलफल जारी छ । अरू कुरा संविधान संशोधन कार्यदलले टुंगो लगाएको छ । बाँकी विषय संयोजक र सहसंयोजक बसेर टुंग्याउनु हुनेछ,' उनले भने ।

रास्वपाको आइतबार चितवनमा भएको महाधिवेशनमा शुभकामना दिँदै नेकपा संयोजक दाहालले नेकपा र रास्वपाबीच कैयौं मुद्दामा समानता रहेको बताएका थिए । 'हामीले निरन्तरतालाई क्रमभंग गर्दै राजनीतिक बाटो तय गरेका छौं, समाज रूपान्तरणका एजेन्डामा हामी आफूलाई नजिक पाउँदै छौं,' दाहालको भनाइ थियो ।

जसपा नेपालका नेता मनीष सुमनले संविधान संशोधन गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र पूर्ण समानुपातिक निर्वाचन प्रणालीकै पक्षमा आफूहरू रहने बताए । 'प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख जनताले आफैं चुन्न पाउनुपर्छ । पार्टीको भागबन्डाले गर्दा कहिलेकाहीँ जनताको चाहनाविपरीत संसद्बाट सरकार बन्ने गरेको छ,' उनले भने, 'प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुख वा सरकार प्रमुख भए मात्र राजनीतिक स्थिरता कायम हुन्छ ।'

संविधानसभा कालदेखि नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक प्रणालीको पक्षमा वकालत गर्दै आएका पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले संविधान संशोधन भए राजनीतिक स्थिरता हुनुका साथै सरकार प्रभावकारी हुने बताए । 'प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनु नै सबैभन्दा उचित हुन्छ, रास्वपाले भनेजस्तो प्रत्यक्ष निर्वाचित (प्रधानमन्त्री) प्रमुखले मात्र पूर्ण समाधान दिँदैन,' उनले भने, 'प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीले राजनीतिक स्थिरता दिन्छ ।' पीएन क्याम्पस पोखरा राजनीतिकशास्त्रका प्राध्यापक भीमनाथ बरालले प्रत्यक्ष कार्यकारीले सत्ता र शक्तिको दुरुपयोग गरी निरंकुश हुन सक्ने बताए । 'हाम्रा दलहरूमा राजनीतिक संस्कार परिपक्व भइसकेको छैन । त्यसैले प्रत्यक्ष कार्यकारी राष्ट्र प्रमुख सत्ता र शक्तिको दुरुपयोग गरी निरंकुश हुने जोखिम रहन्छ ।'

## संघीयताबारे लामिछाने...

सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरूबारे 'बहसपत्र' तयार गर्ने कुरा रास्वपाको वाचापत्रमा उल्लेख छ ।

वाचापत्रअनुसार सरकारले प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा १६ चैतमा कार्यदल गठन गरेको थियो । कार्यदलले संविधानमा के-के संशोधन आवश्यक छ भन्नेबारेमा अहिले सरोकारवालाहरूसँग छलफल गरिरहेको छ ।

'राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रारम्भिक छलफलका लागि पेस हुने विषयमा निम्न अवधारणा न्यूनतम पर्नेछन् भन्दै वाचापत्रमा रास्वपाले 'प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप'का मुद्दा राखेको छ ।

राजनीतिक विश्लेषक तुलानारायण साह प्रधानमन्त्रीले चुनावको दौरानमा जनकपुरमा दिएको संघीयतासम्बन्धी विचारलाई कार्यान्वयन गर्ने नीतिमा भन्दा पश्चगामी बाटोमा नै फर्कने सन्देश चितवन महाधिवेशनले दिएको बताउँछन् ।

'धेरैले काठमाडौं र जनकपुरमा पनि सोध्छन्, राष्ट्रिय स्वतन्त्र पार्टीको संघीयता र प्रदेशप्रतिको धारणा के हो ? म भन्छु, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ । प्रदेशको काम एउटा वडामा गएर ५० हजारको धारा जोड्ने मात्र होइन, कम्तीमा तीन-चार वटा पालिकालाई जोड्ने हुनुपर्छ । आज जनकपुरको प्रमुख प्रशासकीय अधिकृत फेर्नुपर्दा काठमाडौं किन जानुपर्ने ? जनकपुर त प्रदेशको राजधानी होइन र ?' ५ माघमा जनकपुरमा आयोजित पार्टीको आमसभालाई सम्बोधन गर्दै शाहले भनेका थिए, 'प्रदेशलाई यति बलियो बनाउनुपर्छ कि काठमाडौं जानै नपरोस्, सबै व्यवस्था प्रदेशमै होस् । काठमाडौं त केवल पशुपतिनाथ र स्वयम्भूको दर्शन गर्न र घुम्न जाने ठाउँ बनोस्, अधिकार माग्न जाने ठाउँ होइन ।'

विश्लेषक साह रास्वपा स्थापनाकालदेखि नै संघीयताको पक्षधर पार्टी नभएको चितवन महाधिवेशनले पुष्टि गरेको बताउँछन् । २१ फागुनको निर्वाचनको दौरानमा संघीयताबारे रास्वपाको धारणा चुनावी रणनीतिमा मात्रै सीमित रहेको बुझाइ उनको छ ।

'यदि रास्वपा पक्षधर हुँदो हो त संघीयता कार्यान्वयनको दस वर्षका क्रममा यसको मुख्य विवाद केमा छ ? किन प्रभावकारी र सशक्त हुन सकेन भनेर समस्या केलाउने र समाधानका उपाय देखाउने काम हुन्थ्यो,' साह भन्छन्, 'अभ्यासबाट के पुष्टि हुन्छ भने संघले प्रदेशहरूलाई अधिकार दिएन । प्रहरी र निजामती कर्मचारी समायोजन गर्न आवश्यक कानुन दिइएन । यसले संघीयता पंगु भयो भनेर सशक्त कुरा उठ्थ्यो । चितवन महाधिवेशनले ब्रेक थ्रु गरेर अघि बढ्न सक्दथ्यो । तर, अहिले ब्रेक थ्रु होइन । अलमलाउने काम भएको छ । अलमलाउने भनेकै रास्वपा संघीयताको पक्षधर पार्टी होइन भन्ने हो ।'

चितवन महाधिवेशनमा प्रस्तुत दुई दस्तावेजले वरिष्ठ नेता तथा प्रधानमन्त्री वालेन्द्र शाहले चुनावी दौरानमा दिएको अभिव्यक्तिसमेत रणनीतिक रहेको स्पष्ट पारेको विश्लेषक साह बताउँछन् ।

'सुरुदेखि नै रास्वपाको संघीयता मात्रै नभएर विचार, दर्शन, संविधानले परिकल्पना गरेका सबै संरचनामा स्पष्टता देखिएको थिएन । जतिबेला जे कुरा लोकप्रिय हुन्छ, त्यही कुरा उल्लेख भएको थियो,' उनले भने, 'चुनावका बेलासम्मलाई रणनीति भन्न सकिन्थ्यो । तर, चुनाव सकिएपछि र सरकार गठन गरेपछि पनि संघीयताका सवालमा त्यही कुराको निरन्तरता देखियो । यसले संघीयताप्रति वैचारिक धार स्पष्ट देखिएन ।' उनले महाधिवेशनका प्रतिनिधिहरूले पनि सभापति र उपसभापतिको प्रतिवेदनको गहन अध्ययन नगरेको बताए ।


## वर्गीकृत डिस्प्ले

**अफिस भाडामा**

बैकको पुरै फर्निचर रहेको डेकोरेशन सहित स्पेश भाडामा

विशेष गरी बैक, वित्तिय संस्था, ईन्सुरेन्स र अन्य अफिसहरुको लागि उपयुक्त छ ।

कपुरधारा प्राईम बैक लि. अगाडि

सम्पर्क नं. ९८५१०९९७२९

**घर बिक्रीमा**

महाराजगञ्ज निर्मल निवास पछाडी ५ आना क्षेत्रफलमा बनेको 1BHK फ्ल्याट सिस्टमको १ तल्लामा २ फ्ल्याट भएको भर्खर २०७८ सालमा बनेको नयाँ घर ३ तल्लामात्र निर्माण सम्पन्न भएको मापदण्ड अनुसार ६ तल्लासम्म बनाएर भाडा खान मिल्ने घर ६ करोड मात्र ।

डाईरेक्ट जग्गा धनी सम्पर्क: नं. ९७१४५२७८३७

नोट: ६ तल्ला बनाउँदा प्रति महिना ३ लाख भाडा निश्चित छ ।

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**

श्याम श्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

रास्वपा महाधिवेशन

# ९९ केन्द्रीय समितिका लागि ३८४ उम्मेदवार

**जयसिंह महरा** (चितवन)

रास्वपाको चितवनमा जारी महाधिवेशनमा पहिलो चरणमा केन्द्रीय सदस्यका लागि बुधबार राति साढे १० बजेदेखि बिहीबार बिहान १० बजेसम्म मतदानको समय निर्धारण गरिएको छ। ९९ केन्द्रीय सदस्यका लागि ३ सय ८४ उम्मेदवार छन्। सभापतिमा रवि लामिछाने मंगलबार नै निर्विरोध भइसकेका छन्। वरिष्ठ नेतामा प्रधानमन्त्री वालेन्द्र शाह निश्चित छन्।

तीन उपसभापतिमध्ये खुला उपसभापतिमा अर्थमन्त्रीसमेत रहेका नेता स्वर्णिम वाग्लेले उम्मेद्वारी दिएका छन्। महिला उपसभापतिमा नेता सोविता गौतम, लिमा अधिकारी र डा. तोसिमा कार्कीको नाम चर्चामा छ। यी तीनै नेता केन्द्रीय सदस्यका उम्मेदवार छन्। कार्कीले भने महिला उपसभापति नभए महामन्त्रीमा पनि उम्मेदवारी दिने चर्चा छ। महिला उपसभापतिमा प्रतिभा रावलले उम्मेदवारी दिने सम्भावना रहेकामा उनले केन्द्रीय सदस्यमा नै उम्मेदवारी दिएकी छैनन्। रावल मनोनीत सहमहामन्त्री वा अन्य पदाधिकारी पदमा बस्ने सम्भावना छ।

निवर्तमान उपसभापति वाग्लेले गण्डकी प्रदेश खुलातर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् भने परराष्ट्रमन्त्री शिशिर खनालले खुलातर्फ उम्मेदवारी दिएका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बागमती प्रदेश खुलातर्फ उम्मेदवारी दिँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले खुला महिलातर्फबाट उम्मेदवारी दिएकी हुन्।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादीले कर्णालीबाट उम्मेदवारी दिँदा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले कोशीबाट उम्मेदवारी दिएकी छन्। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खुला केन्द्रीय सदस्यमा उम्मेदवारी दिँदा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले सुदूरपश्चिम खुलातर्फ केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएकी छन्। युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले खुला मधेशी समूहबाट उम्मेदवारी दिएका छन्।

रास्वपा विधानमा ५१ सदस्यलाई केन्द्रीय समितिमा सभापतिले मनोनीत गर्ने अधिकार दिएको छ। सोही प्रक्रियाबाट केन्द्रीय सदस्य हुँदै पदाधिकारी बन्ने लाइनमा रहेका नेताहरूले उम्मेदवारी दिएका छैनन्। नेताहरूलाई समायोजन गर्न सभापतिले मनोनीत गर्ने केन्द्रीय सदस्य र पदाधिकारी संख्या बढाइएको हो।

गत १३ पुसमा रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरका तत्कालीन प्रमुख वालेन्द्र शाहबीच भएको ७ बुँदे सहमतिसँगै पार्टीमा समाहित भएका २६ केन्द्रीय सदस्य तथा पदाधिकारीमध्ये १६ जनाले केन्द्रीय सदस्यमा उम्मेदवारी नदिएका हुन्। तीमध्ये सांसद निर्वाचित भएकासहित केहीले चुनावी प्रतिस्पर्धाका लागि उम्मेदवारी दिएका छन् भने बाँकीले उम्मेदवारी नदिएका हुन्। उम्मेदवारी नदिनेमा सुनील लम्साल, भूपदेव शाह, लक्ष्मण थारू, रमेश पौडेल, सन्तोष गिरी, सरिता ज्ञवाली, जेम्स कार्की, लक्ष्मी बर्देवा, अनन्तराज घिमिरे, रामकुमार ढुंगाना, प्रदीप ज्ञवाली, मधुसुधन ढकाल, ओजस्वी थापा, आदित्य आचार्य, प्रदीप पाण्डे, खेमराज साउदलगायत छन्।

रास्वपाबाट चुनाव लडेर गृहमन्त्री बनेका गृहमन्त्री सुधन गुरुङले समेत उम्मेदवारी दिएका छैनन्। वालेन्द्र पक्षका एक नेता भन्छन्, 'यो एकताको अधिवेशन पनि हो, हाम्रोतर्फबाट महाधिवेशन प्रतिनिधि भनेर कहिल्यै बेग्लै दाबी गरिएको छैन। त्यस्तोमा यस पटक मनोनीतबाट जाने कुरा भएको छ।'

रास्वपामा वालेन्द्र समूहबाट लम्साल मनोनीत उपसभापति र शाह मनोनीत महामन्त्री बन्ने चर्चा छ। सभापतिले मनोनीत गर्ने केन्द्रीय सदस्य र पदाधिकारीमा शाह पक्षसँगै विवेकशील साझा, थारुहट आन्दोलनबाट समायोजित पक्षसमेत समेटिनेछ।

> **तीन उपसभापतिमध्ये खुलातर्फ स्वर्णिम वाग्लेले उम्मेदवारी दिएका छन्। महिला उपसभापतिमा सोविता गौतम, लिमा अधिकारी र डा. तोसिमा कार्कीको चर्चा छ।**

यता, प्रधानमन्त्रीको सचिवालयका तीन जना रास्वपाको केन्द्रीय सदस्य उम्मेदवार बनेका छन्। प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार असिम शाह, प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकाल र स्वकीय उपसचिव प्रकृति ढकाल रास्वपाको केन्द्रीय सदस्यका उम्मेदवार बनेका हुन्। प्रमुख राजनीतिक सल्लाहकार शाहले रास्वपाको खुला मुस्लिम समावेशी 'क्लस्टर'तर्फ उम्मेदवारी दर्ता गराएका हुन्।

प्रधानमन्त्रीका नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकालले पनि रास्वपा केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गराएका छन्। प्रधानमन्त्रीको सचिवालयमा स्वकीय उपसचिवको पदमा कार्यरत प्रकृति ढकालले पनि रास्वपा केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गराएकी छन्।

महिला उपसभापतिदेखि सहमहामन्त्रीसम्मका निर्वाचन हुने पदमा रास्वपाका संस्थापनदेखि नै लागेका नेताहरूबीच प्रतिस्पर्धा हुने देखिएको छ। रास्वपा पदाधिकारीको संख्या १९ पुऱ्याइएको छ। पदाधिकारीमा सभापति १, वरिष्ठ नेता १, उपसभापति ३ (१ महिला र १ मनोनीत), महामन्त्री २ (१ मनोनीत), सहमहामन्त्री ५ (१ महिला, २ मनोनीत), प्रवक्ता १, सहप्रवक्ता ३ (१ महिला), कोषाध्यक्ष १, सहकोषाध्यक्ष २ (१ महिला) छन्।







## सम्पादकीय

# सुकुमवासीमाथिको बलजफ्ती बन्द गर

सुकुमवासीलाई राखिएका होल्डिङ सेन्टरमा सरकारले टाँसेको सूचनाले त्रास र अन्योल सिर्जना गरेको छ। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले मंगलबार सूचना जारी गर्दै १२ असारभित्र सुकुमवासीलाई होल्डिङ सेन्टर खाली गर्न भनेपछि उनीहरूको बिचल्ली हुने सम्भावना बढेको छ। यो सूचना १२ वैशाखमा नदी किनाराका बस्तीमा डोजर र सुरक्षाकर्मी लैजानुअघि सरकारले निकट समयमा उचित व्यवस्थापन गर्ने भनेर दिएको आश्वासनकै विपरीत कदम हो। दुई महिनासम्म स्थायी बसोबासको प्रबन्ध गर्न नसकेको सरकारले सार्वजनिक क्षमायाचना गर्नुको सट्टा 'अल्टिमेटम' दिँदै होल्डिङ सेन्टरबाट निकाल्न खोजेको छ। जबकि, उनीहरू वास्तविक सुकुमवासी भएको करिब प्रस्ट छ र उनीहरूप्रति सरकारको दायित्व रहन्छ। तर १२ वैशाखमा हतारमा सुकुमवासी बस्तीबाट हटाइँदा ज्यादती गरिएको भनेर आलोचना खेपेको सरकारले आफ्ना कमजोरीबाट पाठ सिकेको छैन। बरु फरकफरक ढंगले गल्ती नै दोहोर्‍याइरहेको छ। यसले समाजका तल्लो वर्गप्रति सरकारको सोच प्रकट गर्छ।

सरकारले राहत रकम २५ हजार रुपैयाँ दिने निर्णय गरेकाले १२ असारभित्र होल्डिङ सेन्टर छाड्न निर्देशन दिइएको छ। सूचनामा घरभाडाका लागि तीन महिनाका निम्ति तोकिएको रकम मासिक रूपमा किस्ताबन्दीमा बैंक खातामा उपलब्ध गराइने उल्लेख छ। सरकारको सूचना यथावत् रहेमा अब सुकुमवासीका परिवारले २५ हजार लिएर कोठा खोज्नुपर्नेछ र मासिक १५ हजारले गुजारा चलाउनुपर्नेछ। नदी किनाराबाट हटाएर होल्डिङ सेन्टर पुर्‍याइने बेलामा धेरै सुकुमवासीले आफ्ना सामान स्याहार्न पाएका थिएनन्। उनीहरू वर्षौंदेखिको नियमित बसाइबाट विच्छेद भएर सरकारको निगरानी र सरकारकै 'सेड्युल' को खानपिनमा बस्न बाध्य भएका थिए। सुरुवातमा सुत्केरी अवस्थाका महिलालगायत अतिरिक्त स्याहार चाहिने वर्गले समेत कष्टकर दैनिकी व्यतित गर्नुपरेको थियो। तैपनि उनीहरू परिस्थितिलाई सहन बाध्य थिए। किनकि, उनीहरूसँग विकल्प थिएन। अर्कोतर्फ, सरकारले स्थायी व्यवस्थापन गरिदिने आशा पनि थियो। मंगलबारको सूचनाले यो स्थितिलाई खण्डित गरिदिएको छ। सुकुमवासीलाई अर्को दुःखमा होम्ने सम्भावना बढाएको छ।

सरकारले दिने भनेको २५ हजारले काठमाडौंमा कोठा व्यवस्थापन गर्न सकिँदैन। साथै, १५ हजारले मासिक खर्च पनि पुर्‍याउन सकिँदैन। सुकुमवासी बस्तीमा बस्दै गर्दा धेरै परिवारसँग धेरथोर आम्दानी हुने रोजगारी थियो। त्यसैअनुसार बिरामीको उपचारदेखि बालबालिकाको शिक्षासम्मको व्यवस्थापन भएको थियो। तर होल्डिङ सेन्टर लगिएपछि रोजगारी टुट्यो। धेरै बालबालिकाको पढाइ पनि छुट्यो। उनीहरू मानिसक रूपमा बिथोलिए। कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा बस्दै आएका एक जना बिरामीको निधन नै भयो। यस्ता सन्दर्भले सरकारी योजनाका कमजोरी प्रस्ट्याउँछन्। यसबाट पाठ सिकेर सरकारले वयस्कलाई रोजगारीसँग जोड्ने, बालबालिकाको पढाइलाई निरन्तरता दिलाउने र छिटोभन्दा छिटो स्थायी बसोबासको व्यवस्था गर्ने जस्ता काम गर्न सक्थ्यो। उनीहरूलाई केही निश्चित समयसम्मका लागि आर्थिक सहुलियत दिन सक्थ्यो। यो सबै विषय निम्नवर्गप्रति राज्यले देखाउनुपर्ने अभिभावकत्व र दिनुपर्ने भौतिक-आर्थिक-मानसिक सुरक्षाका अनिवार्य सर्त हुन्। तर, सरकारले छोटो सूचनाका आधारमा त्रास र अन्योल सिर्जना गर्ने कामलाई प्राथमिकता दिएको छ।

सरकारको अर्को कमजोरी प्रक्रियाका विषयमा प्रस्टसँग नभन्ने वा उचित संवाद नगर्ने स्वभावमा पनि देखिन्छ। नदी किनारको सुकुमवासी बस्तीबाट हटाउनुअघि उनीहरूसँग संवाद नै गरिएन। उनीहरूलाई सरकारले के गर्न लागेको हो, त्यसक्रममा के-के हुन्छ, सुकुमवासीको सवाल के छ भनेर भनिएन। उचित व्यवस्थापनका लागि पर्याप्त समय पनि दिइएन। प्रधानमन्त्री वालेन्द्र शाहले त्यतिबेला सामाजिक सञ्जालमार्फत बर्खाबाट बचाउन हतारमा बस्ती सार्नुपरेको बताएका थिए। १७ जेठमा प्रतिनिधिसभामा बोल्दै उनले देशभरि कतै पनि एक धुर, एक आना जग्गा पनि नहुनेलाई जग्गाको व्यवस्थापन सरकारले गर्नुपर्ने र गर्ने बताएका थिए। होल्डिङ सेन्टरमा बसेकाहरूको अपेक्षा पनि त्यही थियो, त्यहाँबाटै उनीहरूलाई स्थायी व्यवस्थापन गरिन्छ। तर बर्खाको समय झन् नजिकिँदै गर्दा होल्डिङ सेन्टरबाट हटाउन लागिएको छ। तर, प्रधानमन्त्रीको पार्टी रास्वपाको चितवनमा आयोजित महाधिवेशनमा 'सामाजिक लोकतन्त्र' को वकालत हुँदै गर्दा काठमाडौंलगायत होल्डिङ सेन्टरमा 'अल्टिमेटम' टाँसिनु संयोग हो कि योजनाबद्ध? निम्नवर्गको कष्टपूर्ण जीवनमा झन् कष्ट थप्ने विषय 'सामाजिक लोकतन्त्र' को परिभाषामै पर्छ? सत्तापक्षको जवाफ अपेक्षित छ।

सुकुमवासीको सवालमा सुरुदेखि गलत भइरहेको थियो। सरकारले सुकुमवासीको प्रमाणीकरण र व्यवस्थापनको मोडल अख्तियार गर्नुपर्ने थियो। तर डोजर र सुरक्षाकर्मीको आडमा बस्तीबाट हटाइछाड्ने रणनीति लियो। त्यसपछि पनि उनीहरूलाई मानवोचित व्यवहार गरिएन। प्रतिष्ठाको ख्याल गरिएन। त्यही प्रक्रिया अहिलेसम्म जारी छ। परिपक्व योजना र व्यावहारिक तयारीबिना नै सुरु गरिएको योजनामा जहाँतहीं समस्या देखिएका छन्। तर सरकारले आफ्नो शैलीलाई सुधार गरेको छैन। जबकि, सुकुमवासीलाई पहिले पनि राज्यको अतिरिक्त अभिभावकत्व चाहिएको थियो, अहिले पनि चाहिन्छ। भरोसा चाहिन्छ। सूचना चाहिन्छ। राज्यले उनीहरूसँग संवाद गर्नुपर्छ। विश्वास दिलाउनुपर्छ। तर सरकारका अधिकारी 'असार मसान्तमा बजेट फ्रिज हुने अवस्था आएकाले छोटो समय दिनुपरेको' भनिरहेका छन्। मानौं, मानव जीवनको सुरक्षा र प्रतिष्ठाभन्दा आर्थिक वर्षको दायरा ठूलो हो, फ्रिज हुन सक्ने बजेट ठूलो हो। समग्रमा, १२ वैशाखदेखि १२ असारसम्मको सरकारी शैली अनेकौं कमजोरीले ग्रस्त छन्। तिनमा सरकार स्वयंको समीक्षा र सुधार अनिवार्य छ। बलजफ्ती होइन, विश्वास दिलाएर परिणाम निकाल्नुपर्छ।

# खेतको आलीमा बदलिएको सत्ताको कथा



डेटलाइन तराई

चन्द्रकिशोर

(राजनीतिक विश्लेषक चन्द्रकिशोर कान्तिपुरका स्तम्भकार हुन्)



तस्बिर : चन्द्रकिशोर

सर्लाही बलराको जब्दी गाउँ जाँदा थाहा भयो, दिनेश सहनी (५६) अब गाउँका अन्तिम हरवाह (हलो जोत्ने) रहेछन्। मलाई लाग्यो, गाउँमा एउटा पुरानो शब्द अझै बाँकी रहेछ। दिनेशसँग दुई वटा गोरु छन्- एउटा सेतो, अर्को गेरुआ। गोरु हेर्दा लाग्छ- बिहान र बेलुका एउटै डोरीले बाँधिएका छन्। दिनेश गोरुलाई नामले बोलाउँछन् कि बोलाउँदैनन्? मैले सोधिनँ। तर, गोरुले उनको आवाज चिन्छ भन्नेचाहिँ देखियो।

दिनेशका बुबा पनि हरवाह थिए। उनले पनि अरूका खेत जोते। माटोको रङ बदलियो होला, मौसम बदलियो होला। तर, हलोको फालले कोर्ने रेखा उस्तै रह्यो। गरिबी पनि धेरै हदसम्म उस्तै रह्यो। गाउँको कृषि संरचनामा हरवाहको भूमिका साह्रै कठिन तर महत्त्वपूर्ण थियो। तर, त्यसको आर्थिक प्रतिफल सीमित थियो। श्रम पुस्तान्तरण भयो, सम्पत्ति भएन। दिनेशले पनि बुबाबाट हलो जोत्न सिके तर उनले बुबाको नियति दोहोर्‍याएनन्।

गाउँमा ट्र्याक्टर आएको छ। ट्र्याक्टरको आवाज टाढासम्म जान्छ। गोरुको पाइला त्यति टाढा सुनिँदैन। तर कतिपय कुरा आवाजले होइन, उपस्थितिले बाँच्छन्। दिनेशका गोरु अझै खेतमा पुग्छन्। बिहान उनी हलो जोत्छन्। दिउँसो टायर गाडी चलाउँछन्। दुई गोरुले बिहान माटो तान्छन्, दिउँसो जिन्दगी। एउटै पुँजीले दुई वटा रोजगारी सिर्जना गरेको छ। कहिलेकाहीँ लाग्छ, दिनेशले गोरु पालेका होइनन्, गोरुले दिनेशलाई पालिरहेको छ।

सामान्य बुझाइ के छ भने ट्र्याक्टर आएपछि हरवाहको आवश्यकता समाप्त हुन्छ। तर, गाउँको अर्थतन्त्र त्यति सरल हुँदैन। गाउँमा ट्र्याक्टर आएपछि हलो जोत्न सक्ने मानिसको संख्या झन् तीव्र गतिमा घट्यो। युवाहरू वैदेशिक रोजगारीमा गए, मजदुरीका नयाँ अवसर खोजे। हलो जोत्न सक्ने सीप दुर्लभ बन्दै गयो। यही दुर्लभताले दिनेशलाई नयाँ मूल्य दियो।

दिनेश भन्छन्, 'म पढेको मान्छे होइन। मिहिनेत गर्न जान्दछु।' उनले यो कुरा यसरी भने, मानौं घामले आफू उज्यालो भएको घोषणा गरेको हो। कुनै गर्व थिएन, कुनै गुनासो पनि थिएन। समयले उनको पेसा पुरानो बनायो तर त्यही पुरानोपनले उनलाई आवश्यक पनि बनाइदियो। मैले सोचिरहें, दिनेशपछि के हुन्छ? यो वाक्य ग्रामीण नेपालका बदलिँदा श्रम सम्बन्धहरूको सानो सारांश हो। सीप हराउँदै जाँदा त्यसको मूल्य बढ्न सक्छ। तर, त्यससँगै एउटा प्रश्न पनि उठ्छ- दिनेशपछि के? उनका छोराहरूले हलो जोत्न सिकेका छैनन्। गाउँका अरू युवा पनि यो पेसातिर फर्कने सम्भावना कम छ। त्यसैले दिनेश केवल एक व्यक्ति होइनन्, एउटा युगका अन्तिम प्रतिनिधि हुन्।

विकासका तथ्यांकले ट्र्याक्टरको संख्या गन्न सक्छन् तर दिनेश सहनीजस्ता मानिसको संख्या गन्न सक्दैनन्। जबकि गाउँको वास्तविक परिवर्तन त्यहीं लेखिएको हुन्छ। जहाँ एउटा पेसा हराउँदै छ, एउटा सीप दुर्लभ बन्दै छ र एउटा मानिस समयको परिवर्तनसँग जुध्दै आफ्नो ठाउँ जोगाइरहेको छ। दिनेश सहनी गाउँका अन्तिम हरवाह मात्रै होइनन्। उनी हामीलाई सम्झाइरहेका छन् कि विकासको कथा मेसिनले मात्रै लेख्दैन। त्यसको अर्को पाटो श्रमिकका हात, गोरुको पाइला र माटोको गन्धले पनि लेख्छ।

सायद ट्र्याक्टर अझ बढ्नेछ। खेत जोतिनेछ। बाली फल्नेछ। तर, गाउँको एउटा दृश्य हराउनेछ- माटो चिर्दै अघि बढ्ने दुई गोरु र गोरु पछाडि हलो समातेको एउटा मानिस। गाउँबाट धेरै कुरा हराउँदा हामीलाई थाहा हुँदैन। तर, कहिलेकाहीँ एउटा मानिस बाँकी रहँदा थाहा हुन्छ- एउटा समय अझै पूरा हराएको छैन। दिनेश सहनी त्यही बाँकी रहेका समय हुन्।

गाउँमा परिवर्तन नाप्ने आफ्नै तरिका हुन्छ। सहरका मानिसले त्यसलाई जीडीपी, उत्पादन वृद्धि, उत्पादकत्व र विकास दरका तथ्यांकमा खोज्छन्। तर, गाउँलेले परिवर्तनलाई आवाजबाट चिन्छ। कहिल्यै बिहान-बेलुका घण्टीको टनटन सुनिन्थ्यो, आज डिजेल इन्जिनको घरघराहट सुनिन्छ। प्रश्न यो होइन कि बैलगाडीदेखि ट्र्याक्टरसम्म पुग्नु प्रगति हो कि होइन? प्रश्न हो- यो यात्रामा को अघि बढ्यो र को पछाडि छुट्यो?

कृषिमा बैलगाडीदेखि ट्र्याक्टरतर्फको संक्रमण केवल प्राविधिक परिवर्तन होइन। यो अर्थशास्त्र, राजनीति, समाजशास्त्र र सत्ता सम्बन्धको गहिरो कथा हो। खेतमा चल्ने ट्र्याक्टरले केवल माटो जोत्दैन, ग्रामीण समाजको संरचना पनि जोतिदिन्छ। बैल किसानको सम्पत्ति पनि थियो, साथी पनि। बैल मर्दा किसान शोक गर्थ्यो। ट्र्याक्टर बिग्रँदा किसान मिस्त्री खोज्छ। सम्बन्धको स्वरूप फेरिएको छ। ट्र्याक्टरले उत्पादन बढायो, खेत छिटो जोत्यो, समय बचायो। यसमा विवाद छैन। तर, हरेक प्राविधिक परिवर्तनले शक्ति र स्रोतको पुनर्वितरण पनि ल्याउँछ।

गाउँमा सबैभन्दा पहिले ट्र्याक्टर कसले किन्यो? प्रायः उसैले, जससँग पहिले नै धेरै जमिन, धेरै पुँजी र धेरै राजनीतिक पहुँच थियो। ट्र्याक्टर खेतमा आउनुअघि सत्ताको आँगनमा आयो। त्यो केवल मेसिन थिएन, प्रतिष्ठाको प्रतीक थियो। जसको घर अगाडि ट्र्याक्टर उभिन्थ्यो, गाउँमा उसको हैसियत फेरिन्थ्यो। बिस्तारै ट्र्याक्टरले खेतको जोताइसँगै ग्रामीण अर्थतन्त्रलाई पनि पुनर्गठन गर्न थाल्यो। साना किसान, जो पहिले बैलको भरमा खेती गर्थे, अब ट्र्याक्टर भाडामा लिन थाले। खेतीको लागत बढ्यो। डिजेल, मर्मत, कर चुक्ता र बैंक ऋणको नयाँ चक्र सुरु भयो। पहिले किसानको सम्बन्ध प्रकृतिसँग थियो। अब उसको सम्बन्ध बजारसँग पनि गाँसियो। यहीँबाट अर्थशास्त्र राजनीति बन्न थाल्छ।

किनभने ट्र्याक्टरले मेसिन मात्रै ल्याउँदैन, ऋण पनि ल्याउँछ। र, ऋणले ब्याज मात्रै ल्याउँदैन, निर्भरता र अनिश्चितता पनि ल्याउँछ। थोरै जमिन भएका किसानका लागि ट्र्याक्टर सुविधा कम, बाध्यता बढी बन्न सक्छ। धेरै गाउँमा कृषियन्त्रको बढ्दो प्रयोगले खेत-मजदुरको माग घटाएको देखिएको छ। जोताइ, ढुवानी र अन्य काममा श्रमको आवश्यकता कम भयो। खेत मजदुरीमा निर्भर भूमिहीन परिवारका लागि यो परिवर्तन सधैं सुखद भएन। प्रविधि तटस्थ हुँदैन। यसको लाभ र हानि बराबरी बाँडिँदैन। त्यसैले विकासको प्रत्येक कथासँग विस्थापनको एउटा लुकेको कथा पनि जोडिएको हुन्छ।

ट्र्याक्टरले बैललाई खेतबाट हटायो। तर, बैल मात्रै हटेनन्। पशुपालनमा आधारित परम्परागत अर्थतन्त्र पनि कमजोर भयो। गोबरको उपलब्धता घट्यो। जैविक मलको चक्र टुट्यो। रासायनिक मलमाथिको निर्भरता बढ्यो। कृषि र पशुपालनबीचको त्यो सहजीवी सम्बन्ध, जसले शताब्दीयौंसम्म ग्रामीण जीवन धानेको थियो, बिस्तारै कमजोर हुँदै गयो। यस परिवर्तनको राजनीतिक पक्ष अझ रोचक छ।

सरकारहरू ट्र्याक्टरलाई विकासको प्रतीक मान्छन्। चुनावी सभामा ट्र्याक्टर वितरणका घोषणा हुन्छन्। कृषि आधुनिकीकरणका नाममा अनुदान बाँडिन्छ। मन्त्रीहरूले ट्र्याक्टरको साँचो हस्तान्तरण गर्दै गरेका

> सर्लाही बलराको जब्दी गाउँका अन्तिम हरवाह दिनेश सहनी (५६) को गोरु अझै खेतमा पुग्छ। बिहान उनी हलो जोत्छन्, दिउँसो टायर गाडी चलाउँछन्। गोरुले बिहान माटो तान्छ, दिउँसो जिन्दगी। दिनेशले गोरु पालेका होइनन्, गोरुले दिनेशलाई पालिरहेको छ।

तस्बिरहरू सार्वजनिक हुन्छन्। तर, विरलै कसैले सोध्छ- कति साना किसान त्यस्तो अनुदानसम्म पुगे? कति किसान ट्र्याक्टर किन्न ऋणमा डुबे र पछि बेच्न बाध्य भए? विकासको तस्बिरमा मेसिन देखिन्छ, ऋणले थिचिएको किसान देखिँदैन। विकासको लाभ र लागत फरक-फरक वर्गले बेहोरेका कारणले हो- लाभ माथि गयो, लागत तल झर्‍यो। ट्र्याक्टरको कथा पनि यस्तै हो।

खेतीलाई आधुनिक प्रविधि चाहिन्छ। हलो-बैलको युगमा फर्कन सम्भव पनि छैन, आवश्यक पनि छैन। तर, प्रविधि त्यतिबेला मात्रै लोकतान्त्रिक हुन्छ, जब त्यसको लाभ व्यापक रूपमा बाँडिन्छ। अन्यथा त्यसले असमानता अझ गहिरो बनाउँछ। आज गाउँका बाटामा बैलगाडी कम र ट्र्याक्टर बढी देखिन्छन्। धेरैले यसलाई विकासको तस्बिर भन्छन्। तर, ध्यान दिएर हेर्दा यो केवल मेसिनको परिवर्तन होइन- ग्रामीण शक्ति सन्तुलन, श्रम सम्बन्ध, ऋण संरचना, वातावरणीय दिगोपन र सामाजिक न्यायको पनि कथा हो।

कुनै गाउँको विकास त्यहाँ कति ट्र्याक्टर छ भनेर होइन, कति किसान सम्मानपूर्वक खेती गर्न सक्छन्, कति मजदुरले रोजगारी पाउँछन् र कति परिवार ऋणको बोझबिना बाँच्न सक्छन् भनेर मापन गरिनुपर्छ। हलो-गोरुदेखि ट्र्याक्टरसम्मको यात्रा इतिहासका आवश्यकता हुन सक्छन्। तर, यसको मूल्यांकन इन्जिनको 'हर्सपावर' ले होइन, मानिसको जीवन स्थितिले गर्नुपर्छ। किनभने खेतमा दौडिरहेका मेसिन सधैं विकासका साक्षी हुँदैनन्। कहिलेकाहीँ तिनले ती आवाज पनि ढाकिदिन्छन्, जो सोधिरहेका हुन्छन्- विकास आखिर कसका लागि?

ट्र्याक्टर राम्रो कि नराम्रो? यो प्रश्न मुख्य होइन। मुख्य प्रश्न हो, ट्र्याक्टर कसको स्वामित्वमा छ? त्यसको लाभ कसले पाउँछ? र, त्यसको लागत कसले बेहोर्छ? कथा ट्र्याक्टरको होइन, कथा त्यो किसानको हो, जसले ट्र्याक्टर किन्यो। त्यो मजदुरको हो, जसको श्रमको आवश्यकता घट्यो। र, त्यो गाउँको हो, जहाँ मेसिनसँगै सत्ताको नक्सा पनि फेरियो। यहीँबाट हलो-बैलदेखि ट्र्याक्टरसम्मको यात्रा केवल कृषि परिवर्तनको कथा रहँदैन- ग्रामीण अर्थराजनीतिक परिवर्तनको कथा बन्छ।

मेरो अनुभवले भन्छ, ट्र्याक्टर र अन्य कृषि मेसिन अपनाउने सम्भावना ती किसानमा बढी हुन्छ, जससँग पहिल्यै आर्थिक स्रोत, ऋणको पहुँच, तालिम तथा संस्थागत सहयोग उपलब्ध हुन्छ। अर्थात् मेसिनहरू प्रायः पहिले नै अपेक्षाकृत सम्पन्न किसानसम्म पुग्छन्। मधेशमा मेसिनीकरणको सबैभन्दा ठूलो चुनौती केवल मेसिन किन्नु होइन, मेसिन सेवासम्म पहुँच हुनु पनि हो। साना किसान प्रायः मेसिनका मालिक हुँदैनन्, उनीहरू भाडामा उपलब्ध हुने सेवामाथि निर्भर हुन्छन्। यसले ग्रामीण क्षेत्रमा नयाँ प्रकारको 'सेवा प्रदायक वर्ग' उदय गराएको छ, जसको हातमा आर्थिक शक्ति केन्द्रित हुन थालेको छ। यसरी गाउँमा एउटा नयाँ वर्ग जन्मिएको छ- मेसिनदार। अर्थात् ट्र्याक्टर मालिक, हार्भेस्टर मालिक वा एक्स्काभेटर मालिक! यो एउटा नयाँ ग्रामीण सत्ता संरचनाको जन्म हो।

पहिले १० जना लाग्ने काम अहिले एउटा ट्र्याक्टरले गर्छ होला। खेत छिटो जोतिन्छ। तर, त्यो दिन खेत नपुगेका नौ जनाको कथा सरकारी तथ्यांकमा कतै लेखिँदैन। मेसिनीकरणले उत्पादनशीलता बढाउँछ तर केही काममा श्रमको माग घटाउँछ। विशेषगरी जोताइ, ढुवानी र कटानीजस्ता क्षेत्रमा मजदुरको आवश्यकता घटायो। अर्कोतर्फ मेसिन मर्मत, सेवा क्षेत्रमा नयाँ रोजगारीका अवसर सिर्जना भयो। अर्को, यो पनि भुइँ यथार्थ हो- ट्र्याक्टर प्राविधिक नवप्रवर्तनको परिणाम थिएन, श्रम संकटको प्रतिक्रिया पनि थियो। कृषि मजदुरको पलायन, कृषिसँग अन्य उद्यमको खोजी तथा कृषि मेसिनीकरणलाई सँगसँगै अध्ययन गर्नुपर्छ।

सायद केही वर्षपछि मेरो गाउँजस्तै नेपालका गाउँघरमा एउटा पनि हलो बाँकी रहने छैन। खेत जोतिनेछ, बाली फल्नेछ, उत्पादनका तथ्यांक अझ माथि जानेछन्, सरकारी प्रतिवेदनले यसलाई कृषि आधुनिकीकरणको सफलता भन्ने छ। तर, त्यतिबेला कसैले पनि यो सम्झिने छैन- तिनका गाउँमा कोही दिनेश सहनी नामका हरवाह थिए, जसले बिहान-दिउँसो गोरु वा राँगोसँग खेत जोते। विकासको इतिहासले प्रायः मेसिनको आगमन लेख्छ तर त्यसले ती मानिसको नाम बिर्सिन्छ, जसले एउटा युगबाट अर्को युगसम्मको पुल बनेर जीवन बिताए।

दिनेश सहनीहरूको कथा वास्तवमा एउटा हरवाहको कथा मात्रै होइन। यो प्रश्न हो- गाउँ बदलिँदा कसको श्रमको मूल्य बढ्छ? कसको हराउँछ? कसको आवाज सुनिन्छ? र, कसको दबिन्छ? ट्र्याक्टरले माटो छिटो जोत्ला तर यी प्रश्नको उत्तर दिँदैन। उत्तर खोज्न अझै खेतको आलीसम्मै पुग्नुपर्छ, जहाँ दुई गोरुको पाइलाको छापसँगै एउटा पुरानो समयको अन्तिम हस्ताक्षर बाँकी छ। त्यो हस्ताक्षर मेटिएपछि हामीले एउटा पेसा मात्रै गुमाएका हुनेछैनौं, ग्रामीण नेपालको सामाजिक स्मृतिको एउटा अध्याय पनि गुमाइसकेका हुनेछौं।

# जलवायु परिवर्तनको मारमा रैथाने कोदो



हरिप्रसाद जोशी

(नेपालको कृषि, खाद्य सुरक्षा र स्थानीय उत्पादनबारे अध्ययन-अनुसन्धान गर्ने जोशी वातावरणीय व्यवस्थापनमा विद्यावारिधि हुन्)

पोषणको दृष्टिले अत्यन्तै समृद्ध मानिन्छ- कोदो। विशेष गरी यसमा क्याल्सियम, फलाम र फाइबर प्रचुर मात्रामा पाइन्छ, जसले कुपोषण र रक्तअल्पता (एनिमिया) सँग लड्न सहयोग पुर्‍याउँछ। तर, नेपालको सन्दर्भमा भने कोदो खेतीको अवस्था दिनानुदिन चिन्ताजनक छ।

विश्वमा कोदो उत्पादन गर्ने देशको सूचीमा नेपाल १३ औं स्थानमा छ। तर, यसको उत्पादन मात्रा निरन्तर घट्दो क्रममा छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालमा २ लाख २४ हजार ९ सय ३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरिएको थियो, जसमा कुल ३ लाख ७३ हजार २ सय मेट्रिक टन मात्रै उत्पादन भएको छ। प्रतिहेक्टर १.६६ मेट्रिक टनको हाराहारीमा रहेको यो उत्पादकत्व धान वा मकैको तुलनामा निकै कम मानिन्छ।

नेपालमा कोदोको खपत भने उत्पादनको तुलनामा धेरै बढी छ। भन्सार विभागको तथ्यांकअनुसार, आर्थिक वर्ष २०८०/८१ मा मात्रै नेपालले १ करोड ५२ लाख ९२ हजार ८ सय २० किलोग्राम कोदो आयात गर्नुपरेको छ, जसको कुल मूल्य ७५ करोड ४१ लाख ९५ हजार रुपैयाँ छ। अचम्मको कुरा त के छ भने, पछिल्लो साढे चार वर्षमा मात्रै नेपालले २ अर्ब ५० करोड रुपैयाँभन्दा बढीको कोदो आयात गरिसकेको छ।

हाम्रो रैथाने बाली कोदो यति ठूलो परिमाणमा विदेशबाट आयात हुनु राष्ट्रिय अर्थतन्त्र र खाद्य सुरक्षाका लागि गम्भीर चेतावनी हो। विज्ञहरूका अनुसार, यसको मुख्य कारण जलवायु परिवर्तनसँगै बढ्दो बसाइँसराइ र राज्यको कृषि नीतिको उपेक्षा हो।

नेपालमा जलवायु परिवर्तनको प्रभाव अहिल्यै स्पष्ट देखिन थालेको छ। नेपालको औसत तापक्रम सन् १९७५ देखि २००६ सम्ममा १.८ डिग्री सेल्सियसले वृद्धि भएको थियो, जुन विश्वव्यापी औसतभन्दा बढी हो र पछिल्लो दशकमा यो वृद्धि झनै तीव्र बनेको छ। यही तापक्रम वृद्धिले कोदो खेतीमा प्रत्यक्ष असर पारेको छ। विशेष गरी कोदो बालीमा फूल आउने चरणमा अत्यधिक तापक्रम हुँदा यसको उत्पादनमा भारी ह्रास आउँछ।

मनसुनको अनियमितता कोदोका लागि अर्को ठूलो चुनौती बनेको छ। पछिल्लो समय नेपालको पहाडी भेगमा मनसुन सुरु हुने समयमा अचानक भारी वर्षा (क्लाउड ब्रस्ट) हुने र त्यसपछि लामो समय सुक्खा याम हुने क्रम बढेको छ। भिरालो जमिनमा खेती गरिने कोदोको बीउ यस्तो भारी वर्षाले बगाउने वा पहिरोले पुरिदिने गरेको छ। सबै जलवायु प्रेरित कारणले नेपालमा कोदोको उत्पादकत्व अहिले प्रतिहेक्टर १.३ मेट्रिक टनको आसपास मात्रै खुम्चिएको छ, जुन केही दशकअघिको तुलनामा करिब २० प्रतिशतले कम हो।

कोदो खेती ज्यादै झन्झटिलो र श्रमसाध्य मानिन्छ। जमिन तयारी, रोपाइँ, गोडमेल, बाली भित्र्याउने र थ्रेसिङ (दाना अलग गर्ने) को प्रक्रियामा



**दोलखाको बिगु गाउँपालिका-१ दुर्गम ठोडठोडमा कोदो टिप्दै।** **फाइल तस्बिर** : कान्तिपुर

धेरै श्रम र समय लाग्छ। युवा पुस्ता विदेशिएपछि बूढापाका र महिला मात्रै खेतीमा बाँकी छन्। उनीहरूले पनि शारीरिक अशक्तताका कारण कोदो खेती गर्न छाड्दै गएका छन्।

बिक्रीको सुनिश्चितता नहुनु अर्को प्रमुख समस्या हो। स्थानीय बजारमा कोदोको माग हुँदाहुँदै पनि व्यवस्थित बजारीकरणको अभाव र बिचौलियाको चपेटाका कारण किसानले उचित मूल्य पाएका छैनन्। कोदोलाई अहिले पनि समाजमा 'गरिबको अन्न' वा 'आलोपालो बाली' को नजरले हेर्ने संकुचित प्रवृत्ति छ। र, सरकारी नीति-अनुदानमा यसको सधैं उपेक्षा भइरहेको छ। धान, गहुँ, मकैको तुलनामा कोदो खेतीका लागि छुट्टै अनुसन्धान, उन्नत बीउ र प्रविधिको प्रायः अभाव देखिन्छ। यी सबै कारणले कोदो खेती गरिने क्षेत्रफल बर्सेनि २ देखि ३ प्रतिशतले घटिरहेको तथ्यांक छ। यसबाहेक, कोदोको भण्डारण र प्रशोधनमा आधुनिक उपकरणको अभावले फल्नुअघि र फलेपछि पनि धेरै उत्पादन बिग्रिने समस्या छ।

तर, यो निराशाजनक अवस्थालाई इच्छाशक्ति भए परिवर्तन गर्न सकिन्छ। कोदो जलवायु परिवर्तनको चपेटामा परेको रैथाने बाली भए पनि यसलाई अनुकूलन गरी 'जलवायु-अनुकूल बाली' का रूपमा विकास गर्ने अपार सम्भावना छ। विश्वव्यापी रूपमा अहिले 'क्लाइमेट-स्मार्ट एग्रिकल्चर' को अवधारणा अघि बढिरहेको छ, जसमा कम पानी, कम मल-उर्वरकमा पनि राम्रो फल दिन सक्ने र तापक्रमको उतारचढाव सहन सक्ने बाली खोजी गरिन्छ। कोदो ती सबै विशेषता भएको सर्वोत्कृष्ट बाली हो।

नेपालमा यसको संरक्षण र संवर्द्धनका लागि सर्वप्रथम त अनुसन्धानमा लगानी बढाउनुपर्छ। नेपाल कृषि अनुसन्धान परिषद्ले कोदोका यस्ता जलवायु-अनुकूल उन्नत जात विकास गर्नुपर्छ, जुन खडेरी, अत्यधिक वर्षा र रोग प्रतिरोधी होऊन्। हाल नेपालमा प्रयोग भइरहेका अधिकांश कोदोका जात पुराना र रैथाने मात्रै छन्, जसको उत्पादकत्व कम छ।

दोस्रो, किसानलाई प्रविधिमैत्री बनाउनतर्फ ध्यान दिनु आवश्यक छ। कोदोको दाना छुटाउने आधुनिक सानो मेसिन (थ्रेसर), हल्का कल्टिभेटर र लघु सिँचाइ प्रणालीको सहज उपलब्धता अनि त्यसमा सरकारी अनुदानको व्यवस्थाले कोदो खेतीलाई पुनः आकर्षक बनाउन सक्छ।

तेस्रो महत्त्वपूर्ण कडी स्थानीय तह हो। नेपालको संविधानले कृषिलाई स्थानीय सरकारको एकल अधिकार सूचीमा राखेको छ। त्यसैले स्थानीय तहले कोदो खेतीलाई प्राथमिकता दिँदै बीउमा अनुदान, सिँचाइको पूर्वाधार र स्थानीयस्तरमै प्रशोधन केन्द्र स्थापना गर्नुपर्छ। कोदोबाट बन्ने विभिन्न विविधीकृत वस्तु (जस्तै- चिउरा, पाउडर, कुकिज, पौष्टिक खोले वा मदिरा आदि) को साना उद्योग स्थानीय तहकै सहकार्यमा सञ्चालन गर्न सकिन्छ।

चौथो कदम व्यवस्थित बजारीकरण हो। हिजोआज सहरमा स्वास्थ्यप्रति सचेत उपभोक्ताबीच कोदोको माग बढ्दो छ। 'जैविक' (अर्गानिक) र 'रेडी टु कुक' कोदोका उत्पादनले बजारमा राम्रो मूल्य पाउने गरेका छन्। किसानलाई सोझै मुख्य बजारसँग जोड्न स्थानीय बजार तथा पर्यटकीय क्षेत्रमा विशेष 'कोदो कर्नर' (बिक्री केन्द्र) खोल्नु आवश्यक छ।

पाँचौं, नीतिगत रूपमा कोदोको अनियन्त्रित आयात सीमित गर्दै स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुपर्छ। सरकारी विद्यालयका दिवा खाजा, स्वास्थ्यचौकी र सरकारी क्यान्टिनमा सातामा कम्तीमा एक दिन कोदोको खाजा अनिवार्य गर्ने नीति ल्याउन सकिए यसले ठूलो घरेलु माग सिर्जना गर्छ, जसले अन्ततः कुपोषण नियन्त्रणमा पनि टेवा पुर्‍याउँछ।

छैटौं, जलवायु परिवर्तनको अनुकूलनका लागि परम्परागत वर्षाको जल संकलन प्रणाली ब्युँताउनुपर्छ। पहाडी भेगमा पहिले कुवा र पोखरी निर्माण गरेर वर्षाको पानी सञ्चित गर्ने परम्परा मासिँदै गएको छ, जसलाई प्रविधिसँग जोडेर लघु सिँचाइ आयोजनाका रूपमा ब्युँताउन सकिन्छ। यसैगरी, माटोको नियमित स्वास्थ्य जाँच र जैविक मलको प्रयोगलाई बढावा दिनु उत्तिकै आवश्यक छ।

हामीले समयमै चेतेर यस क्षेत्रमा लगानी बढायौं भने नेपाल कोदोको आयातकर्ताबाट भविष्यमा निर्यातकर्ता बन्न सक्छ। कोदो खेतीले हाम्रो पहाडी भूक्षय नियन्त्रण, जैविक विविधताको संरक्षण र सीमान्तकृत किसानको आय वृद्धिमा कोसेढुंगाको काम गर्छ।

जलवायु परिवर्तनको चपेटामा रहेको नेपाली कोदो खेती बचाउनु एक बालीको संरक्षण मात्रै होइन, हाम्रो सांस्कृतिक पहिचान, आर्थिक समृद्धि र वातावरणीय सन्तुलनको रक्षा पनि हो। यसका लागि सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संघ-संस्था, अनुसन्धानकर्ता र किसान सबैको एकजुट र तत्काल पहल आवश्यक छ। वर्षे पानीको भरमा मात्रै नरही प्रविधि, नीति र बजारलाई एकीकृत रूपमा जोड्ने हो भने आउने दिनमा कोदो नै हाम्रो खाद्य सुरक्षा र जलवायु प्रतिरोधी खेतीको बलियो मेरुदण्ड बन्न सक्छ। यो राष्ट्रिय सम्भावनालाई अब उपेक्षा गर्नु हुँदैन।

# ‘पपुलिज्म’ को आवरणमा राज्यकलाको ‘डिस्रप्सन’



शुभशंकर कँडेल

(कँडेल राजनीति, कूटनीति र मिडियाको अध्ययन, अनुसन्धान र लेखनमा संलग्न छन्)

मानव सभ्यताको इतिहासलाई एउटै सूत्रमा उनेर हेर्ने हो भने, त्यसको केन्द्रबिन्दु युद्ध, धर्म वा अर्थतन्त्र मात्र नभई ‘राज्यकला’ (स्टेटक्राफ्ट) मा बढी सुन्दर देखिन्छ । राज्यकला केवल राज्य सञ्चालनको सीप मात्र होइन, यो शक्ति, संस्थागत स्मृति, राष्ट्रिय हित, कूटनीतिक सन्तुलन र राजनीतिक निरन्तरताको एक जटिल संयोजन हो । यो कुनै विशेष शासक, राजनीतिक दल वा एक पुस्ताको उपज नभई शताब्दीयौंको अनुभव, संघर्ष, असफलता र उपलब्धिसहितको सामूहिक सञ्चित ज्ञान हो । ‘वेस्टफेलियन’ राज्य प्रणालीको उदय हुनुपूर्व नै साम्राज्य, नगर-राज्य र जनजातीय परिसंघहरूले विशिष्ट किसिमको राज्यकलाको अभ्यास गरिसकेका थिए ।

लोकतन्त्रको चर्चा गर्दा प्रायः निर्वाचन, सरकार परिवर्तन र जनमतको कुरा गरिन्छ । वास्तवमा लोकतन्त्रका वास्तविक शक्ति राज्यका ती अदृश्य संस्थागत परम्पराहरूमा निहित हुन्छन्, जसले सत्ता परिवर्तनलाई व्यवस्थाको संकटमा रूपान्तरण हुन दिँदैनन् । यही कारणले हो, कुनै पनि परिपक्व लोकतन्त्रमा सरकार बदलिन सक्छ, तर राज्यको आधारभूत दिशा बदलिँदैन । हाम्रो देशको नवोदित पपुलिस्ट राजनीति एउटा गम्भीर बौद्धिक बहसको विषय बन्नुका अनेक कारण छन् । यो प्रश्न कुनै अमूक दल, नेता वा सरकारको मात्र होइन, प्रश्न त राज्यकलाको अवमूल्यन, संस्थागत निरन्तरतामाथिको अविश्वास र पपुलिस्ट राजनीतिक संस्कृतिको उग्रप्रभावको हो ।

### राज्यः राष्ट्रभन्दा पुरानो विरासत

आधुनिक राष्ट्र-राज्यको अवधारणा मुख्यतः सत्रौं शताब्दीपछि विकसित भएको मानिन्छ । तर राज्यकलाको निरन्तरता त्यसभन्दा हजारौं वर्ष पुरानो छ । कौटिल्यको अर्थशास्त्र, चीनका सुनत्जु, प्लेटो र एरिस्टोटलका राजनीतिक चिन्तन, रोमन साम्राज्यको प्रशासनिक प्रणाली वा इस्लामिक खलिफतका कूटनीतिक अभ्यासहरू वा म्याकियाभेलीको ‘द प्रिन्स’- यी सबैले एउटै मौलिक प्रश्नको उत्तर खोज्ने प्रयास गरेका थिए- सत्ताको प्रयोग गर्ने कला कसरी विकसित हुन्छ र त्यसको विघटन कसरी हुने गर्छ ? अर्थात्, राष्ट्रवादको जन्मअघि पनि राज्य, सत्ता र कूटनीति थियो, राष्ट्रिय हितको रक्षा गर्ने प्रणाली थियो । आधुनिक लोकतन्त्रले राज्यकलालाई प्रतिस्थापन गरेको नभई त्यसलाई नयाँ वैधता र उत्तरदायित्व प्रदान गरेको मात्र हो । अतः कुनै पनि लोकतान्त्रिक समाजमा संस्थाहरू व्यक्तिभन्दा माथि हुन्छन् । सरकार अस्थायी हुन्छ, राज्य स्थायी हुन्छ । नेतृत्व परिवर्तनशील हुन्छ, संस्थागत स्मृति दीर्घकालीन हुन्छ । ब्रिटिस राजनीतिज्ञ एडमन्ड बर्कले लोकतन्त्रलाई ‘मृत, जीवित र जन्मिन बाँकी पुस्ताबीचको सम्झौता’ त्यसै भनेका होइनन् । यही कारणले लोकतान्त्रिक राज्यहरू परम्परालाई बोझ होइन, अमूल्य र अद्वितीय सम्पत्ति ठान्छन् । समस्या त्यहाँ उत्पन्न हुन्छ, जब राजनीतिक नेतृत्वले यस संरचनालाई ‘पुरानो ब्यागेज’ ठान्न थाल्छ । यो केवल राजनीतिक अज्ञानताको प्रश्न मात्र होइन, गहिरो सैद्धान्तिक भ्रमको परिणामले गर्दा व्यक्तिगत लोकप्रियतालाई राज्यकलाको विकल्प ठान्ने बचकना मनोदशा हो । राज्यकलाको परम्परासँग लापरवाह व्यक्तित्वहरूले अभिमानको प्रहसन गर्दै आएको उत्तिकै रोचक परम्परा इतिहासमा पढ्न पाइन्छ ।

### ऐतिहासिक सन्दर्भ

एथेन्सको पतनः थुसीडाइड्जले आफ्नो ‘पेलोपोनेसियन युद्धको इतिहास’ मा वर्णन गरेअनुसार, एथेन्सको विनाश केवल सैन्य पराजयबाट भएको थिएन । क्लियोनजस्ता पपुलिस्ट नेताहरूले परिपक्व राज्यकलाको परम्परालाई हावामा उडाएर भावनात्मक जनमतको पछाडि लागे । सिसिलिया अभियानको विनाश यही पपुलिस्ट भीड-मनोविज्ञानको प्रत्यक्ष परिणाम थियो– जसमा एल्सिबिआडेजको व्यक्तित्वले सम्पूर्ण राज्यकलाको विवेकलाई बन्धक बनाउन पुग्यो ।

रोमन गणराज्यको संक्रमणः रोमन गणराज्यको पतनको अध्ययन गर्दा संस्थाहरू एकैचोटि ढल्दैनन्– तिनको क्षय क्रमिक रूपमा हुन्छ भन्ने तथ्य राजनीतिक राज्यकलाको सबैभन्दा कालजयी पाठ हो । ग्राकस भाइहरूदेखि सुल्ला, पोम्पेय हुँदै जुलियस सिजरसम्मको यात्रामा प्रत्येक चरणमा केही न केही संस्थागत मूल्यमा आघात पुग्यो । सिजरको ‘भेनी, भिडी, भिची’ (आएँ, देखें, जितें) केवल सैन्य विजयको घोषणा मात्र थिएन, यो राज्यकलाको एकल व्यक्तित्वमा केन्द्रीकरणको प्रतीकात्मक आडम्बरको उत्कृष्ट प्रहसन थियो ।

वाइमर गणराज्यः बीसौं शताब्दीको सबैभन्दा महत्त्वपूर्ण राज्यकलाको संकटको उदाहरण जर्मनीको वाइमर गणराज्यको पतन हो । हन्ना आरेन्ट, कार्ल स्मिट र वाल्टर बेन्जामिनजस्ता विचारकहरूले विभिन्न कोणबाट यस पतनको सटीक विश्लेषण गरेका छन् । वाइमर गणराज्यको पतनको मूल समस्या थियो- आर्थिक असन्तोष र राष्ट्रिय अपमानको मिश्रणले एक पपुलिस्ट नेतृत्व उदयको वातावरण निर्माण गर्‍यो, जसले संस्थाहरूलाई ‘जनताको शत्रु’ घोषणा गर्नु सामान्यजस्तै बन्यो । एक्काइसौं शताब्दीको पहिलो एक चौथाइमा कतै त्यही वाइमर गणराज्यको घातक शैली त समकालीन विश्वको आमचरित्र त बन्दै छैन भन्ने प्रतीत हुँदै छ ।

यी ऐतिहासिक उदाहरणहरूको साझा शिक्षा हो- राज्यकलाको संकट सधैं संस्थागत विश्वसनीयताको क्षरणसँगै सुरु हुन्छ र पपुलिज्म यस क्षरणको परिणाम बन्न पुग्छ, न कि एक निमित्त कारण । अहिले हाम्रो राज्यकला त्यही इतिहासको नकारात्मक रटान दोहोर्‍याएर ‘डिस्रप्सन’ को फेसबुक पोस्टमा अल्हादित भइरहेको छ ।

उदार लोकतन्त्रमा निर्वाचन त एउटा उपकरण मात्र हुने भएकाले वास्तविक आधार स्वतन्त्र र निष्पक्ष निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, निर्वाचित प्रतिनिधिहरूको जवाफदेहिता र संस्थागत शक्ति सन्तुलनसमेतका तत्त्वहरू मिलेर एक ‘संवैधानिक संस्कृति’ निर्माण गर्छन् । यसैकारण अमेरिका, बेलायत, जर्मनी वा भारतमा समेत सत्तामा जो आए पनि राज्यका आधारभूत संरचनाहरू निरन्तरतामा अघि बढ्दै आएको देख्न सकिन्छ । सरकार बदलिन्छ, तर विदेश नीति, सुरक्षा नीति, प्रशासनिक निरन्तरता र कूटनीतिक संस्कार पूर्णरूपमा भत्किँदैनन् । जब कुनै राजनीतिक शक्ति पुरानो संस्थागत विरासतलाई ‘पुरानो बोझ’ (ओल्ड ब्यागेज) भनेर दुत्कार्न थाल्छ, त्यहींबाट लोकतन्त्रको क्षय सुरु हुन्छ ।

### लोकतन्त्रको छाया

बीसौं शताब्दीको उत्तरार्ध र एक्काइसौं शताब्दीको प्रारम्भमा विश्व राजनीतिमा एउटा नयाँ प्रवृत्ति तीव्र रूपमा उदायो– पपुलिज्म । पपुलिज्म कुनै पूर्ण विचारधारा नभएर उत्तेजित राजनीतिक शैली मात्र हो । अर्जेन्टिनाका पेरोनदेखि बहालवाला हभिएर मिलेई, भेनेजुएलाका चाभेज, हंगेरीका ओर्बान, अमेरिकाका ट्रम्प र युरोपका विभिन्न दक्षिणपन्थी शक्तिसम्म पपुलिज्मको साझा विशेषता एउटै देखिन्छ– ‘जनता शुद्ध छन्, संस्था भ्रष्ट छन् ।’ यस प्रकारको राजनीतिले निर्वाचन जित्न सक्छ । जनभावना आकर्षित गर्न सक्छ । तर यसले संस्थागत जटिलतालाई शत्रुका रूपमा प्रस्तुत गरेर देशलाई नै ‘डिस्रप्सन’ मा धकेलिइरहेको हुन्छ । राजनीतिशास्त्री रोबर्ट डाहलले ‘पोलिआर्की (१९७१)’ मा चुनावी प्रणालीको नाजुकता प्रस्ट गर्दै लेखेका थिए- लोकतन्त्र केवल चुनावी प्रक्रियाको समुच्चय होइन, यो एक राजनीतिक संस्कृति हो, जुन दीर्घकालीन नागरिक शिक्षा र संस्थागत विश्वसनीयताबाट निर्माण हुन्छ ।

पछिल्लो समय राजनीतिशास्त्री जोन-वर्नर मुलरले भन्दै आएको- पपुलिस्टहरू प्रायः संसद्, अदालत, प्रशासन, कूटनीति र सञ्चार माध्यमप्रति अधिक शंकालु हुन्छन् भन्ने तथ्यलाई नेपाली प्रयोगले प्रत्यक्ष अनुभव गराउँदै छ । मुलरले पपुलिज्मलाई मूलतः लोकतान्त्रिक बहुलवादविरुद्धको राजनीति भन्दै असहमति, संस्थागत नियन्त्रण र वैकल्पिक राजनीतिक आवाजको वैधतालाई कमजोर बनाउने शैली भनेको नेपालको वर्तमान अवस्थालाई ठ्याक्कै सुहाउँदो देखिन्छ ।

### विचारधारा परिवर्तनशील तर राज्यकलामा निरन्तरता

एउटा महत्त्वपूर्ण प्रश्न अक्सर उठ्ने गर्छ- कुनै पनि देशमा सत्ता परिवर्तन भएपछि नयाँ शासकले पूर्वस्थापित राज्यकलाका ढाँचाहरूलाई किन आत्मसात् गर्नुपर्छ ? यसको उत्तर कूटनीतिक परम्परामा मात्र खोज्नु हुँदैन– यो राज्यको अन्तर्राष्ट्रिय विश्वसनीयताको प्रश्न हो ।

छिमेकी भारतको राजनीति गहिरो वैचारिक प्रतिस्पर्धाको मैदान हो । कांग्रेस र भारतीय जनता पार्टीबीचको संघर्ष केवल निर्वाचनको प्रतिस्पर्धा मात्र होइन, त्यो भारतीय ‘आइडीओलोजी’ माथिको बहस पनि हो । तर सत्तामा आएपछि भाजपा सरकारले राज्यको दीर्घकालीन रणनीतिक आधारहरू भत्काएको छैन । भारतीय विदेश नीतिमा ‘रणनीतिक स्वायत्तता’ को अवधारणा नेहरूकालदेखि जारी छ । कांग्रेसदेखि भाजपासम्मका विभिन्न सरकारहरूले आफ्नो वैचारिक रंग फेरेका छन्, तर कूटनीतिक राज्यकलाको मूल रणनीतिक ढाँचालाई भत्काउने साहस कसैले गरेका छैनन् । रुससँगको सम्बन्ध, अमेरिका-भारत साझेदारी र संशयता, चीनसँग प्रतिस्पर्धा र सहकार्य, दक्षिण एसियाली रणनीति– यी सबै क्षेत्रमा भारतीय राज्यको निरन्तरताबाट हामीले गम्भीर शिक्षा लिन सक्छौं । चुनावी प्रतिद्वन्द्वितामा जतिसुकै दन्तबजान गरे पनि मोदीले कांग्रेसको सम्पूर्ण विरासत नकारेका छैनन् । बरु त्यसलाई नयाँ वैचारिक शैली (भगवा रङ) दिने प्रयत्न भने गरिरहेको देखिन्छ । राजनीतिक विचारधारा बदलिन सक्छ, तर सफल राज्यहरू आफ्नो राज्यकला नष्ट गर्दैनन् । यद्यपि भाजपाका लागि ‘भगवा’ रङ अतीतको गौरव, सांस्कृतिक पहिचान र हिन्दुत्वको वैचारिक प्रतिबद्धता भएकाले विपक्षीहरूले यसलाई ‘भगवाकरण’ भन्दै आलोचना भने गरिरहेका छन् । भाजपाका लागि भगवा रङ देशको मूल सभ्यता र यसको आधारभूत मूल्यमान्यतासँग जोडिएको भन्ने भाष्यले भाइचारापूर्ण भारतीय समाज ध्रुवीकृत बन्ने चिन्ता बढाइरहेको छ ।

### ‘डिस्रप्सन’ को मूल्य

विश्वकै परिपक्व मानिने अमेरिकी राज्य संरचनामा ट्रम्पको उदयले गम्भीर प्रश्न खडा गरेको छ– यदि स्वयं अमेरिका आफ्नो संस्थागत निरन्तरताप्रति सशंकित बन्न पुग्यो भने के हुन्छ ? उनको ‘अमेरिका फर्स्ट’ नीतिले केवल विदेश नीतिको फेरबदल मात्र गरेन, बरु दोस्रो विश्वयुद्धपश्चात् अमेरिकाद्वारा निर्मित उदार अन्तर्राष्ट्रिय व्यवस्था (नाटो, विश्व व्यापार संगठन, जलवायु सम्झौता) माथिको विश्वसनीयतामाथि नै गम्भीर प्रहार गर्‍यो । अमेरिकी शक्ति तत्कालै ध्वस्त नभए तापनि, यसको वैश्विक विश्वसनीयतामा आएको ह्रास आज त्यहाँका नीति निर्माता, बौद्धिक वर्ग र मिडियाको मुख्य चिन्ताको विषय बनेको छ । स्टिभेन लेभिट्स्की र डेनियल जिब्लाटले आफ्नो कृति ‘हाउ डेमोक्रेसिज डाई’ (२०१८) मा उल्लेख गरेझैं, लोकतन्त्रको अन्त्य सधैं सैनिक कुबाट मात्र हुँदैन, बरु संस्थाहरूको क्रमिक क्षरणबाट पनि हुन्छ भन्दै ट्रम्पकालीन अमेरिकासमेतप्रति उनीहरूको ‘लोकतान्त्रिक ब्याकस्लाइडिङ’को सिद्धान्त वैश्विक राजनीतिमा उत्तिकै सान्दर्भिक र चेतावनीपूर्ण देखिन्छ ।

ध्यान दिनुपर्ने कुरा के छ भने, अमेरिकाजस्तो विशाल शक्तिले ट्रम्पका कार्यकारी झट्का थाम्ने सामर्थ्य त्यहाँका संस्थाहरूको सुव्यवस्था, नागरिक समाजको सक्रियता र न्यायपालिकाको स्वतन्त्रता हो । ट्रम्पवादी राजनीतिक शैलीको अनुकरण नेपालजस्ता संस्थागत रूपमा कमजोर आधार भएका राष्ट्रहरूका लागि गम्भीर जोखिम बन्ने निश्चित छ । हामीकहाँ ‘संस्थागत बफर’ को अभाव छ नै । नेपालको न्यायपालिकाको स्वतन्त्रता लड्खडाउँदो छ र नागरिक समाजको प्रभाव संकुचित छ । बालेन र उनको प्रशासनद्वारा अपनाइएका कतिपय शैलीहरूले त संस्थागत मर्यादा र अन्तर्राष्ट्रिय विश्वसनीयतामा पर्ने नकारात्मक असरलाई छर्लङ्गै देखाइरहेका छन् ।

### डिजिटल पपुलिज्म

नेपालको वर्तमान राजनीतिलाई बुझ्न सामाजिक सञ्जालको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । ब्रिटिस लेखक टिमोथी स्नाइडरले भनेझैं ‘अग्रिम आज्ञापालन’ देखि जनमत सचेत विश्लेषणभन्दा ‘क्षणिक भावनात्मक प्रतिक्रिया’ बाट निर्देशित बन्दै छ । बालेन-रविको उदय यही डिजिटल ज्वारभाटाको उपज हो । जनताको यो झुकाव केवल लहड होइन, बरु स्थापित दलहरूको भ्रष्टाचार, कुशासन र परम्परागत मिडियाको असफलताप्रतिको चरम वितृष्णाको परिणाम हो । सामाजिक सञ्जालले जनताको असन्तुष्टिलाई ‘माग’ का रूपमा त उठायो, तर राजनीतिले त्यसको ‘आपूर्ति’ गर्ने क्रममा ‘परिवर्तन’ को साटो ‘विघटन’ निम्त्याएको छ । जनताले व्यवस्था सुधारको अपेक्षा गरेका थिए, तर प्राप्त परिणामले प्रणालीको जग नै हल्लाउने जोखिम बढाएको छ ।

परिवर्तन र विघटनबीचको भेद भनेको परिवर्तनले संस्थागत सुदृढीकरण र दीर्घकालीन सुधारको मार्ग पछ्याउँछ, जबकि विघटनले तात्कालिक उत्तेजनामा रमाउँदै राज्यको जग नै खोक्रो बनाउँछ । परिवर्तनले राज्यकलाको गहिराइलाई समृद्ध तुल्याउँछ, तर विघटनकारी प्रवृत्तिले त्यसको आधारभूत मर्यादालाई नै ध्वस्त पार्दछ । सामाजिक सञ्जालले जटिल राजनीतिक विमर्शलाई नारा, भिडियो क्लिप र सतही भावनात्मक प्रतिक्रियामा सीमित गरिदिएको छ । युर्गेन हाबर्मासले लोकतन्त्रको आधारका रूपमा परिकल्पना गरेको ‘सार्वजनिक बहस’ आजका एल्गोरिदमहरूका कारण उत्तेजना र ध्रुवीकरणको बन्दी बनेको छ । समकालीन राजनीतिक नवोदित प्रवृत्तिहरू यही डिजिटल संस्कृतिबाट निर्मित छन् । लोकतन्त्रमा नयाँ शक्तिहरूको आगमन स्वाभाविक र अपरिहार्य प्रक्रिया हो, तर समस्या तब सुरु हुन्छ जब ‘नयाँपन’ लाई नै एकमात्र योग्यता मानिन्छ र संस्थागत अनुभवलाई स्वतः भ्रष्ट करार गरिन्छ । यही बिन्दुबाट लोकतन्त्र ‘सुधारको मार्ग’ बाट ‘विघटनको दुश्चक्र’ मा धकेलिन्छ ।

### नेपालको जीवनरेखा

भूराजनीतिक रूपले संवेदनशील राष्ट्रका लागि राज्यकलाको सर्वोपरी आयाम कूटनीति हो । भारत र चीनको सामरिक अवस्थितिमा रहेको नेपालसँग रणनीतिक गल्ती गर्ने सुविधा छैन । साना राष्ट्रहरूको अस्तित्व शक्ति-प्रदर्शनमा होइन, अपितु सन्तुलित कूटनीतिक कौशलमा निहित हुन्छ । सिंगापुरका संस्थापक ली क्वान युले भनेझैं, विवेकपूर्ण कूटनीति नै साना राष्ट्रहरूको सबैभन्दा ठूलो पुँजी हो । पृथ्वीनारायण शाहको ‘दुई ढुंगाबीचको तरुल’ भन्ने उपमा केवल भौगोलिक यथार्थ मात्र नभई एक कालजयी राज्यकलाको सूत्र हो । आधुनिक नेपालको सम्पूर्ण इतिहास यही सन्तुलनको जगमा उभिएको छ । तर, आज जब कूटनीति सामाजिक सञ्जालका नारा वा घरेलु राजनीतिक लोकप्रियताको साधन बन्छ, तब राष्ट्रले त्यसको महँगो मूल्य चुकाउनुपर्ने हुन्छ ।

कूटनीतिक विसंगतिका उदाहरणहरू प्रशस्त छन् । सत्तारूढ दलका नेताले विदेश भ्रमणका क्रममा अर्को शक्तिशाली राष्ट्रका राजदूतसँग गर्ने अस्वाभाविक भेटवार्ता र त्यसप्रति मौनता साध्ने हाम्रो मिडिया, बौद्धिक वर्ग र विपक्षी दलहरूको उदासीनताले राष्ट्रिय विवेकको ‘टाटपल्टाई’ प्रदर्शन गर्छ । राज्यकलाको संरक्षण केवल शासकको जिम्मेवारी मात्र होइन, यो सम्पूर्ण राष्ट्रिय समुदायको सामूहिक दायित्व हो । केनेथ वाल्ट्जले ‘म्यान, द स्टेट एन्ड वार’ मा उल्लेख गरेझैं, कूटनीतिलाई तीन तहमा बुझ्नु आवश्यक छ- व्यक्ति, राज्य र अन्तर्राष्ट्रिय प्रणाली । वर्तमान संकटलाई यी तीनै धरातलबाट विश्लेषण गर्न नसक्नु नै हाम्रो राज्यकलाको सबैभन्दा ठूलो असफलता हो ।

नेतृत्वको अपरिपक्वता, संस्थागत स्मृतिको क्षरण र अन्तर्राष्ट्रिय जगत्मा घट्दो विश्वसनीयताको त्रि-आयामिक चुनौती आज नेपालको सामु खडा छ । राज्यकलालाई केवल ‘पुरानो झन्झट’ ठानी स्थापित मानकहरूको अवमूल्यन गर्दा इतिहासमा राष्ट्रहरूले भोग्नुपरेका दुष्परिणामहरू हाम्रासामु ज्वलन्त उदाहरणका रूपमा स्थापित छन् । अतः वर्तमान अवस्था केवल राजनीतिक उन्मादमा रमाउने नभई गम्भीर सावधानी अपनाउने समय हो । नेतृत्वले यो यथार्थलाई समयमै आत्मसात् गर्न सकेन भने इतिहासले दिने परिणाम सायद त्यति सुखद हुनेछैन । नेपालका लागि यो क्षण उन्मादको नभएर एक सावधानीको घन्टी पनि हो । इतिहासले यो सुरुङको अन्त्य कतातिर जाँदै छ भन्ने उत्तर त देला, तर त्यो जवाफ सुन्नेहरूले पछुताउनुपर्ने निश्चित छ । यही सन्दर्भमा सत्तारूढ दल रास्वपाको पहिलो महाधिवेशनले नीतिगत सुस्पष्टता र राज्यकलाप्रतिको प्रारम्भिकी उन्मादप्रति लगाम लगाउनेबारेमा कति योगदान गर्न सक्छ ? सुरुवाती लक्षण भने झनै डेमागगी (जनउत्तेजक) बाट ‘डिस्पोटिजम’को बाटोमा ‘ब्रेक’ हीन तरिकाले बत्तिने कार्यकारी मुखियाको घोषणाले नेपाली लोकतन्त्रले कस्तो परिणाम सहनुपर्ने हो भन्ने खतराको घन्टी बजाएको मान्नु अन्यथा हुनेछैन ।




यो प्रश्न कुनै अमूक दल, नेता वा सरकारको मात्र होइन, प्रश्न त राज्यकलाको अवमूल्यन, संस्थागत निरन्तरतामाथिको अविश्वास र पपुलिस्ट राजनीतिक संस्कृतिको उग्रप्रभावको हो ।

# फुटबल ज्वरो : एकतर्फी प्रेमको वैश्विक महाकुम्भ



अस्मिता विष्ट

(‘लैंगिक दृष्टिकोणबाट नेपाली सिनेमा र उपन्यास’ विषयमा विद्यावारिधि गरेकी कवि, समीक्षक विष्ट महेन्द्र बहुमुखी क्याम्पस, धरानमा अंग्रेजी विषय प्राध्यापन गर्छिन्)

विश्वकप-२०२६ को महाकुम्भ नियाल्दा विलियम शेक्सपियरको सुविख्यात कथन- ‘विश्व एक रंगमञ्च हो र मानिस त्यसका पात्र मात्रै हुन्’- झन् बढी सर्वकालिक र विश्वव्यापी शाश्वत सत्यझैं अनुभूत हुन्छ । भनिन्छ, यो ऐतिहासिक महोत्सवले विश्वका झन्डै पाँच अर्ब मानिसलाई आफ्नो मोहजालमा बाँधेको छ । विश्वकपले संसारलाई जोडेको छ, विभाजित पनि गरेको छ ।

विश्वका अधिकांश घरमा करिब-करिब उस्तै दृश्य देख्न सकिन्छ- निद्रा र भोक बिर्सिएर एकै ठाउँ जडवत् बस्ने, कहिले नङ टोक्ने, कपाल कन्याउने, निधार खुम्च्याउने वा मुठी कस्ने, चुकचुकाउने वा हर्ष-विषादका अनगिन्ती भाव प्रकट गर्ने । मानिसको यो समग्र मनोदशा आखिर केद्वारा निर्देशित छ ? यसको उत्तर आश्चर्यजनक छ- अमेरिका, मेक्सिको र क्यानडाका फुटबल मैदानहरूमा दौडिरहेका खेलाडीका खुट्टाका चाल र तिनका खुट्टाले नै निर्देशित एउटा सानो फुटबल !

लाग्छ, फुटबलको मोहिनीमा लट्ठिएका मानिस अहिले यस संसारमा घटिरहेका सम्पूर्ण घटना-परिघटनाबाट बेखबर छन् । हाम्रै देशमा पनि एकोहोरिएका छन् मानिसहरू । केही समयका लागि नै सही, फुटबलको रोमाञ्चकारी दुनियाँमा सयर गरिरहेका नेपालीले बिर्सिगएझैं लाग्छ, महँगीले घाँटी अँठ्याएको यथार्थ । फुटबलमा यतिसम्म मग्न भइगएका छन् मानिस कि- सामाजिक सञ्जालमा पक्ष र विपक्षको इजलास खडा गर्नेले संसद्मा चलेका बहसका विषयसमेत बिर्सिएका छन् । बाँदर मार्न हुने कि नहुने भन्ने विषयमा चलिरहेको बहस तिनका लागि अप्रासंगिक बनेको छ । सेल्टरमा आश्रय लिइरहेका सुकुमवासीको अवस्था कस्तो छ ? त्यो अपडेट लिने फुर्सद तीसँग छैन । असार लागिसकेको छ, मनसुन कस्तो रहला भन्ने चिन्ताले पनि तिनलाई छोएकै छैन । विडम्बना के छ भने, प्रमुख आहार भात भएकालाई समेत मनसुनले धान उत्पादनमा पार्न सक्ने प्रभाव र चामलको मूल्यमा पार्ने असरप्रति कुनै चासो छैन । मानौं, अहिले तिनको सम्पूर्ण चेतना फुटबल मैदानमा दौडिरहेको एउटा सानो बलसँगै दौडिरहेको छ ।

क्या गजबको जादु ! क्या गजबको ज्वरो ! क्या मादकता ! क्या राप ! कति बस्नु सधैं तनावमा ! कहिलेकाहीं लाग्छ, मानिसलाई तनावबाट मुक्ति दिलाउने मुक्तिदाता हो प्रिय खेलाडी र टेलिभिजनको पर्दामार्फत ऊसँगको सानिध्य । सबै हद पारको आसक्ति ! त्यो पनि त्यस्तो व्यक्ति र टिमसँग, जसलाई जीवनमा कहिल्यै प्रत्यक्ष भेटेको-देखेको छैन । ती खेलाडीलाई आफ्ना लाखौं दिवाना-दिवानी यस संसारमा छन् भन्नेसमेत थाहा हुँदैन । एकतर्फी प्रेमको योभन्दा अनुपम उदाहरण अर्को के हुन सक्छ ?

आफ्ना टिमप्रति दर्शकको त्याग र समर्पण देख्दा लाग्छ, फुटबल मानिसलाई प्रेमको पाठ सिकाउनै उत्पन्न गरिएको खेल हो । आफ्नो प्रेमको साँचोपन प्रमाणित गर्न उनीहरू कुनै पनि हदसम्म पुग्न तयार हुन्छन् । प्रेमको प्रमाण पेस गर्दा कम सकसबाट गुज्रिँदैनन् फ्यानहरू ! मनपसन्द टिमको जर्सी लगाउनु, जर्सी लगाएको तस्बिर सामाजिक सञ्जालमा गर्वका साथ सार्वजनिक गर्नु, प्रतिद्वन्द्वी टोलीका समर्थकको खिल्ली उडाउनु, आवश्यक परे उनीहरूसँग वादविवाद वा झगडासमेत गर्न पछि नहट्नु- यी सब जब्बर फ्यानका प्रेम र समर्पणका अभिव्यक्ति हुन् । प्रिय खेलाडीको देवत्वकरण गर्नु र प्रतिद्वन्द्वी टोलीका सानातिना कमजोरीलाई पनि बढाइचढाइ प्रस्तुत गर्नु फुटबल प्रेमको अर्को रोचक पाटो हो ।

तर, यो महाउत्सवको सराहनीय पक्ष के हो भने फ्यानहरूको समर्पणमा कुनै स्वार्थ हुँदैन । सायद त्यसैले फुटबलप्रतिको प्रेम संसारकै सबैभन्दा निःस्वार्थ र एकतर्फी प्रेममध्ये एक हो । केही साताकै लागि किन नहोस्, फुटबलले मानिसलाई पीडा, चिन्ता र विभाजन बिर्साएर एकै भावनाको डोरीमा बाँधिदिन्छ ।

मानिस दुःख-पीरबाट मुक्तिमार्ग खोजिरहेका छन् हजारौं वर्षदेखि । त्यही खोजको परिणामस्वरूप मानिसले साहित्य लेख्यो, संगीत सिर्जना गर्‍यो, नृत्यको अभ्यास गर्‍यो, चित्र बनायो, चलचित्र निर्माण गर्‍यो, तपस्वी बन्यो, ध्यान गर्‍यो । यी सबैबाट आनन्द प्राप्त गर्न चाहनेले केही न केही आर्थिक लगानी गर्नैपर्छ । तर, फुटबल फरक छ । घरमा एउटा टेलिभिजन भए पुग्छ, संसारकै सबैभन्दा ठूलो खेल-महोत्सवको आनन्द आफ्नै बैठक कोठा वा शयन कक्षबाट लिन सकिन्छ । यही सहज पहुँचले फुटबललाई सायद विश्वकै सर्वाधिक लोकप्रिय खेल बनाएको हुनुपर्छ ।

इन्साइक्लोपिडिया ब्रिटानिकाका अनुसार, आधुनिक फुटबलको विकास उन्नाइसौं शताब्दीमा बेलायतबाट भएको हो । त्यसपछि खेलका नियम क्रमशः व्यवस्थित हुँदै गए र फुटबल विश्वभर फैलिन थाल्यो । सन् १९०४ मा पेरिसमा फिफा स्थापना भएपछि फुटबलले अन्तर्राष्ट्रिय संस्थागत स्वरूप प्राप्त गर्‍यो । त्यसपछि विश्वभर एउटै नियम र संरचनाअनुसार प्रतियोगिता सञ्चालन हुन थाले ।

यसैको निरन्तरतास्वरूप सन् १९३० मा उरुग्वेमा पहिलो ‘फिफा विश्वकप’ आयोजना गरियो । त्यस प्रतियोगितामा केवल तेह्र राष्ट्र सहभागी थिए । आज भने यही प्रतियोगिता हरेक चार वर्षमा आयोजना हुने विश्वकै सबैभन्दा लोकप्रिय खेल महोत्सव बनेको छ, जसले अर्बौं दर्शकलाई एकै भावनाको डोरीमा बाँध्छ । ब्रिटानिकाका अनुसार, हरेक संस्करणमा अर्बौं टेलिभिजनमा दर्शकले हेर्ने विश्वकै सबैभन्दा लोकप्रिय खेल प्रतियोगितामध्ये एक हो- विश्वकप ।

फुटबलप्रेमीहरू गर्व महसुस गर्दा हुन् यो देखेर कि- फुटबल अब केवल एउटा खेल रहेन, मनोरञ्जन मात्रै पनि रहेन । यो त विश्वभर छरिएका करोडौं मानिसका साझा भावना, सामूहिक उत्साह, क्षणिक मुक्ति र निःस्वार्थ प्रेमको उत्सव बनिसकेको छ ।

रोचक विषय के छ भने सन् २०२६ को विश्वकपले प्रमाणित गरिदिएको छ- फुटबल खेल मात्रै होइन शान्ति, सहअस्तित्व र संवादको प्रतीक पनि हो । राजनीतिक तनाव र सैन्य टकरावको वातावरणबीच पनि अमेरिका र इरानले विश्वकपबाट आफूलाई अलग राख्ने निर्णय गरेनन् । यसले एउटा गहिरो सन्देश दिएको छ- यो विश्वकपले साझा मानवीय मञ्च निर्माण गरेको छ, जुन राष्ट्रिय स्वार्थ, राजनीतिक मतभेद र कूटनीतिक तनावभन्दा माथि छ । त्यहाँ प्रतिस्पर्धा हुन्छ तर वैरभाव हुँदैन ।


त्यति मात्रै होइन, सम्बन्धमा बेला-बेला चिसोपन देखिए पनि अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा सन् २०२६ फिफा विश्वकप आयोजना गरेर विश्व शान्तिको पक्षमा सकारात्मक सन्देश पनि दिए । र, फुटबलप्रेमीलाई गौरवान्वित बनाए । यसपालिको विश्वकपले तीन फरक राष्ट्र, तीन फरक राजनीतिक-सामाजिक परिवेश भईकन पनि एउटै उद्देश्यमा जुट्ने अवस्था निर्माण गरेको छ । शान्ति र सहकार्यमा विश्वास गर्नेका लागि यो आफैंमा आशा जगाउने घटना हो । फुटबलले सायद यही सिकाउँछ- प्रतिस्पर्धा गर तर सम्बन्ध नतोड ! जितको उत्सव मनाऊ तर मानवता नबिर्स !

उज्वेकिस्तान, केप भर्डे, डेमोक्रेटिक रिपब्लिक अफ कंगोजस्ता तुलनात्मक रूपमा साना राष्ट्रले पनि विश्वमञ्चमा प्रतिभा प्रदर्शन गर्ने अवसर पाएको देख्दा नेपालीले पनि कुनै दिन आफ्नै देशका खेलाडी विश्वकप-मैदानमा बल गुडाएको सपना देख्न थालेका छन् । विश्वकप हेरिरहेका दर्शकले, खेलाडीले महसुस गरेका छन्, विश्वकप प्रतिस्पर्धाको मञ्च मात्रै होइन- सपना देख्न, त्यो सपनामा विश्वास गर्न र संघर्ष गर्न प्रेरणा भर्ने सकारात्मक ऊर्जाको अथाह स्रोत पनि हो ।

यो ऊर्जाको प्रभाव कति शक्तिशाली हुन्छ भन्ने एउटा उदाहरण हालै चर्चामा आएको घटनाले देखाउँछ । केप भर्डेका गोलकिपर भोझिन्हा (जोसिमार डियास) की आमाले प्रारम्भमा अमेरिकाको भिसा प्राप्त गर्न नसकेपछि आफ्नो छोराको विश्वकप यात्रा प्रत्यक्ष हेर्न वञ्चित भएकी थिइन् । यो समाचार विश्वभर व्यापक रूपमा फैलियो र लाखौं फुटबलप्रेमीको सहानुभूति बटुल्यो । त्यसपछि अमेरिकी अधिकारीले उनको भिसा प्रक्रिया टुंग्याए । र, अन्ततः उनी छोराको खेल हेर्न अमेरिका पुगिन् । एक आमाको पीडा, एक खेलाडीको सपना र करोडौं फुटबलप्रेमीको भावनाले प्रशासनलाई समेत पुनर्विचार गर्न बाध्य बनाएको यो घटनाले फुटबल र फुटबल प्रेमको अद्भुत शक्ति उजागर गर्छ ।

यस्ता मीठा-मीठा घटनाबीच पनि यस विश्वकपका केही प्रसंगले विश्व फुटबलप्रेमीको मन खिन्न बनाएको छ । विशेषगरी राजनीतिक तनाव र कूटनीतिक असहजताका कारण इरानका खेलाडी र समर्थकले अन्तर्राष्ट्रिय यात्रामा कठिन प्रक्रिया, लामो जाँच र कागजी झन्झटको सामना गर्नुपरेको छ । यस्तो अवस्थामा यो विश्वकपमा उनीहरूले प्रत्येक पटक खेलमा सहभागी हुन आउँदा लामो यात्रा मात्रै गर्नुपरेको छैन, इमिग्रेसनको झन्झटिलो प्रोसेसबाट पनि गुज्रिनुपरेको छ ।

यदि राष्ट्र-राष्ट्रबीचको सम्बन्ध सहज र सौहार्दपूर्ण हुन्थ्यो भने खेलाडीहरू (यो विश्वकपमा-इरानी खेलाडीहरू) यस्ता अतिरिक्त कठिनाइबिनै खेलमा मात्रै केन्द्रित हुन पाउने थिए । यही कारण फुटबलप्रेमी कामना गरिरहन्छन्, प्रार्थना गरिरहन्छन्- विश्वकप चलिरहँदा कम्तीमा केही समयका लागि भए पनि राष्ट्रिय राजनीति र कूटनीतिक तिक्तता पृष्ठभूमिमै हराओस् अनि त्यहाँ बाँकी रहोस्- केवल खेल, खेल भावना र मानवताको साझा उत्सव ।



तस्बिर : सुरज कुँवर/कान्तिपुर

# कंगोमा एक हजार जनाभन्दा बढीमा इबोला संक्रमण पुष्टि : डब्लूएचओ


रोयटर्स

किन्सासा (एजेन्सी)- डेमोक्र्याटिक रिपब्लिक अफ कंगो (डीआरसी) मा १ हजार ९४ जनामा इबोलाको संक्रमण पुष्टि भएको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले जनाएको छ। डब्लूएचओका अनुसार २७७ जनाको मृत्यु भइसकेको छ।

डब्लूएचओले मंगलबार जारी गरेको तथ्यांकअनुसार हाल ३८७ जना बिरामी उपचाररत छन् भने ११५ जना निको भएका छन्। त्यस्तै ४४ जना व्यक्तिको मृत्यु शंकास्पद रहेको र १३१ वटा घटनाहरू पनि पुष्टि हुन बाँकी रहेको कंगोका अधिकारीहरूले बताएका छन्।

डब्लूएचओको 'हेल्थ इमर्जेन्सी अलर्ट एन्ड रेस्पोन्स अपरेसन' का निर्देशक अब्दिराहमान महामुदले संक्रमण फैलावट र विस्तार तीव्र गतिमा भइरहेको मंगलबार स्विट्जरल्यान्डको जेनेभामा आयोजित पत्रकार सम्मेलनमा बताए।

दुई सातामा उपचार क्षमता पनि बढाइएको उनले बताए। '१९ वटा स्वास्थ्य क्षेत्रहरूबाट उपचार सेवा बढाएर ५ सयभन्दा बढी शय्यासहित सेवा गर्न सक्ने अवस्थामा पुर्‍याइएको छ,' उनले भने।

> **डब्लूएचओले मंगलबार जारी गरेको आधिकारिक तथ्यांकअनुसार हाल ३८७ जना बिरामीले उपचार प्राप्त गरिरहेका छन् भने ११५ जना निको भएका छन्।**

प्रयोगशाला क्षमता पनि तीव्र रूपमा विस्तार गरिएको उनले बताए। प्रकोपको सुरुमा राजधानी किन्सासामा प्रतिदिन लगभग ३० जनामा परीक्षण हुँदै आएकामा हाल इटुरी, उत्तरी किवु र दक्षिण किवु प्रान्तहरूमा आठ विकेन्द्रीकृत प्रयोगशालाहरूको सञ्जालमार्फत प्रतिदिन दुई हजार जनाभन्दा बढीको परीक्षण सम्भव भएको उनले बताए।


## छात्रवृत्ती सहित भर्ना खुल्यो

१. मेडिकल ल्याव टेक्निसियन – (३ वर्षे डिप्लोमा तह)
२. भेटेरिनरी जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)
३. कृषि जे.टि.ए. – (१८ महिने प्रि-डिप्लोमा तह)

Staff Nurse को बैकल्पिक सूचीमा रहेकाहरुले समेत सम्पर्क गर्नुहोस् ।

तालिम पछि रोजगारीको अवसर

कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस
बालाजु -१६, गंगाहल नजिक, काठमाण्डौ
फोन: ०१-४९६०६०५, ९८४१३४०७४४


# ब्रेक्जिटका १० वर्ष : आर्थिक रूपमा थप कमजोर बन्दै बेलायत

### हालै गरिएको सर्वेक्षणमा ५७ प्रतिशत बेलायतीले ईयूबाट बाहिरिने निर्णय गलत भएको बताएका छन् भने करिब ३० प्रतिशतले सही

एजेन्सी (लन्डन)- २३ जुन, २०१६ मा सम्पन्न जनमतसंग्रहपछि बेलायतले युरोपेली संघ (ईयू) छाड्ने फैसला गरेको थियो। जनमत संग्रहमा ५१ दशमलव ९ प्रतिशत बेलायती नागरिकले ईयू छाड्ने पक्षमा मत खसालेका थिए। ईयूबाट बाहिरिने निर्णय (ब्रेक्जिट) पछिका १० वर्ष निरन्तर राजनीतिक अस्थिरताबाट गुज्रिएको बेलायत अहिले सातौं प्रधानमन्त्रीको खोजीमा छ।

सन् २००८ को आर्थिक मन्दीपछि ओरालो लागेको बेलायती अर्थतन्त्रलाई ब्रेक्जिटले उद्धार गर्ने आकलन गलत साबित भयो। अहिले बेलायतको आर्थिक वृद्धिदर निकै सुस्त छ। पछिल्लो दशकमा कन्जरभेटिभ पार्टीको लगातारको प्रभुत्वका बाबजुद आर्थिक र राजनीतिक अस्थिरता सामना गरेका बेलायतवासी दुई वर्षअघि स्थिरताको आसमा लेबर पार्टीको पक्षमा उभिए। तर, लेबर पार्टीले ऐतिहासिक बहुमत ल्याएको दुई वर्ष नबित्दै सरकारको अलोकप्रियता र पार्टीभित्रको कलहका कारण प्रधानमन्त्री किअर स्टार्मरले सोमबार पदबाट राजीनामा गरे।

संसारका पुराना प्रजातन्त्रमध्ये एक, संसदीय प्रजातन्त्रको जननी र कुनै समयको शक्तिसम्पन्नमूलक बेलायतमा देखिएको राजनीतिक अस्थिरतासँगै बेलायतीहरूको ठूलो हिस्सा ईयूबाट बाहिरिने निर्णय गलत रहेको निष्कर्ष निकाल्न थालेका छन्। युगभ पोलिङ अर्गनाइजेसनले भर्खरै गरेको सर्वेक्षणमा सहभागी अधिकांशले ईयू छाड्ने बेलायतको निर्णय गलत रहेको बताएका छन्। सर्वेक्षणमा सहभागी झन्डै ५७ प्रतिशतले बेलायतको निर्णय गलत रहेको बताए। झन्डै ३० प्रतिशतले ईयू छाड्ने निर्णय सही रहेको जनाएका छन्।

त्यस्तै ५५ प्रतिशत बेलायतीहरूले ईयूमा पुनः आबद्ध हुने अभियानलाई समर्थन गर्ने जनाएका छन्। त्यस्तै, ४३ प्रतिशतले पुनः आबद्ध हुन नहुने बताए। ईयूमा आबद्ध नभएरै पनि नजिकको सम्बन्ध राख्नुपर्ने पक्षमा ५९ प्रतिशत बेलायती छन्। 'ब्रेक्जिट देशका लागि क्षति साबित भयो,' ईयू पक्षधर एक अभियन्ताले सोमबार फ्रान्स २४ सँग भने, 'यसले आर्थिक क्षतिमात्रै होइन। खुला रूपमा घुमडुल गर्न सक्ने स्वतन्त्रता खोस्यो। परिवारहरू विभाजित भए।' त्यस्तै अर्का एक अभियन्ताले ब्रेक्जिटले बेलायतलाई विभाजित गरेको र केही पनि राम्रो नभएको बताए।



एएफपी

पछिल्लो १० वर्ष बेलायत मात्रै नभएर युरोप र समग्र विश्वकै लागि उतारचढावपूर्ण रह्यो। कोभिड-१९, युक्रेन युद्ध र पछिल्लो समय पश्चिम एसिया द्वन्द्वको प्रभाव युरोपमा देखियो। युरोपका अन्य देशहरूले सामूहिक रूपमा यी परिस्थिति सामना गरिरहँदा बेलायतले भने एक्लै सामना गर्नुपर्‍यो। सन् २०१६ ताका ब्रेक्जिट पक्षधरहरूले अमेरिकासँग स्वतन्त्र व्यापार सम्झौता हुने वकालत गरिरहेका थिए। तर, सन् २०२६ मा आइपुग्दा अमेरिकाले व्यापार अवरोधहरू बढाएको छ। त्यस्तै, भन्सार शुल्कलाई आफ्नो हतियार बनाएको छ। ब्रेक्जिट पक्षधरहरूले ईयू कमजोर भएर जाने भविष्यवाणी गरेका थिए। यसका बाबजुद ईयू सदस्य राष्ट्रहरू सामूहिक रूपमा हरेक चुनौतीको सामना गरिरहेका छन्। चीनजस्ता उदीयमान अर्थतन्त्रले बेलायतभन्दा ईयूलाई प्राथमिकतामा राख्छन्।

सन् २०१६ पछि ईयूसँगको बेलायतको व्यापार घट्दो छ। सन् २०१९ देखि २०२५ सम्मको आँकडा हेर्दा निर्यात १४ प्रतिशत र आयात १० प्रतिशतले घटेको देखिन्छ। लगभग सबै क्षेत्रमा आयातनिर्यात घटेको देखिन्छ। एउटै मात्र प्रगति सेवा क्षेत्रमा भएको छ। जहाँ, एक दशकमा बेलायतबाट ५७ प्रतिशतले निर्यात बढेको देखिन्छ। लेखापरीक्षण, कानुनी सहायता र परामर्श सेवा यसमा पर्छन्।

बेलायतको अर्थतन्त्रका लागि फ्रान्ससँग जोडिएको च्यानल टनेल (समुद्री सुरुङ) महत्त्वपूर्ण मानिन्छ। सन् २०१६ मा यो च्यानल हुँदै १६ लाख ४० हजार ट्रकहरूले आवतजावत गरेका थिए। तर, यस वर्ष केवल ११ लाख ट्रकले मात्रै उक्त टनेल प्रयोग गरेका छन्। यसले बेलायतको व्यापार खस्कँदै गएको देखाउँछ। बेलायतमा लगानी पनि कम हुँदै गएको छ। ब्रेक्जिटपछि बेलायतको उत्पादकत्व तथा वैदेशिक व्यापार प्रभावित भएको अफिस फर बजेटेरी रेस्पोन्सिबिलिटीले जनाएको छ। 'अवस्था नियन्त्रणबाहिर छैन भनेर जनतालाई विश्वस्त दिलाउनका लागि नयाँ सरकारले गर्नुपर्ने कामहरू धेरै छन्,' युरोपियन सेन्टर फर पोलिटिकल इकोनोमीका लन्डनस्थित निर्देशक डेभिड हेनिगले भने, 'बढ्दो उमेरको जनसंख्याले सरकारसँग गर्ने उच्च माग, अर्थतन्त्रमा सीमित वृद्धि र सामाजिक सञ्जालमा चलिरहने होहल्लाले अस्थिरता सिर्जना भइरहेको छ।'

सन् २०१० मा बेलायती जनताले कन्जरभेटिभ पार्टीलाई सत्तामा पुर्‍याए। सन् २००८ को आर्थिक मन्दीपछि सिर्जना भएको अवस्थालाई बहाना बनाएर सरकारले शिक्षा, बाल कल्याण, आवास भत्ता, अपांगता भएका व्यक्तिहरूका लागि प्रदान गरिने सामाजिक सहायतालगायत विभिन्न शीर्षकमा रकम घटायो। सन् २०१० देखि २०१९ सम्म विद्यालयहरूमा प्रतिविद्यार्थी खर्च ९ प्रतिशतले घटेको थियो। त्यस्तै, सन् २०२० सम्म आइपुग्दा लोककल्याणकारी बजेटहरू झन्डै १० प्रतिशतले कटौती गरिएको थियो। पछिल्लो एक दशक सार्वजनिक पूर्वाधारमा गरिएको खर्च कटौतीका प्रभावस्वरूप अहिले बेलायतमा धेरै स्थानमा अस्पताल, विद्यालय र सडकहरू जीर्ण अवस्थामा छन्।

सन् २०११ को अरब विद्रोहपछि ठूलो जनसंख्या पश्चिम एसिया र अफ्रिकाबाट युरोपमा सर्‍यो। बेलायतमा पनि शरणार्थीका रूपमा आवेदन दिनेहरू ठूलो संख्यामा थिए। पहिल्यै कमजोर हुन थालिसकेको संरचनामा नयाँ मानिसहरूको आगमनले थप चुनौतीहरू खडा गर्‍यो। रोजगारी, स्वास्थ्य उपचार र आवासको अभाव बढ्यो। आप्रवासनको विरोध र घट्दो आर्थिक अवस्थाबारे अन्तरसम्बन्धहरूलाई बौद्धिक वर्गले लामो समयदेखि अध्ययन गर्दै आएका छन्। आजका दिनसम्म पनि उग्र दक्षिणपन्थी पार्टीहरूले विजय हासिल गर्नुमा उनीहरूको आप्रवासनविरोधी अडानलाई नै मुख्य मानिन्छ।

सन् २०१६ मा ब्रेक्जिट जनमतसंग्रहमा पनि यस विषयले ठूलो प्रभाव पारेको थियो। रिफर्म यूकेका नेता रहेका निगेल फारागेले त्यतिबेला बेलायती सीमामा देशको ठूलो नियन्त्रण हुने र ईयूबाट कानुनी र आर्थिक रूपमा ठूलो स्वतन्त्रता हासिल हुने वाचा गरेका थिए। तर, गत वर्ष यूके इन अ चेन्जिङ युरोप नामक लन्डनस्थित थिंक ट्यांक संस्थाले गरेको विश्लेषणअनुसार ईयूमै रहेको भए बेलायतको अर्थतन्त्र ६ देखि ८ प्रतिशतले ठूलो हुन सक्थ्यो। बेलायतका सरकारी तथ्यांक विश्लेषण गरेर धेरै अर्थशास्त्रीहरूले यस्तै निष्कर्ष निकालेका छन्।

बेलायत अहिले पनि विश्वको छैटौं ठूलो अर्थतन्त्र हो। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का ५ स्थायी सदस्यमध्ये यो देश एक हो। आणविक शक्तिसम्पन्न राष्ट्र बेलायतको सांस्कृतिक प्रभाव विश्वभर छ। यसका बाबजुद महँगी र रोजगारीका सीमित अवसरका कारण देशभित्रै असन्तुष्टि चुलिएको छ। 'आज देशको अर्थतन्त्र यति धेरै अस्थिर हुनुको कारण ब्रेक्जिट हो,' आयरल्यान्डस्थित युनिभर्सिटी कलेज डुब्लिनका अन्तर्राष्ट्रिय राजनीतिका प्राध्यापक स्कट लुकासले भने।

कोभिडकालमा बोरिस जोनसनको सरकार विभिन्न प्रकरणहरूमा मुछिएको थियो। लकडाउनकै समयमा प्रधानमन्त्री कार्यालयमा पार्टी गरेपछि जोनसन सरकारको चर्को आलोचना भएको थियो। सार्वजनिक संस्थाहरूप्रति पहिल्यै कमजोर भइसकेको जनविश्वासलाई यसले थप क्षति पुर्‍यायो। फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि युरोपभर इन्धनको मूल्य बढ्यो। यसले बेलायतमा धेरै ठूलो समस्या निम्तियो। किनकि, हिटिङ प्रणाली र खाना पकाउने ग्यास उसले ठूलो परिमाणमा आयात गर्छ।

जुलाई ५, २०२२ मा ऋषि सुनक प्रधानमन्त्री बने पनि परिस्थिति खासै बदलिएन। रुस-युक्रेन युद्धले युरोप र बेलायतको अवस्था थप बिग्रँदै गयो। सन् २०२२ को अन्त्यतिर मुद्रास्फीति ४० वर्षयताकै उच्चस्तरमा ११ प्रतिशतसम्म पुगेको थियो। सरकारी तथ्यांकअनुसार सन् २०२२-२३ मा बेलायतमा १० मध्ये तीन अर्थात् कुल ४३ लाख बालबालिका गरिबीमा बाँचिरहेका थिए।

जनता र सत्ताबीचको यही दूरीले सन् २०२४ को निर्वाचनमा लेबर पार्टीको पक्षमा बहुमत आयो। किअर स्टार्मर प्रधानमन्त्री बने। उनको सरकारको पालामा आप्रवासन दर घट्यो, अस्पतालमा सेवाका लागि लामो प्रतीक्षा गर्नुपर्ने अवस्था कम भयो, थोरै आर्थिक विकास पनि हो। तर, मानिसहरूले सोचेजस्तो तीव्र गतिमा कुनै पनि काम भएनन्। अर्कोतर्फ, विभिन्न प्रकरणले सरकारलाई विवादमा पनि तानिरह्यो।

इरान युद्ध सुरु भएपछि बेलायतका लागि आर्थिक र सामाजिक परिस्थिति थप असहज बन्यो। विश्वव्यापी रूपमा कच्चा तेलको भाउ बढ्दा बेलायतमा पनि यसको असर देखियो। आफ्ना पूर्ववर्ती जस्तै स्मार्टर सरकार पनि आर्थिक सीमाहरूलाई लिएर दुविधामा देखियो। संकटको अवस्थामा कर नबढाउने आफ्नो चुनावी वाचा कायम राख्दै आर्थिक प्रगति हासिल गर्नु स्मार्टरका लागि सहज थिएन। बेलायतका भावी प्रधानमन्त्रीले पनि यिनै चुनौती सामना गर्नुपर्नेछ।


Food and Agriculture Organization of the United Nations

## VACANCY ANNOUNCEMENT

The Food and Agriculture Organization of the United Nations, Country Office Nepal is hiring following Personal Service Agreement:

**Issued on:** 22 June 2026 **Closure Date:** 06 July 2026

1. **Vacancy Announcement No.: 2601316,**
- **Job Title, Duration, Duty Station:** National Sanitary and Phytosanitary Expert (PSA Contract) 60 days, Kathmandu based, details are available in the following link (or scan the QR to view):

***https://jobs.fao.org/careersection/fao_external/jobdetail.ftl?job=2601316&tz=GMT%2B02%3A00&tzname=Europe%2FBudapest***

**Issued on:** 24 June 2026 **Closure Date:** 08 July 2026

2. **Vacancy Announcement No.: 2601336**
- **Job Title, Duration, Duty Station:** Nutrition Field School Specialist (PSA Contract) 50 days, Kathmandu based, details are available in the following link (or scan the QR to view):

***https://jobs.fao.org/careersection/fao_external/jobdetail.ftl?job=2601336&tz=GMT%2B02%3A00&tzname=Europe%2FBudapest***

- **HOW TO APPLY**
For details information to apply, kindly request to visit the FAO recruitment website **"Jobs at FAO" (https://jobs.fao.org/careersection/fao_external/jobsearch.ftl?lang=en)** or **Scan the QR code** and complete your online profile. **Candidates are requested to attach a letter of motivation and educational certificates to the online profile, along with other supporting documents.** Only applications received through the FAO recruitment portal will be considered. Your application will be screened based on the information provided in your online profile. We encourage applicants to submit the application well before the deadline date.

**These positions are subjected to income tax payable as per the Income Tax Act of Government of Nepal*


## आजको राशिफल


प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** – समय आफू अनुकूल रहनेछ। आर्थिक पक्ष सुदृढ रहनेछ। प्रायः सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन्।

**वृष** – सोचे अनुरूप सबै कुरा मिल्दै जानेछन्। प्रतिस्पर्धात्मक काममा सफलता मिल्नेछ। आफूले आफूनिम्ति समय दिन पाइनेछ।

**मिथुन** – नजानिँदो गरी कुनै कुराले व्यस्त बनाउन सक्छ। बेलैमा काम सकी फुत्किन खोजिनेछ। घरमा कसैको आगमन हुन सक्छ।

**कर्कट** – कुनै कुराले सोचनीय बनाउन सक्छ। कुनै पनि कुरामा नहतारिनु होला। समयसन्दर्भ विचारेर काम गर्नुपर्ने बेला छ।

**सिंह** – विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ। चिताएअनुसार काममा सहजता हुनेछ। कुनै कुराले मनमा राहत दिलाउनेछ।

**कन्या** – समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। आफ्नो अनुकूलताको पनि ख्याल गरिनेछ। नगरी नहुने कुरामा जोड दिइएला।

**तुला** – इच्छानुसारका काममा समय दिन पाइनेछ। समयलाई आफू अनुरूप तह लगाइनेछ। कुनै कुराले गर्दा मन ढुक्क रहला।

**वृश्चिक** – सबै कुरा आफू अनुरूप नहुन सक्छ। काम गर्दा अपजस पाइन सक्छ। बोली र व्यावहारिक काम गर्दा सजग रहनुपर्ला।

**धनु** – आफ्ना कामका लागि समय निस्कनेछ। कुनै कामले कतै निस्किनुपर्ने हुन सक्छ। समय र कामको तालमेल मिलाउन सके काममा सजिलो होला।

**मकर** – समस्याको समाधान हुँदा मन तनावमुक्त रहनेछ। मनमा नयाँ काम गर्नेबारे सोच आउन सक्छ। समग्रमा हेर्दा दिन राम्रै रहनेछ।

**कुम्भ** – नगरी नहुने कुरामा जोड दिइनेछ। आफ्नो कर्तव्यमा अडिग रहन खोजिनेछ। कसैसित कतै जम्काभेट हुन सक्छ।

**मीन** – कुनै कुराले व्यस्त बनाउन सक्छ। समसामयिक कुरामा जोड दिन खोजिनेछ। आफू असम्बद्ध कुरामा तर्किने प्रयास हुनेछ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

स्वयम्भूमा ३.५/८ आनामा घर ९८१८२५३०१२

बनेपानालामा चट्टमिलेको पिचबाटोमा ९-०-०-० प्रतिआना ७०००००।- उद्योग व्यवसाय गर्नमिल्ने अतिउत्तम जग्गाविक्रीमा 9761808090

### सम्पर्क

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८५१०४५२१८

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

### विविध बिक्रीमा

क्याफे बिक्रिमा पुतलीसडक 9845985435

### निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

### भाडामा

ललीतपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590/ 9869363404

नयाँबानेश्वर थापागाउँमा एकरोपनी भन्दाबढी जग्गामारहेको एउटै कम्पाउण्डभित्र तिनवटा घरहरूभाडामा सम्पर्क: ९८०१०००३२६ (अफिसियल प्रयोजनकोलागि मात्र)

### चाहियो

कौशलटारको लुम्बिनी तन्दुरीलाई तन्दुरीकुक ९८५११२५००१

पुल्चोकको रेष्टुरेण्टमा कुक, हेल्पर 9841412622

सेक्युरिटी गार्ड तु.अर्जेन्ट २००००/२४००० ९८२३००५३८४

मासुपसलकोलागि बाईकको लाइसेन्सभएको कामदार चाहियो खानेबस्नेसुविधा ९८४१९४५१२१

घरायसीकामको लागि महिला कामदार सितापाईला समय १० देखि ६ सम्म 9802364485

हेल्पर तथा डेलिभरिब्वाई आवश्यक खानबस्नको ब्यबस्था ९८४००५७४२६

आकाशेपुल गेष्ट हाउसको लागि अलराउण्डर कुक चाहियो खान बस्न सहित २०,०००/- सेलरी सम्पर्क ९८२४४४४६३३

Willim Group 9808853004 /9806900505 RS25000/-

महिला पुरुष भू.पू. सिभिल गार्ड चाहियो ९८०३०९०९६१

एकमहिनाकोलागि एकजना महिला बस्न दुईहजारसम्मको कोठा ९८०३४६२८०८

भाडा माज्ने पुरुष चाहियो 9841724091

कम्पनीकोलागी कमलादी काठाण्डौमा सेक्युरिटीगार्ड चाहियो 9851062218

अनुभवी कुक तुरुन्त चाहियो ९८५११३४७७८

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५१.८८ |
| युरो | १७३.०७ |
| पाउन्ड स्टर्लिङ | २००.७३ |
| अस्ट्रेलियन डलर | १०५.४५ |
| कतारी रियाल | ४१.६७ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,८३,५००

चाँदी रू. ४,४८५

# बीपी राजमार्गको नयाँ ट्र्याकमा मध्य असारदेखि सवारी चलाइँदै

**विमल खतिवडा** (काठमाडौं)

बाढीले क्षति गरेको बीपी राजमार्गमा मध्य असारदेखि सवारीसाधन सञ्चालनमा ल्याइने भएको छ । धेरै ठाउँमा ग्राभेल तहसम्मको काम र केही-केही ठाउँमा बर्खाका लागि ठूला ढुंगा राखेर सडक तयार गरी सवारी सञ्चालन गर्न लागिएको हो ।

अहिले रोशी खोलामा डाइभर्सन बनाएर सवारी चलाइएको छ । बेलाबेला आउने बाढीले सवारी आवागमनमा समस्या हुने गरेको छ । बाढीले डाइभर्सन बगाउने र फेरि अस्थायी रूपमा बनाएर सवारीसाधन चलाउने गरिएको छ ।

बर्खालाई दृष्टिगत गर्दै बनिरहेको नयाँ ट्र्याकबाट मध्य असारदेखि सवारी चलाउने गरी तयारी गरिरहेको सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले बताए । 'अहिले पनि चार ठाउँमा माथिबाट सवारीसाधन कुदाउन सक्ने अवस्थामा छौं । मनसुनको समस्या भइनसकेकाले काम रोक्ने गरी ट्र्याक सडक खुला नगरिएको हो,' उनले भने, 'बाढी आयो, तल खोलाको डाइभर्सनबाट गाडी चल्न नसक्ने अवस्था भए माथिबाटै चलाउन सुरु गरिहाल्छौं ।'

चारसयबेंसी, बोक्सीकुना, कालढुंगा र डालाबेंसीको एउटा खण्ड तयार भएको योगेशको भनाइ छ । 'अन्यत्र पनि बाढी आयो भने गाडी रोकिने अवस्था छैन,' उनले भने, 'जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले बनाउने खण्डमा माटो भरेर बोल्डर (ठूला ढुंगा) राख्ने काम हुँदै छ, बर्खामा यस खण्डमा खोलाबाट सवारी साधन चलाउनु पर्दैन ।'



बाढीले क्षति गरेको बीपी राजमार्ग । फाइल तस्बिर : कान्तिपुर

खोलाभन्दा माथि बनेको सडकबाट गाडी चलाउँदा त्यताको काम रोकिने भएकाले बर्खा सुरु नहुँदासम्मका लागि खोलाबाटै चलाइएको योगेशले प्रस्ट्याए । 'आरसीसी वालको फाउन्डेसन पूरा गरेर त्यसमाथिको काम हुँदै छ, बर्खाअघि बनिरहेको सडकमा ग्राभेल राखेर सवारी चलाउने मात्र हो,' उनले भने, 'अहिलेसम्म १५ असारदेखि नै नयाँ ट्र्याकबाट सवारीसाधन चलाउने तयारी छ ।'

राजमार्गअन्तर्गत भकुन्डेबेंसीदेखि नेपालथोकसम्म असोज २०८१ को बाढीले ३०.५ किमि क्षेत्रमा क्षति गरेको हो । काभ्रेतर्फ ३ र सिन्धुलीतर्फ १ गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरी काम अघि बढाइएको हो । दुई लेनमा निर्माण भइरहेको राजमार्गको भकुन्डेबेंसीदेखि चारसयबेंसीसम्म ११ किमि खण्डको ठेक्का लामा-नवकान्तिपुर जेभीले लिएको छ । चारसयबेंसीदेखि डालाबेंसीसम्म ९ किमि दूरीको ठेक्का खानी-कमलजित-एवान जेभीले ठेक्का लिएर काम गरिरहेको छ । दुवै ठेक्काको सम्झौता असार २०८२ मा भएको हो ।

पिप्लेदेखि डालाबेंसीसम्मको २.३ किमि खण्डको ठेक्का उमा एन्ड कम्पनी-भण्डारी-अमरज्योति जेभीसँग कात्तिक २०८२ मा सम्झौता भएको हो । बर्खे खोलादेखि नेपालथोकसम्मको ५ किमि खण्ड सिन्धुलीमा पर्छ । उक्त खण्डको ठेक्का खरीढुंगा-घिसिङ-क्षितिज जेभीले लिएको हो । सबै खण्डको काम सम्झौताअनुसार २ वर्षभित्र सक्नुपर्नेछ । मनसुन सक्रिय हुनुअघि नै सिन्धुली खण्डमा नयाँ ट्र्याकमा सवारीसाधन चलाउने गरी नै काम गरिरहेको सडक डिभिजन, खाल्टे, सिन्धुलीका प्रमुख पारसमणि हमालले जनाए ।

आँपघारीमुनिको १ सय २० मिटर खण्डमा अझै काम सकिसकेको छैन । त्यहाँ बोल्डर राखेर भए पनि बर्खामा सवारीसाधन चलाउने व्यवस्था गरिने उनको दाबी छ । बर्खाका लागि जनशक्ति र मेसिन तयारी अवस्थामै हुने भएकाले केही समस्या आए तत्काल काम गर्न सहज हुने उनको भनाइ छ ।

जापानको २ अर्ब ६० करोड रुपैयाँ अनुदानमा ३.२ किमि सडक निर्माण गर्न लागिएको हो । मंसिर २०८४ सम्म यसको निर्माण सकिसक्नुपर्नेछ । निर्माणको ठेक्का जापानी कम्पनी सिमिजु कर्पोरेसनले लिएको हो । नयाँ ट्र्याकबाटै सवारी चलाउन मिल्ने गरी काम भइरहेको र बर्खामा समस्या आउन नदिने गरी तयारी गर्न सम्बन्धित कार्यालयहरूलाई भनिएको प्रतिनिधिसभाको पूर्वाधार विकास समिति सभापति आशिष गजुरेलले बताए ।

## मौद्रिक नीतिमा परिसंघ र चेम्बरको सुझाव

# अर्थतन्त्र चलायमान बनाउन माग

**कान्तिपुर संवाददाता** (काठमाडौं)

लामो समयदेखि सुस्त रहेको अर्थतन्त्र चलायमान हुने किसिमका नीति आगामी मौद्रिक नीतिमार्फत ल्याउन नेपाल उद्योग परिसंघ (सीएनआई) र चेम्बर अफ कमर्सले सुझाएका छन् । आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिका लागि नेपाल राष्ट्र बैंकलाई सुझाव दिने क्रममा परिसंघ र चेम्बरले बाह्य क्षेत्रका समष्टिगत सूचक उत्साहजनक एवं बलियो रहेको तर आन्तरिक आर्थिक गतिविधि लामो समयदेखि लयविमुख रहेको अवस्थालाई ध्यानमा राखेर मौद्रिक नीति ल्याउन भनेका हुन् ।

> आन्तरिक आर्थिक गतिविधि लामो समयदेखि लयविमुख रहेको अवस्थालाई ध्यानमा राखेर मौद्रिक नीति ल्याउन आग्रह

परिसंघ र चेम्बरले बुधबार गभर्नर विश्वनाथ पौडेललाई छुट्टाछुट्टै भेटेर आगामी मौद्रिक नीतिका लागि सुझाव दिएका हुन् । परिसंघका तर्फबाट अध्यक्ष वीरेन्द्रराज पाण्डेले गभर्नर विश्वनाथ पौडेललाई आगामी मौद्रिक नीतिका लागि सुझाव हस्तान्तरण गरे ।

आगामी मौद्रिक नीतिलाई तीन पक्षमा केन्द्रित गर्न परिसंघको सुझाव छ । तत्कालको न्यून बजार माग उकास्ने गरी आर्थिक गतिविधि बढाउने, मौद्रिक नीतिगत अभ्यासमा सुधार गर्ने र राष्ट्र बैंकको पनि संरचनागत सुधारतर्फ बढ्ने विषयमा सुझाव दिएको परिसंघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निर्देशित कर्जाको सीमा चरणबद्ध रूपमा प्रतिशतका आधारमा घटाउन, कार्यशील पुँजीसम्बन्धी मार्गदर्शन क्षेत्रगत आधारमा लागू गर्न, ब्याजदर निर्धारण प्रणालीलाई आधुनिकीकरण गर्न, धितोयुक्त कर्जाको वर्गीकरण तथा कालोसूचीकरणको समयसीमा विस्तार गर्न, सरकारको औद्योगिक सुविधासँग आबद्ध स्टार्टअपका लागि विशेष कर्जा सुविधा स्थापना गर्न तथा नेपाल राष्ट्र बैंकभित्र अधिकारसम्पन्न मौद्रिक नीति समिति गठन गर्न परिसंघको सुझाव छ ।

यसैगरी चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले बैंकिङ तथा वित्तीय क्षेत्रमा देखिएका समस्याको समाधान गर्दै व्यवसायीलाई सहज वातावरण सिर्जना गर्ने गरी मौद्रिक नीति ल्याउन आग्रह गरेका छन् । विशेषगरी ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न २० प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्ने गरी नीति ल्याउनुपर्ने उनको सुझाव छ ।

मुलुकको अर्थतन्त्र पाँच वर्षदेखि निरन्तर सुस्त अवस्थामा रहेको, उद्योग, व्यापार, निर्माण, पर्यटन तथा सेवा क्षेत्र अपेक्षित रूपमा चलायमान हुन नसकेको र निजी क्षेत्रको मनोबल कमजोर बन्दै गएको भन्दै मौद्रिक नीतिमार्फत आर्थिक गतिविधि विस्तारमा विशेष प्राथमिकता दिन चेम्बरले आग्रह गरेको हो ।

बजार माग तथा लगानीकर्ताको आत्मविश्वास उकास्ने र अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुग्ने गरी मौद्रिक नीतिको अपेक्षा गरिएको परिसंघ अध्यक्ष पाण्डेले बताए ।

आगामी मौद्रिक नीति मुख्यत: ब्याजदर तथा वित्तीय स्थायित्व सुनिश्चित गर्न केन्द्रित हुने गभर्नर पौडेलले जनाए । निजी क्षेत्र नै अर्थतन्त्रको प्रमुख चालकका रूपमा रहेको उल्लेख गर्दै लगानी तथा आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्न नियामक निकाय र उद्योग क्षेत्रबीचको घनिष्ठ समन्वय आगामी दिनमा पनि अपरिहार्य रहने उनको भनाइ छ ।

# इलामका बन्द चिया उद्योग खोल्न जुट्यो सहमति

**पर्वत पोर्तेल** (झापा)

भारतको चिया बोर्डले लागू गरेको नयाँ मापदण्ड (एसओपी) का कारण निर्यातमा सकस भएपछि त्यसको विरोधमा बन्द भएका इलामको सूर्योदय नगरपालिकास्थित ५३ वटा चिया उद्योग पुन: सञ्चालनमा आउने भएका छन् ।

सूर्योदय नगरपालिकाको चिया समस्या समाधान समिति, स्थानीय जनप्रतिनिधि तथा सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनबीच भएको छलफलपछि उद्योग सञ्चालन गर्ने विषयमा तीनबुँदे सहमति भएको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसनका अध्यक्ष डिल्ली श्रेष्ठले जनाए । भारतीय बजारमा चिया निर्यात सहज नहुन्जेल उद्योगमा थन्किएको करिब १० लाख किलो चिया भण्डारणका लागि नगरपालिकाले व्यवस्थित भण्डार कक्षको व्यवस्था गर्ने र बजार अवस्था सहज नहुन्जेल किसानलाई दिने भुक्तानी केही समयका लागि स्थगित गर्ने सहमति उद्योगी र किसानबीच भएको उनको भनाइ छ ।

चियाको गुणस्तर सुधार्न विषादीको प्रयोग पूर्ण रूपमा निषेध गर्दै नगरपालिका, उद्योगी र किसानको सहभागितामा सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने सहमतिमा उल्लेख छ ।

भारतले १ मेदेखि लागू गरेको नयाँ नियमअनुसार प्रत्येक चिया बोकेको गाडीको अनिवार्य प्रयोगशाला परीक्षण गर्नुपर्ने, परीक्षण प्रतिवेदन आउन करिब १५ दिन लाग्ने तथा प्रतिगाडी भारतीय रुपैयाँ ११ हजार ५ सय शुल्क तिर्नुपर्ने व्यवस्था गरेपछि नेपाली चिया निर्यात प्रभावित बनेको थियो । निर्यात ठप्प भएपछि सूर्योदयका उद्योग बन्द भएका थिए । उद्योग बन्द भएसँगै किसानले दिनहुँ ६० देखि ७० गाडी हरियो चिया झापाका सीटीसी उद्योगमा बिक्री गर्न बाध्य भएका थिए ।

नेपालमा वार्षिक करिब १५ हजार ६ सय मेट्रिक टन चिया उत्पादन हुने गरेको छ, जसमध्ये ८६ प्रतिशत भारत निर्यात हुने गरेको छ । देशभर २० हजार ६ सय २ हेक्टर क्षेत्रफलमा चिया खेती हुँदै आएको छ । यस क्षेत्रमा १५ हजारभन्दा बढी कृषक तथा करिब ६० हजार श्रमिक प्रत्यक्ष रूपमा आश्रित छन् ।




# रेबिजविरुद्धको खोप अभावले...

दुई साताअघि कुकुरले टोकेपछि अछामको ढकारी गाउँपालिका-१ का रोहित विक जिल्ला अस्पताल पुगे। रेबिजविरुद्धको खोप सकिएको भन्दै अस्पतालले फर्काएपछि उनले अहिलेसम्म लगाउन पाएका छैनन् । जिल्लामा उक्त खोप लगाउने विकल्प नहुँदा उनी त्रासैत्रासमा बसेका छन् । कामको सिलसिलामा भारत जाने तयारीमा रहेकाले उतै गएर लगाउने योजना बनाएको उनले बताए । 'कुकुरले टोकेको १५ दिन भयो, जिल्लामा खोप पाइएन । डरैडरले बसेको छु,' उनले भने, 'अब कामका लागि भारत जाने बेला भएको छ, उतै गएर लगाउँछु ।'

जिल्ला अस्पताल अछामले २९ जेठमा सूचना निकालेरै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट रेबिजविरुद्धको खोप नियमित रूपमा आपूर्ति हुन नसकेको जनाएको छ । जिल्ला अस्पताल अछामकी वरिष्ठ नर्सिङ अधिकृत एवं सूचना अधिकारी गंगा बुढा मगरका अनुसार अस्पतालमा रेबिजविरुद्धको खोप लगाउनुपर्ने बिरामी दैनिक २/३ जना आउने गरेका छन् । 'खोप अभावले बिरामीलाई त्यत्तिकै फर्काउनुपरिरहेको छ,' उनले भनिन् ।

कुकुरले टोकेका एक सय जनासम्म दैनिक आउने लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा तीन महिनादेखि रेबिजविरुद्धको खोप अभाव छ । अस्पतालले निजी क्लिनिकबाट बिरामीलाई नै खरिद गर्न लगाएर यो खोपको सेवा दिइरहेको छ ।

बुटवल उपमहानगरपालिका-७ दीपनगरका अनन्तराज डुम्रेका ५ वर्षीय छोरा प्रज्ञान डुम्रेलाई ३१ जेठमा कुकुरले टोक्यो । तत्काल लुम्बिनी प्रादेशिक अस्पतालको इमर्जेन्सीमा पुर्‍याइयो तर रेबिजविरुद्धको खोप पाइएन । त्यसपछि बुटवलकै विभिन्न निजी अस्पताल र क्लिनिकमा खोजी सुरु भयो । 'निजी क्लिनिकहरूमा खोप त भेटियो तर चिसो तापक्रममा राख्नुपर्ने खोप खुला रूपमा राखेर बिक्री गर्ने गरेको, त्यो पनि 'भारतीयका लागि मात्र' (वन्ली फर इन्डिया) भनेर लेखिएको भेटियो,' अनन्तराजले भने, 'लुम्बिनी प्रादेशिक अस्पतालका चिकित्सकले त्यो प्रभावकारी नहुने भने । त्यसपछि तिलोत्तमा नगरपालिकाले नगरवासीका लागि खरिद गरेर राखेको खोप लगाइयो ।'

लुम्बिनी प्रादेशिक अस्पतालका रेजिबविरुद्धको खोप शाखाका प्रमुख तिलक गौतमले चैत दोस्रो सातादेखि नै अस्पतालमा खोप अभाव भएको बताए । 'अस्पतालमा पर्याप्त खोप भएका बेला कुकुरले टोकेका ८० देखि १ सय जनासम्म दिनमा आउँथे । अहिले अभाव छ भन्ने सुन्दासुन्दै पनि २८/३० जना आउँछन् । सोमबार मात्र २८ जना आएका थिए,' उनले भने, 'हामीलाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खोप उपलब्ध गराउँथ्यो । तर चैतदेखि नै उपलब्ध गराएको छैन ।'

लुम्बिनी प्रदेशको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा गैरसरकारी संस्थाका तर्फबाट कार्यरत मोहन जोशीका अनुसार प्रदेशलाई संघीय स्वास्थ्य मन्त्रालयको आपूर्ति महाशाखाले खोप उपलब्ध गराउँछ । 'उतैबाट चैतपछि खोप आएको छैन, असारभरि खोप उपलब्ध हुन नसक्ने जानकारी आएको छ,' उनले भने, 'अब नयाँ आर्थिक वर्षमा टेन्डर भएर खरिदपछि साउनबाट सहज हुन्छ भनिएको छ ।'

वीरगन्जस्थित नारायणी अस्पतालले रेबिजविरुद्धको खोप लगाउन आउनेलाई एक महिनादेखि त्यत्तिकै फर्काइरहेको छ । अस्पतालले उनीहरूलाई एक महिनादेखि रित्तै फर्काइरहेको छ । यस अस्पतालमा बारा, पर्सा, रौतहट र भारतबाट समेत रेबिजविरुद्धको खोपका लागि आउने गरेका छन् । यसअघि पनि तीन महिनासम्म यो खोपको अभाव खड्किएको थियो । त्यसपछि आएको खोप सकिएकै एक महिना भइसकेको अस्पतालले जनाएको छ ।

खोप उपलब्ध भएका बेला नारायणी अस्पतालमा महिनामा ५ सयदेखि ६ सय भाइल खोप खपत हुने गरेको अस्पतालका रेबिज सम्पर्क व्यक्ति प्रह्लाद साहले बताए । निजी संस्थाबाट यो खोप प्रतिभाइल ६५० रुपैयाँ पर्ने गरेको छ । यो खोप चार पटकसम्म लगाउनुपर्छ । प्रभावकारिताका लागि हरेक डोज तोकिएको समयमै लगाउनुपर्ने चिकित्सकहरू बताउँछन् ।

कोशी प्रदेशका पहाडी जिल्लामा पनि दुई महिनायता रेबिजविरुद्धको खोप अभाव छ । पाँचथर जिल्ला अस्पतालका अहेब सोमनाथ दंगालका अनुसार गत १५ वैशाखयता प्रदेशका कुनै पनि अस्पतालमा रेबिजविरुद्ध लगाइने खोप आएको छैन । सरकारी संस्थामा खोप नभएका कारण कुकुर, बिरालो, स्याललगायत जनावरले टोकेका मानिस निजी स्वास्थ्य संस्थामा जाने गरेका छन् ।

एक महिनाअघि कुकुरले टोकेपछि फिदिम-४ की इक्सा केरुङले प्रतिडोज ६ सय ३० रुपैयाँमा खोप किनेर लगाएको बताइन् । 'सरकारी अस्पतालमा निःशुल्क वा सहुलियतमा खोप पाइन्थ्यो तर त्यहाँ नपाएर बाहिर किन्दा महँगो पर्‍यो,' उनले भनिन् ।

पाँचथर जिल्ला अस्पतालका अनुसार गत चैतमा १ सय ८८ जनाले रेबिजविरुद्धको खोप लगाएका थिए । १५ वैशाखसम्म थप ८८ जनाले खोप लगाएका थिए । त्यसयता खोप अभाव छ । कोशी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले ९ असारभित्र २ सय डोज खोप पठाउने आश्वासन दिएको दंगालले जानकारी दिए ।

बर्दिया अस्पतालमा रेबिजविरुद्धको खोप नहुँदा महँगोमा किनेर लगाउनुपर्ने बाध्यता रहेको गुलरिया नगरपालिका-१० का रमेश लोधले सुनाए । 'अस्ति भतिजालाई कुकुरले टोकेर बर्दिया अस्पताल जाँदा खोप पाइएन,' उनले भने, 'निजी क्लिनिकमा प्रतिडोज ६ सय ५० तिरेर लगाएँ । हामीजस्ता खर्च बेहोर्न नसक्नेलाई त यो महँगो भयो ।'

बर्दिया अस्पतालका सूचना अधिकारी केशव न्यौपानेका अनुसार अस्पतालमा १९ फागुनदेखि रेबिजविरुद्धको खोप छैन । 'प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बुटवलबाट खोप आएको छैन । भ्याक्सिन नभएपछि मानिस त्यत्तिकै फर्किने गरेका छन्,' उनले भने, 'हाम्रो अस्पतालमा महिनामा करिब ३ सय भाइल खोप चाहिन्छ । चालु आर्थिक वर्षको साउनदेखि फागुन दोस्रो सातासम्म ८ सय ४० भाइल मात्र आयो ।'

ठाकुरबाबा आधारभूत नगर अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष चिरञ्जीवी (भावुक) योगीले जेठ तेस्रो सातादेखि खोप अभाव रहेको बताए । 'पालिकाको बजेटबाट खरिद गरी खोप उपलब्ध गराइरहेका थियौं, तर जेठ तेस्रो सातादेखि खोप अभाव भइरहेको छ,' उनले भने, 'खरिदका लागि १ सय डोज माग गर्दा जम्मा ३० डोज पाइन्छ । पहिले जति माग गरे पनि पाइन्थ्यो ।'

बागमती प्रदेश मातहतका अन्य स्वास्थ्य संस्थाहरूमा पनि रेबिजविरुद्धको खोप अभाव छ । हेटौंडास्थित प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमै खोपको मौज्दात सकिएपछि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालसहित प्रदेशका १३ जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा खोप उपलब्ध हुन सकेको छैन ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र खोप शाखाका ईश्वर महराका अनुसार पछिल्ला तीन महिनादेखि नै रेबिज खोपको अभाव देखिएको हो । 'प्रदेशभरिका स्वास्थ्य संस्थाबाट निरन्तर माग आइरहेको छ, तर केन्द्रमा स्टक नभएकाले वितरण गर्न सकिएको छैन,' उनले भने ।

चालु आर्थिक वर्षमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बागमती प्रदेशका लागि १५ हजार भाइल खोप प्राप्त भएको थियो । गत वर्ष मौज्दात रहेको करिब पाँच सय भाइल खोपसमेत थपेर गत माघसम्म वितरण गरिएको थियो । त्यसयता थप आपूर्ति हुन सकेको छैन । प्रदेशभर मासिक करिब १० हजार भाइल खोप आवश्यक पर्ने महराको भनाइ छ ।

खोप खरिद गर्ने अधिकार संघीय सरकारसँग मात्र रहेको र प्रदेश सरकारले माग गरे पनि समयमै आपूर्ति हुन नसकेको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको भनाइ छ । हेटौंडा अस्पतालले आफ्नै स्रोतबाट करिब १० लाख रुपैयाँ बराबरको खोप खरिद गरेर सेवा दिएको थियो । अस्पतालका प्रवक्ता उत्सव चौलागाईंका अनुसार पुनः करिब १० लाख बराबरका २ सय भाइल खोप खरिद प्रक्रिया अघि बढाइएको छ । उक्त खोप आउन अझै केही दिन लाग्छ । अहिले अस्पतालमा २/३ दिनलाई पुग्ने मात्र खोप छ । हेटौंडा अस्पतालमा दिनमा ७ देखि १० जनासम्म रेबिजविरुद्धको खोप लगाउन आउने गरेका छन् ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले रेबिजविरुद्धको खोपको अभाव तत्काल अन्त्य गर्न प्रदेश सरकारबाट टेन्डर आह्वानको तयारी भइरहेको जानकारी दिए । संघीय सरकारको आपूर्तिमा निर्भर रहँदा खोप अभावको अवस्था सिर्जना भएको उनको भनाइ छ ।

काठमाडौंको टेकुस्थित शुक्रराज अस्पतालका अधिकारीहरूका अनुसार कुकुरले टोकेर दैनिक ५ सयभन्दा बढी बिरामी खोप लगाउन आउने गरेका छन् । खोप अभावका कारण काठमाडौंबाहिरबाट पनि मानिस यहाँ आइपुग्ने गरेका छन् । विगतमा चौबीसै घण्टा खोप उपलब्ध गराउँदै आएको शुक्रराज अस्पतालले अभावकै कारण आकस्मिक (इमर्जेन्सी) विभागबाट दिइने खोपको दोस्रो डोज बन्द गरेको छ । अस्पतालले बिरामीलाई दोस्रो डोजका लागि ओपीडीमा आउन आग्रह गरेको छ । खोपको चरम अभाव भएपछि शुक्रराज अस्पतालले यसअघि गण्डकी प्रदेश सरकार र काठमाडौं महानगरपालिकासँग खोप माग गरेको थियो ।

कामका क्रममा हिँडडुल गर्नुपर्ने भएकाले विशेषगरी सडकका कुकुरहरूले टोक्ने जोखिममा श्रमजीवी वर्ग पर्ने गरेका छन् । निजीमा महँगो मूल्य तिरेर खोप लगाउनु उनीहरूलाई मुस्किल पर्ने गर्छ । नेपालमा सरकारी स्वास्थ्य संस्थाबाट मात्रै वार्षिक ६० हजारभन्दा बढीले रेबिजविरुद्धको खोप लगाउने गरेका छन् । हजारौंले निजीबाट पनि खोप लगाउँछन् ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने प्रतिबद्धता जनाएको छ । तर स्वास्थ्य मन्त्रालयकै तथ्यांकले कुकुरले टोकेका घटना बर्सेनि बढिरहेको देखाउँछ । डब्लूएचओका अनुसार विश्वमा प्रति ९ मिनेटमा एक जनाको रेबिजका कारण मृत्यु हुन्छ, जसमा अधिकांश बालबालिका र विपन्न वर्ग पर्छन् । नेपालमा बर्सेनि सयभन्दा बढी व्यक्तिको रेबिजका कारण मृत्यु हुने गरेको अनुमान छ ।

**मेनुका ढुंगाना** (अछाम), **घनश्याम गौतम** (बुटवल), **लक्ष्मी गौतम** (पाँचथर), **शंकर आचार्य** (पर्सा), **रामप्रसाद चौहान** (बर्दिया) र **प्रताप विष्ट** (हेटौंडा)


## सिद्धार्थ बैंक लिमिटेडको आदर्शनगर, वीरगंज स्थित भवन भत्काउने (पाताल गर्ने) तथा लिलाम सम्बन्धी सूचना

प्रथम प्रकाशित मिति : २०८३ आषाढ ३ गते (कान्तिपुर राष्ट्रिय दैनिक)

पर्सा जिल्ला वीरगंज म.न.पा. आदर्शनगर, वीरगंज स्थित यस बैंकको भवन भत्काउनु परेको हुँदा उक्त भवन भत्काई भवनबाट प्राप्त हुने सम्पूर्ण मालसामानहरुको लिलाम तथा भवन भत्काए पश्चातको फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएको हुँदा ईच्छुक व्यक्ति/फर्म/कम्पनी लगायतका महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र बोलपत्र फारममा उल्लेखित शर्त बन्देजको अधिनमा रही बोलपत्र पेश गर्नु हुन पुनः आव्हान गरिन्छ ।

- बोलपत्र फारम शुल्क : रु १,०००
- न्युनतम राख्नु पर्ने धरौटी रकम : रु २५,०००
- बोलपत्र प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०८३ आषाढ १७ गते, बेलुकी ५ बजेसम्म
- बोलपत्र प्रस्ताव पेश गर्ने स्थान : सामान्य प्रशासन विभाग, हात्तीसार, काठमाडौं

नोटः थप जानकारी लिनु परेमा बैंकको वेबसाइट https://www.siddharthabank.com/notice मार्फत तथा बैंकको सामान्य प्रशासन विभाग, हात्तीसार, काठमाडौंबाट जानकारी लिई उल्लेखित दस्तुर बुझाई बोलपत्र फारम प्राप्त गरि बोलपत्र फारम बुझाउन सक्नु हुनेछ ।

SiddharthaBank

Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com



## गोदावरी नगरपालिका १४ नं. वडा कार्यालय

ठैव, ललितपुर

**नक्सा पास सम्बन्धमा जारी भएको ३५ दिने सूचना**

सूचना प्रकाशित मितिः २०८३/०३/११

साविक मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ८ बस्ने श्री माइली लामाको नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा श्रेस्ता कायम रहेको साविक ललितपुर जिल्ला ठैव गा.वि.स. वडा नं. ९ हाल गोदावरी नगरपालिका वडा नं. १४ ठैव स्थित कि.नं. ४३० क्षेत्रफल ०-२-२-१ को जग्गामा रहेको घरको अभिलेखिकरण नक्सा पासको लागि मिति २०८१/०९/२३ मा दर्ता गरि १५ दिने सूचना टाँसको लागि वडा कार्यालयबाट पठाएको र तपसिल सँधियारका नाममा १५ दिने सूचना जारी गरी बारम्बार सर्जमिनका लागि जाँदा तपसिल सँधियारहरु फेला नपरेको (उपस्थित नभएको) हुँदा नक्सा पास कार्य रोकिएकोले यदी कोहि कसैलाई दावी विरोध भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र गोदावरी न.पा. वडा नं. १४ वडा कार्यालयमा उपस्थित हुन अनुरोध गरिन्छ । यदी तोकिएको वडा कार्यालयमा उपस्थित हुन नआएमा कानून बमोजिम नक्सा पास प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

दक्षिण तर्फको सँधियार मुकुन्द सन्जेल (कि.नं. १७५)

उत्तर तर्फको सँधियार कृष्ण महत (कि.नं. १६४)



## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८३।३।११ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८३।२।४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसील

**धितो लिलाम बिक्री हुने मिति : २०८३ साल असार महिना २६ गते शुक्रबार दिनको १२ बजे देखि ३ बजे सम्म**
**सम्बन्धित कार्यालय र लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय पोखरा पृथ्वींचोक ।**
**ग्राहकको नाम : पाँच पोखरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. (संचालक : जितेन्द्र सिग्देल)**
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ ।
फर्म/कम्पनिको दर्ता नं : १५३०३५/०७३/०७४, दर्ता मिति : २०७३।०४।१८, पान नं. : ६०४२९७०४६

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | म.न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल ठेक्का कर्जा तथा जमानत सुविधा (फोर्स लोन) | ज्ञानेन्द्र प्रसाद सिग्देल | कास्की | पोखरा | १३ | १२१ | १३८१. ५५ ब.मी. |

प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जितेन्द्र सिग्देल | पोखरा- १३, कास्की | ६२५२ | कास्की /२०४९/१२/२२/ जिल्ला प्रशासन कार्यालय | ज्ञानेन्द्र प्रसाद सिग्देल | रमानाथ सिग्देल |
| जंग बहादुर गुरुङ | गौरीशंकर- ६, दोलखा | १२२१२-३५११ | दोलखा / २०५५।०८।२९ / जिल्ला प्रशासन कार्यालय | कोमल बहादुर गरुङ | रण बहादुर गरुङ |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जितेन्द्र सिग्देल | पोखरा- १३, कास्की | ६२५२ | कास्की / २०४९/१२/२२/ जिल्ला प्रशासन कार्यालय | ज्ञानेन्द्र प्रसाद सिग्देल | रमानाथ सिग्देल |
| ज्ञानेन्द्र प्रसाद सिग्देल | पोखरा-१३, कास्की | ४०३६ | कास्की / २०४९/०७/१३/ जिल्ला प्रशासन कार्यालय | रमानाथ सिग्देल | तुलसी प्रसाद सिग्देल |
| सुधा सिग्देल | पोखरा- १३, कास्की | ११९२७८ | कास्की / २०५८/०६/२६/ जिल्ला प्रशासन कार्यालय | जितेन्द्र सिग्देल | ज्ञानेन्द्र प्रसाद सिग्देल |
| जंग बहादुर गुरुङ | गौरीशंकर- ६,दोलखा | १२२१२-३५११ | दोलखा / २०५५।०८।२९ / जिल्ला प्रशासन कार्यालय | कोमल बहादुर गरुङ | रण बहादुर गरुङ |

शर्तहरु :
१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।


# ११ जिल्लाका ८७ स्थानमा...

चाँगुनारायण नगरपालिकाको वडा २, ८ र ९ मा पालिएका ३८ हजार ७ सय ९५ कुखुरा नष्ट गरिएका छन् भने सूर्यविनायक नगरपालिकाको १, ४ र ८ मा ९ हजार ३ सय ७८ कुखुरा नष्ट गरिएको पशु सेवा कार्यालय, ललितपुरका पशु चिकित्सक डा. अमिक श्रेष्ठले जानकारी दिए । सूर्यविनायक नगरपालिकामा रोगका कारण धेरै कुखुरा पहिले नै मरिसकेको उनले बताए । अहिले लोकल तथा लेयर्स कुखुरामा यो रोग देखिएको र ब्रोइलरमा भने कम सरेको डा. श्रेष्ठको भनाइ छ ।

बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहतसम्बन्धी मापदण्ड २०७९ अनुसार किसानले सरकारबाट क्षतिपूर्ति पाउनेछन् । क्षतिपूर्ति बजारमूल्यअनुसार निर्धारण हुने उल्लेख छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने दररेट निर्धारण समितिको सिफारिसका आधारमा लागत मूल्यको ७५ प्रतिशतसम्म किसानलाई राहत दिइने व्यवस्था छ ।

तर यस पटक अनुमान गरिएभन्दा बढी संक्रमण फैलिएकाले बजेट अभाव रहेको विभागका महानिर्देशक डा. दाहाल बताउँछन् । 'यस पटक अनुमान गरिएभन्दा धेरै क्षति भयो, त्यसैले बजेट पुगेन,' उनले भने, 'हामीले राहतका लागि रकमान्तर गरेर रकम उपलब्ध गराउन कृषि, वन तथा पर्यावरण मन्त्रालयमार्फत अर्थ मन्त्रालयलाई अनुरोध गरिसकेका छौं ।'

चैतमा मोरङबाट सुरु संक्रमणले ६० करोड रुपैयाँबराबरको प्रत्यक्ष क्षति भएको विभागको अनुमान छ । महानिर्देशक डा. दाहाल भन्छन्, 'यो प्रत्यक्षतर्फको क्षतिको अनुमान मात्र हो, किसानहरू धेरै मर्कामा पर्नु भएको छ । बर्डफ्लु देखिएपछि कम्तीमा पनि दुई महिना फार्म बन्द हुन्छ, उहाँहरूको आम्दानीको चक्र नै खलबलिन्छ ।'

चालु आर्थिक वर्षमा किसानलाई राहत उपलब्ध गराउने शीर्षकमा जम्मा २ करोड रुपैयाँ मात्र विनियोजन भएको महानिर्देशक दाहालले जानकारी दिए । बर्डफ्लु प्रभावित किसानलाई राहत दिन थप ५० करोड मागिएको उनले बताए । आगामी आर्थिक वर्षको बजेटमा भने किसानलाई राहत दिन ५६ करोड रुपैयाँ विनियोजन गरिएको छ । बागमती प्रदेश सरकारले विपद्बाट हुने पशुपन्छीको क्षतिका लागि बजेट छुट्याउने गरेको छ । तर यस्तो राहत रकम नदोहोरिने गरी बाँड्नुपर्ने कानुनी प्रावधान छ । एच-नाइन, रानीखेत र इकोलाइ लगायतका रोगबाट पशुपन्छी मरेको अवस्थामा भने सरकारले राहत उपलब्ध गराउँदैन । यी रोगबाट पशुपन्छीलाई बचाउन सरसफाइ र व्यवस्थापनमा ध्यान दिन किसानलाई विभागले आग्रह गरेको छ ।

बागमतीको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी बाली विकास अधिकृत आविष्कार पौडेलले गत चैतसम्मको क्षतिपूर्ति दिइसकेको बताए । 'विपद्बाट किसानलाई पशुपन्छीमा भएको क्षतिको राहतका लागि प्रदेश सरकारले ५ करोड रुपैयाँ छुट्याएको थियो, हामीले चैतसम्म भएका विभिन्न क्षतिको राहत दिइसकेका छौं,' उनले भने, 'चैतयताको भने आगामी आर्थिक वर्षको बजेटबाट राहत उपलब्ध गराइनेछ ।'

चैतदेखि कोशी प्रदेशका विभिन्न जिल्लामा फैलिएको बर्डफ्लु (एच५एन१) का कारण ठूलो क्षति व्यहोरेका कुखुरा किसानले अझैसम्म क्षतिपूर्ति पाएका छैनन् । गत चैत ४ मा मोरङको उर्लाबारी नगरपालिका-७ स्थित अठियाबारी कृषि फार्ममा अचानक कुखुरा मर्न थालेपछि गरिएको परीक्षणमा बर्डफ्लु संक्रमण पुष्टि भएको थियो ।

सोही दिन सुन्दरहरैंचा नगरपालिका-४ स्थित हलेसी महादेव कृषि फार्ममा पालिएका कुखुरामा पनि संक्रमण देखिएको थियो । त्यसको दुई दिनपछि, चैत ६ मा सुनसरीको इटहरी उपमहानगरपालिका-१४ स्थित ओको कृषि फार्ममा बर्डफ्लु पुष्टि भयो । चैत ७ मा झापाको दमक नगरपालिका-१० स्थित दमक एग्रिकल्चर फार्ममा पनि संक्रमण भेटियो ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगरका अनुसार २०८२ चैतयता सुनसरीका २३, मोरङका १४ र झापाका ४ कृषि फार्ममा संक्रमण पुष्टि भएको छ । निर्देशनालयका अनुसार तीन जिल्लामा गरी ४ लाख १२ हजार ९ सय ५४ वटा कुखुरा, ६ लाख २ हजार १ सय ५५ वटा अन्डा र १ लाख ५७ हजार ७८ किलोग्राम दाना नष्ट गरिएको छ ।

कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी पशु चिकित्सक देवकुमार दर्लामीले बर्डफ्लुबाट भएको क्षतिको विवरण टिपोट गरेर पशु सेवा विभाग पठाए पनि रकम नआएको बताए ।

सहायक मत्स्य विकास अधिकृत महेश कटुवालका अनुसार सुनसरीमा सबैभन्दा बढी २ लाख ८६ हजार ९ सय २१ वटा कुखुरा, ३ लाख ७७ हजार ८० वटा अन्डा र १ लाख २१ हजार ७ सय ७५ किलोग्राम दाना नष्ट हुँदा करिब २९ करोड २३ लाख ९३ हजार रुपैयाँ बराबरको क्षति भएको छ । मोरङमा १ लाख २ हजार ९ सय ४३ वटा कुखुरा, १ लाख २७ हजार ६ सय २५ वटा अन्डा र २४ हजार ८ सय ३८ किलोग्राम दाना नष्ट गरियो ।

झापामा २० हजार ९० वटा कुखुरा, ९७ हजार ४ सय ५० वटा अन्डा र १० हजार ४ सय ६५ किलोग्राम दाना नष्ट गरिएको छ । यसबाट करिब २ करोड ९६ लाख ४ हजार रुपैयाँ बराबरको क्षति भएको निर्देशनालयले जनाएको छ । तीन जिल्लामा गरी कुल ५० करोड ३० लाख रुपैयाँभन्दा बढीको क्षति भएको निर्देशनालयले जनाएको छ ।

तर किसानको क्षतिको विवरण पशु सेवा विभागमा पठाइए पनि हालसम्म राहत रकम उपलब्ध हुन सकेको छैन । 'हामीले क्षतिको विवरण संकलन गरेर सिफारिससहित विभागमा पठाइसकेका छौं,' सहायक मत्स्य विकास अधिकृत कटुवालले भने, 'तर, किसानले अझै क्षतिपूर्ति पाएका छैनन् ।'

किसानहरूले क्षतिपूर्ति वितरणमा भएको ढिलाइले पुनः व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको बताएका छन् । इटहरीस्थित ओको कृषि फार्मका सञ्चालक धनप्रसाद राईले तीन महिना बितिसक्दा पनि सरकारले क्षतिपूर्ति उपलब्ध नगराएको गुनासो गरे । 'करिब अढाई करोड रुपैयाँ बैंकबाट ऋण लिएर व्यवसाय सुरु गरेका थिए,' उनले भने, 'बर्डफ्लुले सबै डुबाइदियो ।'

काभ्रेमा बनेपा नगरपालिका-१३ साँगा र पनौती नगरपालिका-७ स्थित सुकुमवासी बस्ती क्षेत्रमा संक्रमण पुष्टि भएको छ । पशु सेवा कार्यालय काभ्रेका प्रमुख ब्रजकिशोर ठाकुरका अनुसार साँगास्थित एक लेयर्स कुखुरा फार्ममा करिब १६ सयदेखि १७ सय कुखुरा तथा पनौतीमा करिब ७ सय ५० वटा हाँस र लोकल कुखुरा प्रभावित भएका छन् । ती स्थानमा संक्रमित पन्छी नष्ट गर्ने (डिस्पोजल) कार्य भइरहेको उनले बताए ।

**पर्वत पोर्तेल** (विराटनगर), **ज्योती श्रेष्ठ** (काभ्रे), र **सुन्दर शिल्पकार** (भक्तपुर)

## समयमै बर्डफ्लु चिनौं, समस्या निदान गरौं



डा. मनोजकुमार शाही
वरिष्ठ पशु चिकित्सक, कृषि, वन तथा पर्यावरण मन्त्रालय

बर्डफ्लुको खबर फैलिनेबित्तिकै धेरै उपभोक्तामा एउटा डर पैदा हुन्छ– कुखुराको मासु र अन्डा खान हुन्छ कि हुँदैन ? तर स्वास्थ्य तथा पशु स्वास्थ्य विज्ञहरूका अनुसार मासु र अन्डा राम्रोसँग पकाएर वा उमालेर खाँदा बर्डफ्लुको भाइरस नष्ट हुने भएकाले यसमा डराइहाल्नुपर्दैन । तसर्थ बजारमा पाइने मासु र अन्डा राम्रोसँग पकाएर खाने बानी बसाल्नु नै सबैभन्दा सुरक्षित उपाय हो ।

कुखुरा फार्ममा काम गर्ने, मासु काट्ने वा बेच्ने व्यक्तिहरूले मास्क, पन्जा र बुट प्रयोग गर्ने तथा कामपछि साबुनपानीले राम्रोसँग हातखुट्टा धुने गरे संक्रमणको जोखिम धेरै हदसम्म कम गर्न सकिन्छ । बर्डफ्लुबाट बच्न किसान र व्यवसायीले पनि विशेष सावधानी अपनाउन आवश्यक छ । कुखुरा फार्ममा जंगली चरा आउन नदिन जाली लगाउने, फार्ममा प्रवेश गर्ने मानिस र सवारीसाधनलाई निसंक्रमण गर्ने तथा सरसफाइमा ध्यान दिने कामले रोग फैलिनबाट रोक्छ ।

कुखुरा, चल्ला, दाना वा अन्डा ओसारपसार गर्ने सवारीलाई नियमित रूपमा सफा र निसंक्रमण गर्नुपर्छ । कुनै फार्ममा बर्डफ्लु देखियो भने हतारमा फेरि नयाँ कुखुरा थप्नुहुँदैन । रोग नियन्त्रण भएको कम्तीमा ४२ दिनसम्म कुनै नयाँ संक्रमण नदेखिएपछि मात्र पुनः पालन सुरु गर्नु सुरक्षित मानिन्छ । बर्डफ्लु किसान वा कुखुरा व्यवसायीको समस्या मात्र होइन । यो जनस्वास्थ्य, पशु स्वास्थ्य र देशको अर्थतन्त्रसँग जोडिएको विषय पनि हो । त्यसैले अफवाह र डरका आधारमा होइन, सही जानकारी र सावधानीका आधारमा व्यवहार गर्नु आवश्यक छ । समयमै जानकारी दिने, शंका लागेमा सम्बन्धित निकायलाई खबर गर्ने र आवश्यक सुरक्षा उपाय अपनाउने हो भने बर्डफ्लुको जोखिम नियन्त्रण गर्न सकिन्छ ।

विश्वव्यापी तथ्यांकअनुसार २० वर्ष (सन् २००४ देखि २०२३) को तुलनामा कुखुराको मासु र अन्डा उत्पादनमा करिब ९० प्रतिशतले वृद्धि भई कुल मासु उत्पादनमा कुखुराको मासुको हिस्सा सोही अवधिमा ३० बाट बढेर ४० प्रतिशत पुगेको छ । सोही अवधिमा नेपालमा अन्डाको उत्पादन ५८ करोड गोटा प्रतिवर्षदेखि एक अर्ब ६४ करोड गोटा र मासुको उत्पादन करिब १५ हजार टनबाट बढेर करिब २ लाख टन पुगेको छ । कुखुरा उद्योगले पोषण सुरक्षा मात्र नभई रोजगारी र न्यून आयस्तर भएका किसानको जीविकोपार्जनमा महत्त्वपूर्ण भूमिका छ ।

विश्व पशु स्वास्थ्य संगठनका अनुसार सन् १९७८ मा पन्छीमा मात्र देखिएको बर्डफ्लु पछि सन् १९९७ मा मानिसमा पहिलो पटक देखापरेको थियो । अहिले मानिस र पन्छीबाहेक गाई, बिरालो, कुकुर, बाघ, सिंह, स्याल, चिल, सुँगुरलगायत पशुमा पनि यो रोग देखिन थालेपछि झन् चासो र चिन्ता बढेको छ । महामारीबाट बच्ने मुख्य उपाय भनेको भाइरसलाई छिटो नियन्त्रणको विधिमार्फत पन्छीमा सीमित राख्ने र अन्य पशु र मानिसमा संक्रमण हुन नदिई म्युटेसन वा स्वरूप परिवर्तनलाई न्यूनीकरण गर्ने नै हो ।

पन्छीमा बर्डफ्लुका कारण करिब शतप्रतिशत मृत्युदर छ । हालसम्म पशुपन्छीबाट मात्र मानिसमा यो रोग सरेको र सर्ने दर एकदमै न्यून पाइएको छ । मानिसबाट मानिसमा बर्डफ्लु संक्रमण भएको प्रमाण भेटिएको छैन । हालसम्म विश्वभर करिब ९ सय जनामा बर्डफ्लुको संक्रमण भएको र तीमध्ये करिब ५० प्रतिशतको मृत्यु भएको देखिएको विश्व स्वास्थ्य संगठनको तथ्यांक छ ।

बर्डफ्लुका कारण हालसम्म नेपालमा एक जनाको मृत्यु भएको छ । बर्डफ्लु रोग नियन्त्रण नियमावली, २०७८ अनुसार नेपालमा यो रोग फैलिएपछि नियन्त्रणको काम गरिन्छ । यसका लागि संक्रमित पन्छी मात्र मारिँदैन, वरिपरिको संक्रमित पन्छीसँग लसपस भएका वा हुन सक्ने सबै पन्छी, अन्डा, दाना, सोत्तरलगायत वस्तु नष्ट गरी निसंक्रमण गरिन्छ । जनचेतनाका कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य मन्त्रालय र वन्यजन्तुसँग सम्बन्धित निकायसँग समन्वयमा मानिस, वन्यजन्तु र पन्छीमा रोग अन्वेषणका कार्यक्रम सञ्चालन गर्ने र पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसारमा रोक लगाउने काम पनि गरिन्छ ।


## शिवसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

अनामनगर, काठमाण्डौ

**कर्जा रकम भुक्तानी गर्न आउने वारेको अत्यन्त जरुरी सूचना**

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०३/११

यस सहकारी संस्थाबाट सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस सहकारी संस्थाको कार्यालय अनामनगरबाट तपसिलमा उल्लिखित कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याँज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस सहकारी संस्थामा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस सहकारी संस्थामा सम्पर्क राखी यस सहकारी संस्थालाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | ऋणी/प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिको विवरण |
|---|---|
| १. | ऋणी : रवि रिमाल<br>बाबुको नाम : बाल प्रसाद रिमाल<br>बाजेको नाम : कृष्ण उपाध्याय रिमाल<br>ठेगाना : कोटेश्वर–३२, काठमाण्ठौ<br>ना.प्र.नं. : ७५३३/१३८४१<br>जारी गर्ने कार्यालय : जि.प्र.का. काठमाण्डौ<br>जारी मिति : २०४५/०२/११<br>**कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**कर्जा लिएको कार्यालय : अनामनगर** |




# आफूअनुकूल नतिजा निकाल्न सक्ने आशंका

## विश्वकपमा ४८ टिमको सहभागिता रहेको हुनाले लिग चरणको अन्तिम खेलमा सबैको चासो

लस एन्जलस (एएफपी)- अल्जेरियासामु विश्वकपमा अस्ट्रियासँग ४४ वर्ष पुरानो खेलको बदला लिन अवसर हुनेछ, जतिबेला यी दुई देश लिग चरणको आफ्नो समूहको अन्तिम खेलमा भिड्नेछन् । यो चरणको खेलमा एउटा डर रहनेछ, कतै टिमले आफूअनुकूल नतिजा निकाल्न खास नतिजाका लागि खेल्ने त होइन ? सन् १९८२ को विश्वकपमा पश्चिम जर्मनीले अस्ट्रियालाई १-० ले हराएको थियो । यो यस्तो नतिजा थियो, जसका कारण गोल अन्तरको आधारमा अल्जेरिया प्रतियोगिताबाट बाहिरिएको थियो ।

ती दुई देश भने अगाडि बढे । यो खेललाई अझै पनि ‘गिजोनको अपमान’ नामले सम्झिने गरिन्छ । यो खेलको नतिजालाई लिएर व्यापक विरोध पनि भएको थियो । यस्तोमा फिफाले एउटा ऐतिहासिक निर्णय गरेको थियो, लिग चरणको अन्तिम दुई खेल एकै समय गराउने ।

यसपल्टको विश्वकपमा ४८ टिमको सहभागिता रहेको हुनाले आफूअनुकूल नतिजा निकाल्न सक्ने डर फेरि तयार भएको छ । सन् १९९४ यता पहिलो पटक तेस्रो स्थानमा आउने टिमले पनि नकआउट चरण खेल्नेछन् । नकआउट चरण पुग्न अहिले पनि ४ अंक पर्याप्त हुनसक्छ ।

अहिलेको विश्वकपमा ४८ टिम १२ समूहमा छन् । त्यही १२ समूहको तेस्रो स्थानमा आउने टिममध्ये शीर्ष आठले अन्तिम ३२ को चरण खेल्नेछन् । समूह ‘डी’ मा बिहीबार अस्ट्रेलिया र पाराग्वे भिड्दै छन् । दुवैको समान ३ अंकमा छ । यी दुवै टिमले टर्कीलाई हराएको थियो अनि सह-आयोजक अमेरिकासँग भने पराजित भएको थियो । यो खेलको नतिजा बराबरीमा टुंगिने हो भने दुवै टोली नकआउट चरण पुग्नेछन् ।

अस्ट्रेलियाली डिफेन्डर जेसन जेरिया यस विषयमा चिन्ता व्यक्ति गर्दै भन्छन्, ‘केहीलाई यो खेलमा बदमासी हुनसक्ने डर छ । तर यस्तै हुनुपर्छ भन्ने हुन्न । हामी दुवै थप एक अंक जित्ने हो भने अर्को चरण पुग्नेछौं । हामी यही नतिजा मनमा राखेर खेल्ने छैनौं ।’

शुक्रबार इजिप्ट र इरानबीच खेलको स्थिति पनि यस्तै छ । दुवै टिमका लागि एक अंक अर्को चरण पुग्न पर्याप्त छ । त्यसैले यो खेलका नतिजा बराबरीमै टुंगिने सम्भावना धेरै छ । भू-राजनीतिको तनावबीच विश्वकप खेलिरहेको इरान सुरुआती दुवै खेलमा अपराजित छ ।

यी दुई बराबरीका लागि इरानले सक्दो राम्रो खेलेको छ । लगातार तेस्रो बराबरीले पनि इरानलाई नकआउट चरण पुर्‍याउने छ । यस्तो भएमा विश्वकप इतिहासमै पहिलो पटक इरान नकआउट चरण पुग्नेछ, उत्कृष्ट एक तेस्रो टिमका रूपमा ।



घानाविरुद्ध गोलको प्रयास गर्दै इंग्ल्यान्डका ह्यारी केन । तस्बिर : एपी

समूह ‘जी’ बाट इजिप्ट पनि अर्को चरण पुग्न सक्छ । यदि यही समूहको अर्को खेलमा बेल्जियमले न्युजिल्यान्डलाई दुई गोलभन्दा बढी अन्तरले हराउन सकेन भने । केही टिमका लागि तेस्रो खेल यस्तो रहेको छ, जसको नतिजाको कुनै धेरै ठूलो अर्थ हुने छैन ।

यसपल्ट फिफाले गोल अन्तरको स्थानमा ‘हेड टु हेड’ नियम लागू गरेको छ । त्यो दुई टिम समान अंकमा छ भने । अहिलेसम्म मेक्सिको, अमेरिका, जर्मनी र अर्जेन्टिनाले आ-आफ्नो समूह जित्ने निश्चित भइसकेको छ । अर्कोतर्फ हाइटी, टर्की, ट्युनिसिया, जोर्डन र पानामा जस्ता टिमको चुनौती अन्तिम खेल अगाडि नै समाप्त भइसकेको छ । अहिलेको तेस्रो हुने उत्कृष्ट आठ टिम अर्को चरण पुग्ने नियमले थप केही जटिलता पनि ल्याएको छ । जुन टिमले सुरुमा खेल्छ, तिनीहरूको तुलनामा पछाडि खेल्ने टिमलाई फाइदा हुनेछ ।

अहिले नै के महसुस गर्न थालिएको छ भने ४८ टिमको विश्वकपबाट ३२ टिमको नकआउट चरणमा पुग्ने समीकरण कठिन मात्र छैन, यसले उत्तिकै विवाद पनि ल्याउन सक्नेछ । बरू यसको स्थानमा विश्वकपमा सहभागी संख्या बढाएर ६४ पुर्‍याउने हो भने त्यसले सहजता ल्याउन सक्नेछ भन्ने मत पनि अगाडि आएको छ । यस्तोमा १६ समूह हुनेछ । प्रत्येक समूहको शीर्ष दुई टिम अन्तिम ३२ को चरणमा पुग्नेछन् । तर यति धेरै सहभागी हुने विश्वकपको आयोजना आफैंमा कतिसम्म गाह्रो हुन सक्नेछ, त्यो अर्को प्रश्न हुनेछ ।

| | | |
|---|---|---|
| पोर्चुगल | ५-० | उज्वेकिस्तान |
| कोलम्बिया | १-० | डीआर कंगो |
| इंग्ल्यान्ड | ०-० | घाना |
| क्रोएसिया | १-० | पानामा |

विश्वकप २०२६ को विस्तृत समाचारका लागि स्क्यान गर्नुहोस् ।

### प्लेयर्स टु वाच

#### आयसे उएदा (जापान)

विश्वकप इतिहासको १ हजार खेललाई आयसे उएदाले एतिहासिक बनाएका थिए, जब उनले २ गोल गरेपछि जापानले ट्युनिसियामाथि ४-० को विजय हात पारेको थियो । जापानले पहिलो पटक विश्वकपमा ४ गोल गरेको थियो । यसको प्रमुख श्रेय उएदाले जान्छ । उनले पहिलो हाफमा पेनाल्टी बक्सबाहिरबाट उत्कृष्ट गोल गरेका थिए भने व्यक्तिगत दोस्रो गोल नजिकको दुरीबाट गरे । डच लिगमा फेयनुर्डबाट खेल्दै ३१ खेलमा २५ गोल गरी उएदा विश्वकप खेल्न उत्तर अमेरिका पुगेका थिए । त्यसैले ट्युनिसियाविरुद्ध गरेको दुई गोलमा खासै आश्चर्य भने थिएन ।



फेयनुर्डमा बिताएको सिजन र विश्वकपको प्रदर्शनले उनी इंग्लिस प्रिमियर लिगमा स्थानान्तरण हुने सम्भावना बढ्दै गएको छ । उनीमाथि धेरै क्लबले आँखा लगाइरहेका छन् । उएदा दोस्रो विश्वकप खेलिरहेका छन् । तर २०२२ को विश्वकप उनका लागि बिर्सनलायक रहयो । समूह चरणको खेलमा उनलाई कोस्टारिकाविरुद्ध खेलाइएको थियो, तर मध्यान्तरमै परिवर्तन गरिएको थियो । २०१९ मा राष्ट्रिय टोलीबाट ‘डेब्यु’ गरेयता २७ वर्षे क्लिनिकल स्ट्राइकर उइदाले ४१ खेलमा १८ गोल गरिसकेका छन् ।




# रोनाल्डो भन्छन्, ‘म त फर्कें’

ह्युस्टन (एपी)- पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले एउटा सामान्य दिन चाहे । यो आफैंमा गहन भने रह्यो । यसपालिको विश्वकपमा पोर्चुगलले उज्वेकिस्तानलाई हराएयता रोनाल्डोले टेलिभिजन क्यामरातर्फ हेर्दै भने, ‘म त फर्कें’ ।

त्यस खेलमा उनले दुई गोल गरेका थिए । त्यसै क्रममा रोनाल्डो ६ फरक विश्वकपमा गोल गर्ने पहिलो खेलाडी हुने इतिहास रच्न सफल भए । उनका लागि कंगोविरुद्धको पहिलो खेल भने बिर्सनलायक रहेको थियो । खासमा ४१ वर्षीय स्टार रोनाल्डोका लागि आलोचना केही नयाँ रहेकै छैन ।

यस साता आफूविरुद्ध जति सुन्नुपरेको छ, त्यसले भने अप्ठ्यारो पारेको उनी मान्छन् । ‘सधैं हुने यस्तै हो,’ पोर्चुगाली भाषामा प्रतिक्रिया दिनेक्रममा रोनाल्डोले भने, ‘मैले फुटबल खेलिरहेको पनि २३ वर्ष भयो, यस्तो आलोचनाले केही फरक भने पार्दैन । केही राम्रो भयो भने सबैले भन्छन्, रोनाल्डो राम्रा खेलाडी हुन् । केही नराम्रो भयो भने सबैले भन्छन्, रोनाल्डो बूढा भए । मलाई लाग्छ, आज हामीले यस्ता सबै आरोपको उत्तर दिएका छौं, म र साथीहरू सबैले ।’

जाओ कान्सेलोको क्रसलाई छैटौं मिनेटमा गोलमा परिणत गरेपछि रोनाल्डोले नयाँ इतिहास रचेका हुन् । यसलगत्तै उनी बेन्चतिर दौडिए र साथीहरूसँग खुसीयाली मनाए । पछि उनले ३९ औं मिनेटमा दोस्रो गोल पनि थपे । त्यसका लागि भने ब्रुनो फर्नान्डेजको पास सदुपयोग गरे । उज्वेकिस्तानका प्रशिक्षक फाबियो कानाभारोले खेलपछि भने, ‘रोनाल्डोलाई एक सेन्टिमिटर मात्र खुलेर खेल्नु दिनुपर्छ, विपक्षी टिमलाई गाह्रो हुन्छ ।’ नभन्दै रोनाल्डो नै खेलमा ‘प्लेयर अफ द म्याच’ भए ।



६ फरक विश्वकपमा गोल गर्दा पोर्चुगलका क्रिस्टियानो रोनाल्डो । तस्बिर : एपी

खेलपछि रोनाल्डोको प्रशंसा गर्नेमा पोर्चुगलकै प्रशिक्षक रोबर्टो मार्टिनेज पनि रहे । उनले भने, ‘रोनाल्डो भने मान्छे नै हुन्, उनी पनि भावनात्मक हुन्छन् । उनले राम्रो खेलेर उत्तर दिएका छन् । उनलाई जे मनमा लाग्छ, त्यसको उत्तर कामबाट दिन्छन् । यो नै व्यवसायिकता हो ।’

उही प्रदर्शनको मदतमा उनी विश्वकप इतिहासमै गोल गर्ने दोस्रो पाको खेलाडी पनि बनेका छन् । अझै पनि विश्वकपमा गोल गर्ने सबैभन्दा बढी उमेरका खेलाडी क्यामरुनका रोजर मिल्ला नै हुन् । उनले गोल गर्दा ४२ वर्ष उमेरका थिए ।

यसपल्ट मात्रै रोनाल्डो र अर्जेन्टिनी कप्तान लियोनल मेसी ६ संस्करणको विश्वकप खेल्ने पहिलो खेलाडी भएका थिए । सन् २००६ मा डेब्यु गरेयता रोनाल्डोले सबै संस्करणमा गोल गरेका छन् । त्यो भनेको सन् २००६ देखि २०१०, २०१४, २०१८, २०२२ र अहिले । यसैमा रोनाल्डोले आफ्ना निकट प्रतिद्वन्द्वी मेसीलाई भने पछाडि छाडेका छन् । मेसीले सन् २०१० को विश्वकपमा गोल गर्न सकेका थिएनन् । विश्वकपमा रोनाल्डोले गरेको कुलसंख्या भने १० पुगेको छ ।

यो तथ्यमा भने रोनाल्डो मेसीभन्दा अलिकति पछाडि नै छन् । विश्वकपमा मेसीको गोलसंख्या १८ पुगिसकेको छ । अन्तर्राष्ट्रिय फुटबलमा रोनाल्डोको कुल गोलसंख्या भने १ सय ४५ पुगेको छ । उनी पोर्चुगलका लागि विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन् ।

यसअघि यो कीर्तिमान ९ गोलरहित इसिबो अगाडि थिए । उज्वेकिस्तानविरुद्धको खेल रोनाल्डोले जितेको २ सय ३० औं क्याप रह्यो । यस्तोमा उनी सर्वाधिक अन्तर्राष्ट्रिय खेल खेल्ने खेलाडी रहेका छन् ।

सन् २०१६ मा पोर्चुगलका लागि युरोपियन च्याम्पियनसिप जितेका रोनाल्डोले म्यानचेस्टर युनाइटेड र रियल म्याड्रिडबाट पाँच पटक च्याम्पियन्स लिग जितेका छन् ।

# गोल्डेन बुटको प्रतिस्पर्धाले चुलिएको विश्वकप

कान्सास सिटी (एएफपी)- गोल्डेन बुट विश्वकपको एउटा छेउको हिस्सा मात्र हो । तर अहिले उत्तर अमेरिकामा चलिरहेको विश्वकपमा यो प्रमुख चर्चाको विषय बनिरहेको छ । यसको कारण प्रमुख खेलाडीले उच्च प्रदर्शन गर्दै गोल गरिरहनु हो ।

विश्वकप इतिहासको सर्वाधिक गोल गर्ने कीर्तिमान अर्जेन्टिनी सुपर स्टार लियोनल मेसीले तोडिसकेका छन् । अमेरिकामा उनले २ खेलमा ५ गोल गर्दै विश्वकपमा आफ्नो कुल गोलसंख्या १८ पुर्‍याइसकेका छन् । उनले जर्मनीका मिरोस्लाभ क्लोजको १६ गोलको कीर्तिमान उछिनेका हुन् ।

मेसीलाई पछ्याइरहेका फ्रान्सका केलियन एमबाप्पे र नर्वेका इर्लिङ हालान्डले २ खेलमा ४-४ गोल गरिसकेका छन् । पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र इंग्ल्यान्डका ह्यारी केन पनि सर्वाधिक गोल गर्ने सूचीमा छन् । यसले लामो समयदेखि एकै प्रतियोगितामा सर्वाधिक १३ गोल गरेका फ्रान्सका जस्ट फोन्टेनको कीर्तिमानलाई चुनौती दिएको छ । जर्मनीका गर्ड मुलर एकै विश्वकपमा दोहोरो स्कोरमा गोल गर्ने पछिल्ला खेलाडी हुन् । उनले १९७० मा मेक्सिकोमा भएको विश्वकपमा १० गोल गरेका थिए ।

एक अवसर छाड्ने हो भने पछिल्ला तीन विश्वकपमा व्यक्तिगत सर्वाधिक गोलसंख्या ६ रहेको छ । २०१० को विश्वकपमा सर्वाधिक व्यक्तिगत गोल ५ थियो भने २००२ को विश्वकपमा ब्राजिलका रोनाल्डोले उपाधि यात्रामा ८ गोल गरेका थिए । एमबाप्पेले चार वर्षअघि कतारमा ८ गोल गरेका थिए ।

बुधबारमात्र ३९ वर्षमा लागेका मेसी यस विश्वकपमा पनि असाधारण देखिएका छन् । उनले अल्जेरियाविरुद्ध यादगार ह्याट्रिक गोल गरेका थिए भने अस्ट्रियाविरुद्ध २ गोल थपेका थिए । कान्सासमा भएको पहिलो खेलपछि अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कोलानीले भेट्रान फरवार्ड मेसीबारेमा बयान गर्न कठिन हुने बताएका थिए ।

‘हामी अहिले पनि मेसीको अद्‌भूत कलालाई लिएर अचम्मित छौं, उनलाई हामीले दैनिक देख्दै आएका छौं, उनले २० वर्षदेखि उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्,’ स्कोलानीले भनेका थिए, ‘उनी हरेक खेलमा सफलता हात पार्न खेल्छन् ।’

मेसीलाई नजिकबाट चुनौती दिनेमा २७ वर्षे एमबाप्पे देखिएका छन् । उनी फ्रान्सका सर्वाधिक गोलकर्ता हुन् । विश्वकपमा मेसीभन्दा २ गोलले मात्र पछाडि छन् । तर फ्रान्सले इराकमाथि ३-० ले विजय हात पारेको खेलमा दुई गोल गरेपछि एमबाप्पेले आफ्नो उद्देश्य मेसीको गोलसंख्या पछ्याउनु नरहेको जनाएका थिए । ‘मेसीले सधैं गोल गर्छन् र गरिरहेका छन्, तर म उनले के गरिरहेका छन्, त्यो हेरिरहेको छैन, म आफ्नो टिमलाई कसरी सहयोग गर्न सकिन्छ त्यो हेरिरहेको छु,’ एमबाप्पेले भनेका थिए । यता हालान्डले नर्वेबाट लगातार १२ खेलमा गोल गर्दै आएका छन् । उनी २५ वर्षका मात्र छन् । उनले नर्वेबाट ५२ खेलमा ५९ गोल गरिसकेका छन् ।

उज्वेकिस्तानविरुद्ध दुई गोल गरेपछि रोनाल्डोले पोर्चुगलका लागि व्यक्तिगत गोलसंख्या १ सय ४५ गोल पुर्‍याएका छन् । २०१८ को विश्वकपमा ६ गोल गर्दै गोल्डेन बुट जितेका ह्यारी केनले यस विश्वकपमा क्रोएसियाविरुद्धको पहिलो खेलमा २ गोल गरेका थिए ।



# दोस्रो चरण सकिँदा ६ उत्कृष्ट मोड

## विश्वकप २०२६ को लिग चरणमा सबैले समान दुई खेल खेल्दा सम्भवतः यी मोडहरू उत्कृष्ट हुन सक्छन्


विश्वकपमा दोस्रो जित हात पारेपछि नर्वेका खेलाडीको खुसी मनाउने शैली । तस्बिर : एपी

मियामी (रोयटर्स)- विश्वकप २०२६ को सनसनीमा पोर्चुगल स्टार क्रिस्टियानो रोनाल्डो पनि जोडिएका छन् । त्यसअघि अर्जेन्टिनी लियोनल मेसीले गोलको नयाा कीर्तिमान बनाएर सबै ख्याति आफैंले मात्र कमाउने छ्याट देखाएका थिए । यसबीच इरानले पनि आफ्नो मजबुत संघर्ष गर्न सक्ने क्षमता देखाएको छ अनि टर्की जत्तिको टिम साह्रै नमज्जासाग प्रतियोगिताबाट बाहिरिएको छ । विश्वकप २०२६ को लिग चरणमा प्रत्येक टिमले समान दुई खेल खेल्दा ती सबै कुनै नाटकभन्दा कम रहेन । सम्भवतः यी ६ मोडलाई उत्कृष्ट मान्न सकिनेछ ।

### रोनाल्डोको पुनरागमन

यस विश्वकपमा अपेक्षा गरिएका प्रमुख केही स्टार सुरुआतमै चम्किए । अरू ठूला स्टारले आफ्नो उत्कृष्ट प्रदर्शन गरेकै बेला क्रिस्टियानो रोनाल्डोको प्रदर्शन चुपचाप जस्तै रह्यो । तर प्रतियोगितामा पुनरागमन रच्न ४१ वर्षीय खेलाडीका लागि उज्वेकिस्तानको एक खेल पर्याप्त रह्यो । उनले त्यस खेलमा दुई गोल पनि गरेर आफूमा अझै केही क्षमता छ भन्ने देखाए ।

### मेसीले जोगाएर राखेको लय

लियोनल मेसीले बुधबार नै आफ्नो ३९ औं जन्मदिन मनाउने छन् । उनका लागि यो त अंकको एउटा खेल मात्रै हुन सक्छ, किनभने सायद आधुनिक फुटबलका महान खेलाडीमध्ये सबैभन्दा अगाडि आउने मेसीले यसपल्टको विश्वकपकै लागि भने आफ्नो उत्कृष्ट लय जोगाएर राखे जस्तै देखिएको छ । उनले दुई खेलमा गरेको ५ गोलले सबथोक बयान गरिरहेको छ ।

### होडमा एमबाप्पे र हालान्ड

लिग चरणको दोस्रो खेलक्रममा अर्जेन्टिना मात्र होइन, फ्रान्स र नर्वेको खेल पनि एकै दिन जुरेको थियो । यस क्रममा मेसीमात्र लयमा देखिएनन् फ्रान्सका लागि केलियन एमबाप्पे र नर्वेका लागि इर्लिङ हालान्ड पनि चम्किए । मेसीले सुरु गरेको सनसनीलाई एमबाप्पेले अगाडि बढाए अनि हालान्डले त्यसलाई नयाँ उचाइ दिए । अबको दिनमा मेसी र रोनाल्डोपछि आफ्नो उत्कृष्टता देखाउने यिनै एमबाप्पे र हालान्ड नै त हुन् ।

### नर्वेको लोभलाग्दो खुसी मनाउने शैली

नर्वे ३२ वर्षपछि पहिलो पटक विश्वकपमा खेलिरहेको छ र यसक्रम नकआउट चरणमा प्रवेश निश्चित भएपछि टोलीले मनाएको खुसीयालीले पनि सबैको नजर आकर्षित गरेको छ । नर्वेले लगातार दोस्रो जित हात पारेपछि कप्तान मार्टिन ओडेगार्डले ड्रम बजाए अनि अन्य साथी खेलाडीले डुंगा खियाएको नक्कल गरे । तिनका समर्थक मात्र के कम र ? दर्शकदीर्घाबाट पनि उनीहरूले यसरी नै लोभलाग्दो खुसीयाली मनाए ।

### भ्यानकोभरमा छताछुल्ल इजिप्टको खुसी

विश्वास नहुन सक्छ, विश्वकपमा एउटा जितका लागि इजिप्टले ९२ वर्ष कुर्नुपरेको थियो । जतिबेला इजिप्टले पहिलो ऐतिहासिक पहिलो जितका लागि न्युजिल्यान्डलाई हरायो । तिनका खेलाडीको खुसी हेरिनसक्नु रह्यो । यसक्रममा खेलाडीले भ्यान्कोभरको सडक-सडकमै समर्थकसँग खुसी साटे । यसबीच सबैको मन चोर्न सफल खेलाडी रहे, मोहम्मद सलाह । उनी सबैको आकर्षणको केन्द्रमा रहेका थिए ।

# न्यु डायमन्ड यू-१९ भलिबल च्याम्पियन

काठमाडौं (कास)- टिपटप न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले मदन भण्डारी कप यू-१९ विद्यालयस्तरीय बागमती प्रदेश छात्रा भलिबलको उपाधि जितेको छ । बुधबार फाइनलमा न्यु डायमन्डले न्यु डायमन्ड एकेडेमीलाई २५-१६, २५-९, २५-१० को सोझो सेटमा हरायो । मदन भण्डारी स्पोर्ट्स एकेडेमीद्वारा आयोजित प्रतियोगितामा गणेश हिमाल तेस्रो भयो ।

न्यु डायमन्डकी निशा महर उत्कृष्ट खेलाडी भइन् । जेनिशा विश्वकर्मा स्पाइकर, सलिना गुरुङ ब्लकर, कुमार राई प्रशिक्षक, गृष्मा गुरुङ डिफेन्डर, नम्सार राना सेटर र एलिशा श्रेष्ठ सर्भरमा उत्कृष्ट चुनिएका थिए ।




# बागमती प्रदेश खेलकुदमा काठमाडौंलाई ५१ स्वर्ण

प्रताप विष्ट ((हेटौंडा)

तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा काठमाडौं सर्वाधिक ५१ स्वर्ण, ३८ रजत र ४२ कांस्य पदक जित्दै च्याम्पियन बनेको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा भएको प्रतियोगितामा ललितपुरले पनि काठमाडौं जत्तिकै कुल १३१ पदक जिते पनि स्वर्ण कम हुँदा दोस्रो स्थानमा सीमित भयो । ललितपुरले ४६ स्वर्ण, ४१ रजत र ४४ कास्य जितेको छ । चितवन ३० स्वर्ण, २८ रजत र २७ कांस्यसहित तेस्रो भयो । प्रथम, द्वितीय र तृतीय हुने जिल्लाले क्रमशः १ लाख, ७५ हजार र ५० हजारसहित ट्रफी पाए ।

पुरुषतर्फ फुटबलमा चितवन र महिलातर्फ काठमाडौं च्याम्पियन बन्यो । हेटौंडा-५ स्थित पिप्ले रंगशालामा महिलातर्फ फाइनलमा काठमाडौंले चितवनलाई १-० गोलले पराजित गऱ्यो । काठमाडौंकी मनीषा आले मगर उत्कृष्ट खेलाडी घोषित भइन् । उनले २० हजार प्राप्त गरिन् । हेटौंडाको गौरीटार रंगशालामा पुरुषतर्फ फाइनलमा चितवनले मकवानपुरलाई टाइब्रेकरमा हरायो । मकवानपुरका अभिषेक झ्लोन उत्कृष्ट खेलाडी घोषित भए । काभ्रेपलाञ्चोक २२ स्वर्ण, १८ रजत र १८ कांस्यसहित चौथो स्थानमा रह्यो । भक्तपुरले १७ स्वर्ण, २२ रजत र ३६ कांस्य, मकवानपुरले ११ स्वर्ण, १० रजत र ३२ कांस्य, सिन्धुपाल्चोकले १० स्वर्ण, ११ रजत र १० कांस्य, नुवाकोटले ९ स्वर्ण, १३ रजत र २० कांस्य पदक जितेको थियो ।

धादिङले ९ स्वर्ण, १० रजत र २१ कांस्य पदक जित्यो । रामेछापले ८ स्वर्ण, ३ रजत र २१ कांस्य, सिन्धुलीले २ स्वर्ण, ११ रजत र २२ कांस्य, रसुवाले २ स्वर्ण, ७ रजत र ४ कांस्य तथा दोलखाले १ स्वर्ण, ३ रजत र १४ कांस्य पदक जितेका छन् । प्रतियोगितामा बागमती प्रदेशका १३ जिल्लाको सहभागिता थियो । १५ खेलमा २१७ स्वर्णका लागि १५ सय १५ पुरुष र ११ सय ९२ महिला खेलाडी प्रतिस्पर्धी थिए ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी